कात्तिक – १

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क १३ | २०७५, कात्तिक १-१५ | पूर्णाङ्क ६३१

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत	**- अध्यक्ष**
मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय	**- सदस्य**
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	**- सदस्य**
वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री रामप्रसाद पौडेल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मन्दिरा शाही
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

पूर्ण इजलास	१	इजलास नं. १०	६
संयुक्त इजलास	१२	इजलास नं. ११	८
इजलास नं. १	२	इजलास नं. १२	५
इजलास नं. २	४	इजलास नं. १३	१
इजलास नं. ३	७	इजलास नं. १४	४
इजलास नं. ४	३	इजलास नं. १५	२
इजलास नं. ५	६	इजलास नं. १६	१
इजलास नं. ६	४	इजलास नं. १७	२
इजलास नं. ७	१२	इजलास नं. १८	५
इजलास नं. ८	८	एकल इजलास	२
इजलास नं. ९	४	जम्मा	३६
जम्मा	६३		

कूल जम्मा ६३ + ३६ = ९९

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७५, कात्तिक – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

Toll Free Number

१६६०–०१–३३३–५५

वा

इमेल ठेगाना

cjs@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.२०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
पूर्ण इजलास			**१**
१.	उत्प्रेषण / परमादेश	डा. रामदेव यादवसमेत वि. लोक सेवा आयोग, के.का. अनामनगर काठमाडौंसमेत	
संयुक्त इजलास			**१ - ९**
२.	उत्प्रेषण	सत्यनारायण दायमा वि. ऋण असुली न्यायाधिकरण कमलपोखरी काठमाडौंसमेत	
३.	उत्प्रेषण / परमादेश	विन्देश्वरीप्रसाद बर्मा वि. द टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेड, बबरमहल काठमाडौंसमेत	
४.	मानव बेचबिखन ओसारपसार	नेपाल सरकार वि. ज्ञानबहादुर कटुवाल	
५.	कर्तव्य ज्यान (साधक)	नेपाल सरकार वि. माइला भन्ने मोहन भुजेल	
६.	भ्रष्टाचार (रकम हिनामिना)	नेपाल सरकार वि. श्याम सुन्दर सिंह	
७.	भ्रष्टाचार (रकम हिनामिना)	नेपाल सरकार वि. निर्मलाकुमारी साहसमेत	
८.	उत्प्रेषण	पुगेन्जेन शेर्पा वि. पुनरावेदन अदालत, पाटनसमेत	
९.	उत्प्रेषण / परमादेश	शिवकुमार बस्नेत वि. पुनरावेदन अदालत, पाटनसमेत	
१०.	नक्कली प्रमाण पत्र पेस गरी भ्रष्टाचार	भरतकुमारी कोइराला वि. नेपाल सरकार	
११.	कर्तव्य ज्यान	कुलबहादुर राईसमेत वि. नेपाल सरकार	
१२.	भ्रष्टाचार	नेपाल सरकार वि. मुन्ना चौधरीसमेत	
इजलास नं. १			**९ - ११**
१३.	नकवजनी चोरी	नेपाल सरकार वि. प्रमोदप्रसाद कलवारसमेत	
१४.	लागु औषध (सेतो हेरोइन)	नेपाल सरकार वि. गणेशबहादुर स्याङताङ	
इजलास नं. २			**१२ - १५**
१५.	मानव बेचबिखन तथा ओसार पसार	राजकुमार साह वि. नेपाल सरकार	
१६.	जबरजस्ती करणी	हरिकुमार श्रेष्ठ वि. नेपाल सरकार	
१७.	कर्तव्य ज्यान	सुभाष लामा वि. नेपाल सरकार	
१८.	कर्तव्य ज्यान र जबरजस्ती चोरी	रोहित शाहीसमेत वि. नेपाल सरकार	
इजलास नं. ३			**१५ - २०**
१९.	डाँका	नेपाल सरकार वि. टिकाबहादुर थापामगरसमेत	
२०.	परमादेश	मन्जु तामाङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	
२१.	करकाप	तिजु चाई वि. श्यामनारायण गडेरियासमेत	

२२.	अवैध रक्तचन्दन काठ ओसारपसार	अनिलकुमार शर्मा वि. नेपाल सरकार
२३.	लागु औषध ब्राउन सुगर	नेपाल सरकार वि. मनिष धोवी
२४.	लिखत दर्ता बदर दर्ता	मलकिनी देवी वि. मोहित महतो कोइरीसमेत
इजलास नं. ४		**२० - २२**
२५.	उत्प्रेषण	राजकृष्ण श्रेष्ठसमेत वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौंसमेत
२६.	कर्तव्य ज्यान	हरिशराम वि.क. (कामी) वि. नेपाल सरकार
२७.	कर्तव्य ज्यान	कालु सिंह नायक (नेगी) वि. नेपाल सरकार
इजलास नं. ५		**२२ - २६**
२८.	कर्तव्य ज्यान	सन्तमाया शेर्पा वि. नेपाल सरकार
२९.	लिखत बदर	बिसुराम महरा वि. डिलमाया डाँगी महरा
३०.	कर्तव्य ज्यान	चन्द्रकुमारी अर्याल वि. नेपाल सरकार
३१.	जबरजस्ती करणी	शोभित लम्साल वि. नेपाल सरकार
३२.	घुस रिसवत लिई भ्रष्टाचार गरेको	कृष्णप्रसाद पनेरू वि. नेपाल सरकार
इजलास नं. ६		**२६ - २९**
३३.	गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको	सरस्वती ढुंगानासमेत वि. नेपाल सरकार
३४.	अंशबन्डा लिखत बदर	सुरेन्द्रकुमार चौधरी वि. हेमन्तकुमार चौधरीसमेत
३५.	कर्तव्य ज्यान	सोमवीर राई वि. नेपाल सरकार
३६.	मानव बेचबिखन तथा ओसारपसार	मीना बयलकोटी (परियार) वि. नेपाल सरकार
इजलास नं. ७		**३० - ४०**
३७.	अंश चलन	लक्ष्मीदेवी सिंह श्रेष्ठ वि. राम मानन्धरसमेत
३८.	विष्फोटक पदार्थ	नेपाल सरकार वि. सन्तोषकुमार बस्नेत
३९.	जबरजस्ती करणी उद्योग	नेपाल सरकार वि. दीपक सिंह ठकुल्ला
४०.	विना इजाजत वन पैदावर हटाई ओसारपसार गरेको	मदनप्रसाद पोखरेलसमेत वि. नेपाल सरकार
४१.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. गिरीलाल गौतमसमेत
४२.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. मैया माक श्रेष्ठ
४३.	ठगी	नेपाल सरकार वि. गिरीबहादुर थापासमेत
४४.	ठगी	नेपाल सरकार वि. गिरीबहादुर थापासमेत
४५.	उत्प्रेषण / परमादेश	सोमबहादुर पन्त वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौंसमेत

४६.	भ्रष्टाचार	नेपाल सरकार वि. बैद्यनाथप्रसाद साहसमेत
४७.	लागु औषध (ब्राउन सुगर)	नेपाल सरकार वि. रूवी गौचनसमेत
४८.	ज्यान मार्ने उद्योग तथा डाँका	रामेश्वर गोतामेसमेत वि. नेपाल सरकार
इजलास नं. ८		**४० - ४४**
४९.	कर्तव्य ज्यान	गुड्डीकुमारी साह वि. नेपाल सरकार
५०.	हक कायम दर्ता	उत्तराकुमारी पाण्डेसमेत वि. भुपेन्द्रराज पाण्डे
५१.	घर हटाई टप भत्काई चलन चलाई सार्वजनिक कुलो कायम गरिपाउँ	महेशप्रसाद कलवार वि. बलिराम साह
५२.	अंश चलन	तजामुल जोलाह वि. नुर मोहम्मद जोलाहसमेत
५३.	कर्तव्य ज्यान	इमान सिंह पुन मगर वि. नेपाल सरकार
इजलास नं. ९		**४४ - ४५**
	जग भत्काई जग्गा सार्वजनिक कायम गरिपाउँ	निरगुन यादव वि. मदन यादव
५४.	जालसाज	राममिलन कहारसमेत वि. सोनवा कहार
५५.	जबरजस्ती करणी	लक्ष्मी महरा चमार वि. नेपाल सरकार

इजलास नं. १०		**४५ - ५१**
५६.	कर्तव्य ज्यान	रिता श्रेष्ठसमेत वि. नेपाल सरकार
५७.	नदीबाट उकास जग्गा दर्ता	मालपोत कार्यालय, उदयपुर वि. मानबहादुर कार्की
५८.	कर्तव्य ज्यान	देवकुमार धमलासमेत वि. नेपाल सरकार
५९.	नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको	नेपाल सरकार वि. गुरूराज थापा
६०.	भ्रष्टाचार (नक्कली प्रमाणपत्र)	ढकबहादुर क्षेत्री वि. नेपाल सरकार
६१.	उत्प्रेषण / परमादेश	देवेन्द्रराज शर्मा वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौंसमेत
इजलास नं. ११		**५१ - ५६**
६२.	बन्डापत्र बदर दर्ता बदर	अजयकुमार गिरी वि. राम औतार राउत कुर्मीसमेत
६३.	जग्गा खिचोला घर उठाई चलन	सुलेमान मियाँ वि. मदिना खातुन
६४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. ओमबहादुर कार्की
६५.	जबरजस्ती करणी	नेपाल सरकार वि. परिवर्तित नाम बि बहादुर
६६.	उत्प्रेषण	धर्मेन्द्रकुमार श्रीवास्तव वि. पुनरावेदन अदालत, हेटौंडासमेत

६७.	उत्प्रेषण / प्रतिषेध	मणिकुमारी तामाङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत	
६८.	लागु औषध खैरो हिरोइन	नेपाल सरकार वि. सुकनारायण यादवसमेत	
इजलास नं. १२			**५६ - ५७**
६९.	कर्तव्य ज्यान	कान्छी तामाङ वि. नेपाल सरकार	
७०.	उत्प्रेषण	प्रकाश अर्यालसमेत वि. राजकिशोर प्रसाद गुप्ता	
७१.	लिखत बदर दर्ता बदर दर्ता	राजेश्वरप्रसाद यादवसमेत वि. अनिलकुमार वर्णवाल	
इजलास नं. १३			**५७ - ५८**
७२.	बन्दी प्रत्यक्षीकरण	सुनिल रंजन सिंह वि. भक्तपुर जिल्ला अदालतसमेत	
इजलास नं. १४			**५८ - ६०**
७३.	लिखत बदर	राजेन्द्रकुमार श्रेष्ठ वि. सुनकेशरी महर्जनसमेत	
७४.	उत्प्रेषण / परमादेश	द्वारिका अधिकारी वि. हेटौंडा सिमेन्ट उद्योग लि., के.का. लामसुरे हेटौंडासमेत	
७५.	कर्तव्य ज्यान	नेपाल सरकार वि. जङ्गबहादुर साह कानूसमेत	
इजलास नं. १५			**६० - ६२**
७६.	पालन पोषण खर्च दिलाई पाऊँ	ओमकार लोनीयासमेत वि. राधेश्याम लोनीयासमेत	
७७.	जालसाजी	माण्डवी देवी लोनिया वि. राधेश्याम लोनियासमेत	
७८.	जबरजस्ती करणी	राजेन्द्र न्यौपाने वि. नेपाल सरकार	
इजलास नं. १६			**६२ - ६३**
७९.	बन्दी प्रत्यक्षीकरण	वीरबहादुर तामाङ वि. सर्वोच्च अदालत, रामशाहपथसमेत	
इजलास नं. १७			**६३ - ६४**
८०.	उत्प्रेषण / परमादेश	लेखनाथ तामाङसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत	
इजलास नं. १८			**६४ - ६७**
८१.	उत्प्रेषण	मिथलेश सिंह वि. गृह मन्त्रालय, सिंहदरबारसमेत	
८२.	गैंडा मारी खाग बिक्री व्यवसाय गरेको	नेपाल सरकार वि. रविकुमार श्रेष्ठ	
८३.	डाँका	नेपाल सरकार वि. सुब्बा मगरसमेत	
८४.	हर हिसाब गराई रकम बुझ्न लगाई रोक्का जग्गा फुकुवा गरिपाउँ	दीपक श्रेष्ठ वि. सन्जुकुमार थापा	
एकल इजलास			**६७ - ६८**
८५.	बन्दी प्रत्यक्षीकरण	अनुपचन्द सेठियासमेत वि. उच्च अदालत, विराटनगरसमेत	
८६.	उत्प्रेषण	मौनेसा खातुनसमेत वि. दुलहनिया देवी अहिरसमेत	

पूर्ण इजलास

मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की, ०७४-WF-००१६, उत्प्रेषण / परमादेश, *डा. रामदेव यादवसमेत वि. लोक सेवा आयोग, के.का. अनामनगर काठमाडौंसमेत*

यस अदालतबाट जारी भएको उत्प्रेषण तथा परमादेशअनुसार लोक सेवा आयोगले उक्त विज्ञापनको नतिजा प्रकाशन गरी अन्तर्वार्ता मितिसमेत निर्धारण गरेपश्चात् प्रस्तुत रिट दायर हुन आएको देखियो । विपक्षीहरू जया सत्यालले दायर गरेको ०७२-WO-०६३८ र प्रदिप के.सी. ले दायर गरेको रिट नं. ०७२-WO-०६३७ मा निवेदकहरूको शैक्षिक योग्यतालाई त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालयले आयुर्वेदमा स्नातकोत्तरसरहको मान्यता प्रदान गरेकोले उक्त विज्ञापित पदको लागि तोकिएअनुसार निजहरूको योग्यता नपुगेको भन्न नमिल्ने भनी उत्प्रेषण तथा परमादेश जारी हुने गरी भएको फैसला अन्तिम भई बसेको देखिने ।

विपक्षीमध्येका जया सत्याल र प्रदिप के.सी. को शैक्षिक उपाधिको विषयमा उठेको विवादको सम्बन्धमा रिट निवेदन खारेज हुने गरी यस अदालतबाट मिति २०७२।१२।१० मा भएको फैसला पुनरावलोकन गरिपाउँ भनी यी विपक्षीहरू जया सत्याल र प्रदिप के.सी. ले दायर गरेको निवेदनमा मुद्दा पुनरावलोकन गरी हेर्ने अनुमति प्रदान भई यसैसाथ पेस भएका यसै लगाउका रिट नं. ०७३-NF-००४५ र ०७३-NF-००४६ मा निवेदकहरूले प्राप्त गरेको शैक्षिक उपाधिलाई त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालय र त्रि.वि. पाठ्यक्रम विकास केन्द्रले समकक्षता प्रदान गरी मान्यता दिएको देखिएको आधारमा निजहरूको योग्यता पुगेको देखिएको भनी निवेदन मागबमोजिम विज्ञापित पदमा निजहरूको दरखास्त लिई परीक्षा तथा सोसम्बन्धी प्रक्रियामा सहभागी गराउनु भनी विपक्षी लोक सेवा आयोगका नाममा उत्प्रेषण परमादेश जारी भएको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिम उत्प्रेषण परमादेश जारी हुने अवस्था देखिन नआउने ।

अतः उल्लिखित आधार कारण एवं यसै लगाउका रिट नं. ०७३-NF-००४५ र ०७३-NF-००४६ का रिट निवेदनमा आज यसै इजलासबाट विपक्षीका नाममा उत्प्रेषण परमादेश जारी भएको हुँदा प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिम उत्प्रेषण परमादेश जारी हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७५ साल साउन ३१ गते रोज ५ शुभम् ।

संयुक्त इजलास

१

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६७-WO-००३१, उत्प्रेषण, *सत्यनारायण दायमा वि.* ऋण असुली न्यायाधिकरण कमलपोखरी काठमाडौ*समेत*

एउटा आधिकारिक निकायबाट कानूनसम्मत निर्णय भई सो निर्णयपछि ऋण तिर्न आउने सूचना गोरखापत्रमा जारी भएपश्चात् मात्र आफूले प्रतिवाद नगरी म्याद गुजारेको मुद्दामा भएको निर्णयलाई पुनरावेदनजस्तो गरी मिति २०६६।११।५ मा मात्र जानकारी पाएको भनी विपक्षीले प्रस्तुत निवेदन उक्त ऋण असुली न्यायाधिकरणको मिति २०६६।६।२० मा भएको फैसलाको जानकारी पाएको भनी उजुर गर्न आएको देखिने ।

वस्तुतः कानूनसम्मत (Statutory Provision) बाट निर्णय भएको कुरामा रिट क्षेत्र आकर्षित हुँदैन । त्यस्तै आधिकारिक निकायमा भएको कारबाही र निर्णय जो कायम छ त्यसलाई रिट निवेदनद्वारा बदर गर्न पनि नमिल्ने ।

ब्याज मिनाहा अधिकार नभई सुविधा

मात्र रहेको देखिन्छ । ब्याज मिनाहा ऋणिले माग्दैमा मिनाहा पाउनैपर्छ भनी अर्थ गर्न मिल्दैन । ऋण असुली न्यायाधिकरणबाट बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ बमोजिम ऋण असुली न्यायाधिकरणले कायम गरेको न्यूनतम् मूल्य घरजग्गाको न्यूनतम् मूल्य रू.६१,८५,२४४।- कायम गरेकोमा मिति २०६६।४।६ मा रू.६२,०१,०००।- को सिलबन्दी बोलपत्र परेको देखिँदा न्यूनतम् मूल्यभन्दा बढी नै मूल्यमा धितो सम्पत्ति लिलाम गरेको देखिने ।

अतः विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट अधिकार प्राप्त अधिकारी, ऋण असुली न्यायाधिकरण र ऋण असुली अधिकृतले ऋण असुली ऐन, नियम र सार्वजनिक खरिद ऐनअनुसारको प्रक्रिया पूरा गरी लिलाम बिक्री गरी हक हस्तान्तरणको कार्य गरेको देखिँदा मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिई रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल कात्तिक २ गते रोज ३ शुभम् ।

२

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६५-WO-०४४०, उत्प्रेषण / परमादेश, *विन्देश्वरीप्रसाद बर्मा वि. द टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेड, बबरमहल काठमाडौंसमेत*

निवेदकले आफूलाई सेवाबाट बरखास्त गर्ने गरी महाप्रबन्धकबाट भएको निर्णय गैरकानूनी भएको भनी जिकिर लिएको देखिए तापनि महाप्रबन्धकलाई सो निर्णय गर्ने अधिकार नभएको भनी दाबी लिन सकेको देखिँदैन । द टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेड कर्मचारी सेवा सर्त नियमावली, २०५२ को नियम १३६ अनुसारको सजाय गर्ने अधिकार नियम १३९ (१) मा समितिको स्वीकृति लिएर कार्यकारी प्रमुखले गर्ने भन्ने कानूनी व्यवस्था रहेको र यी रिट निवेदकलाई महाप्रबन्धकले समितिको स्वीकृति लिएर सजाय गरेको भन्ने महाप्रबन्धकको निर्णयमा उल्लेख भएको देखिएबाट विना स्वीकृति कारबाही गरेको भन्न सकिने अवस्था नदेखिने ।

द टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेड नेपालगञ्ज कार्यालयअन्तर्गत खजुरा डिपोबाट काठमाडौं ज्ञानेश्वर डिपोमा बुझाउने गरी सिपमेन्ट गरिएको ४ ट्रिप चिरान काठ चलानी गरिएकोमा सोमध्ये १ ट्रिप काठ हिनामिना गरेको भन्ने अभियोगमा उक्त खजुरा डिपोका तत्कालीन डिपो प्रमुख यी रिट निवेदकलाई सफाइ पेस गर्ने भनी मिति २०५५।११।२० मा स्पष्टीकरण सोधिएको र सोबमोजिम पेस भएको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले तपाइँलाई कर्मचारी सेवा सर्त नियमावली, २०५२ को नियम १३६(ख) बमोजिम सजाय किन नगर्ने भनी सजाय प्रस्ताव गरी मिति २०५६।१।३१ मा पुनः स्पष्टीकरण सोधी निजलाई भविष्यमा द टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेडको सेवामा अयोग्य ठहरिने गरी बरखास्त गरिएको देखिएको र प्रयाप्त सुनुवाइको मौका प्रदान गरी निजले पेस गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएको भनी सुनुवाइको मौका नदिई कारबाही गरिएको देखिँदा कारबाही गर्दा कार्यविधिगत त्रुटि भएकोसमेत नदेखिने ।

निवेदक काठ सिपमेन्ट गरिएको कार्यालयको कार्यालय प्रमुख रहेको र चलानी भएअनुसारको काठ सम्बन्धित डिपोमा दाखिला नभएको अवस्थामा सो काठको खोजतलास गर्नुपर्ने दायित्व कार्यालय प्रमुखको भएकोमा काठ बेपत्ता भएको अवस्थामा आफ्नो दायित्व पूरा गरेको देखिएन । यसरी आफ्नो पदीय दायित्व पूरा नगरेको र काठ हिनामिनामा निजको मिलेमतो रहेको भन्ने आधारमा भएको निर्णयमा कानूनी त्रुटि रहेको नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था देखिन नआउने ।

अतः उल्लिखित तथ्यका आधारमा निवेदकलाई भविष्यमा द टिम्बर कर्पोरेसनको सेवामा अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गर्ने गरी कर्पोरेसनको महाप्रबन्धकबाट भएको मिति २०५६।२।३० को निर्णय र सो निर्णयलाई सदर गर्ने

गरी सञ्चालक समितिबाट मिति २०६४।१२।११ मा भएको निर्णय त्रुटिपूर्ण नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषण परमादेश जारी हुने अवस्थाको विद्यमानता देखिएन रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल मङ्सिर २२ गते रोज ४ शुभम्।

३

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७१-CR-१४१५, मानव बेचबिखन ओसारपसार, *नेपाल सरकार वि. ज्ञानबहादुर कटुवाल*

पीडितलाई ओसारपसार तथा बिक्री वितरण गर्ने कसुरमा प्रतिवादी अदालतमा पूर्णरूपमा इन्कार रहेका जाहेरवालाले अदालतमा बकपत्र गर्दा मिति २०७० साल माघ २६ गते भाइको छोराको व्रतबन्ध भएकोले म त्यसतर्फ गएको थिएँ। छोरी पनि सँगै गएकी थिई। २७ गते फर्की आउँदा फोन गर्दै आएकीले कसलाई फोन गर्छेस् एस.एल.सी. परीक्षा आउन लाग्यो पढ्नु पर्दैन ? भनी कराउँदै मोबाइल खोसेर राखिदिएँ। सोही रिसले एकछिनपछि घरबाट निस्किएर हिँडी, वास्तविक कुरा बुझ्दा अभियोग दाबीबमोजिम कसुर गरेजस्तो लाग्दैन भनी छोरीलाई गाली गरेर मोबाइल खोसेको कारण हिँडेकी हो भन्ने कुरा नै उल्लेख गरी बकपत्र गरेका र पीडित रीता क्षेत्रीले अदालतमा बकपत्र गर्दा राति १२ बजे देउराली बजार पुगेर ज्ञानबहादुर कटुवाललाई भेटे। यति राति किन कहाँ हिँडेकी भनेर काकाले सोद्धा घरमा भएको झैझगडाको बारे भनेपछि राति नजाउ घरतिर जानु भन्नुभयो। म झापा काकाको घरमा नै जाने भनेर गएँ ज्ञानबहादुरको बहिनी मलाई लिन आउनु भयो। पछि काका गंगाराम कार्की लिन आउनु भयो। त्यसको भोलिपल्ट घरबाट बुबा लिन आउनु भयो र किन यसरी हिँडेकी भनेपछि मैले मेरो चित्त दुख्यो अनि घरबाट हिँडे भनेँ मलाई ज्ञानबहादुर कटुवालले बेचबिखन गर्न लागेको होइन। म आफूखुसी नै झापा काकाको घरमा जान भनी उहाँसँग गएकी हुँ भनी स्वयम् पीडितले अदालतसमक्ष स्वतन्त्र रूपमा गरेको बकपत्रबाट पीडितलाई प्रतिवादीले ओसारपसार तथा बिक्री वितरण गर्ने उद्देश्यले लगेको हो भन्ने मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन सकेको नदेखिँदा कसुर ठहर गरिनु पर्दछ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ जाहेरवाला पीडित भनिएकी व्यक्ति, मौकामा कागज गर्नेलगायतका सम्पूर्ण व्यक्तिहरू अदालतमा उपस्थित भई प्रतिवादीले कुनै कसुर अपराध गरेको छैन भनी गरेको बकपत्र, प्रतिवादीको अदालतसमक्षको बयानसमेतका मिसिल संलग्न प्रमाण कागजका आधारमा पुनरावेदक प्रतिवादी ज्ञानबहादुर कटुवाललाई अभियोग दाबीबाट सफाइ दिनु पर्नेमा कसुर ठहर गर्ने गरेको सुरू पाँचथर जिल्ला अदालतको मिति २०७१।३।४ को फैसला उल्टी भई प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट मिति २०७१।८।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।

४

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७२-RC-०१४२, कर्तव्य ज्यान (साधक), *नेपाल सरकार वि. माइला भन्ने मोहन भुजेल*

प्रतिवादी मोहन भुजेलले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा नियतवश मारेको होइन। निजको चरित्र सुधार गर्न सचेत गराउन खोज्दा मृत्यु भएको भनी बयान गरेको र निजको सो बयान बेहोरालाई जाहेरी दरखास्त र मौकामा कागज गर्ने मानिसले अदालतमा बकपत्र गरी पुष्टि गरिदिएको समेतका आधार प्रमाणबाट यी प्रतिवादी माइला भन्ने मोहन भुजेलले अभियोग दाबीबमोजिम कसुर गरेको ठहऱ्याई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भएको सुरू तनहुँ जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, पोखराबाट भएको फैसला

मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादीको बयान तथा मिसिल संलग्न तथ्यबाट मृतक माया भुजेलको चरित्रमाथि शङ्का गरी मृतक र प्रतिवादीबीचमा पटकपटक झगडा हुने गरेको देखिए पनि निजलाई मार्नु पर्नेसम्मको अन्य कारण नदेखिएको तथा निजहरूबीचमा ४/५ वर्षअगाडि मात्र प्रेम सम्बन्ध भई विवाह भएको देखिन्छ । प्रतिवादीले आफ्नी श्रीमतीलाई मार्नु पर्ने अन्य कारण मिसिलबाट खुल्न सकेको देखिँदैन । मृतकको चरित्रका कारण निजलाई मारेको भनी प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दासमेत स्वीकार गरी अनुसन्धान तथा न्यायिक प्रक्रियामा सहजता प्रदान गरेको तथा श्रीमतीलाई मार्नु पर्ने कुनै रिसइवी तथा पूर्वयोजना रहेको भन्ने पुष्टि हुन सकेको नदेखिएको र अपराध गर्दाको अवस्थासमेतलाई विचार गर्दा यी प्रतिवादी माइला भन्ने मोहन भुजेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा अ.बं. १८८ नं. बमोजिम निजलाई १० वर्ष कैद सजाय गर्दा न्यायको मक्सद पूरा हुने देखिन आउने ।

अतः उल्लिखित तथ्य एवं आधारमा प्रतिवादी माइला भन्ने मोहन भुजेलले अभियोग दाबीअनुसारको कसुर गरेकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सोबमोजिम सजाय गर्दा चर्को पर्न जाने भनी अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरी १० वर्ष कैदको सजाय हुन मनासिब देखिएको भनी सुरू तनहुँ जिल्ला अदालतबाट प्रस्ताव गरिएको राय सदर गर्ने गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०७२।५।२ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल मङ्सिर २२ गते रोज ४ शुभम् ।

५

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७२-CR-१६२१, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. श्याम सुन्दर सिंह*

प्रतिवादीले स्थानीय स्वायत शासन ऐनअन्तर्गत नै उपभोक्ता समिति गठन भएको, खर्च भएको रकम लेखापरीक्षण भएको, विकास निर्माणको स्टिमेटमा इन्जिनियरसमेतले सही गरेको अवस्था भएको, खर्च हुन नसकेको रकम रू.१०,५७,०००।- रू.३५,०००।- तथा रू.६५,०००।- समेत बैंकमा जम्मा गरेको देखियो । साथै खर्च भएको भनी देखाइएको बजेटअनुसारको निर्माण कार्य भए नभएको नै हेर्नुपर्नेमा मिसिल संलग्न कागज प्रमाणबाट खर्चको हिसाबअनुसारको कार्य नभएको भन्ने पनि देखिँदैन । जिल्ला विकास समितिमार्फत प्राप्त उल्लिखित बजेट गाउँ परिषद्बाट पारित भई विभिन्न शीर्षकमा खर्च भएको मिसिल संलग्न प्रमाण कागजातबाट देखिँदा रकम हिनामिना भएको भन्ने कहीँकतै प्रमाण कागजातबाट नदेखिने ।

कुनै पनि व्यक्तिलाई भ्रष्टाचारको कसुरअन्तर्गत सजाय गर्नको लागि भ्रष्टाचार गरेको हो भन्ने विवादरहित तरिकाले पुष्टि हुनु पर्दछ । जहाँसम्म बदनियतपूर्वक काम कारबाही भएको हो भन्ने तथ्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुँदैन तबसम्म भ्रष्टाचारको कसुरअन्तर्गत सजायभागी बन्नु नपर्ने ।

प्रतिवादी श्याम शुन्दर सिंहले अनुसन्धानको क्रममा र विशेष अदालतमा गरेको बयान बेहोरा, गाउँपरिषद्बाट दाबीका आ.व.हरूको आय व्यय स्वीकृत भएको बैठक पुस्तिका (minute) बाट देखिएको बेहोरा, अनुसन्धानको क्रममा संकलन भई पेस भएका लेखा परीक्षणसमेतका कागजातहरू र जिल्ला विकास समिति महोत्तरीले मिति २०७१।१०।२२ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सम्बोधन गरी लेखेको पत्र तथा सोही कार्यालयले मिति २०७१।८।८ मा च.नं.१४ बाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई लेखेको पत्रसाथ संलग्न कागजातहरूबाट समर्थित हुन आएको देखियो । यी प्रतिवादीले बैंकको खातामा रकम जम्मासमेत गरिसकेको अवस्थामा केही सामान्य

प्रक्रियाको कुरा नमिलेको भन्ने आधारमा मात्र गा.वि.स.मा प्राप्त बजेट हिनामिना गरेको भन्ने नदेखिँदा आरोपित मागदाबीबाट सफाइ पाउने गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसला मिलेकै देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी श्याम सुन्दर सिंहले अभियोग मागदाबीको रकम बदनियत राखी हिनामिना गरी हानि नोक्सानी गरेको भन्ने नदेखिई कार्यविधिगत सामान्य प्रक्रिया नपुऱ्याएको भन्नेसम्मको आधारबाट मात्र यी प्रतिवादीलाई कसुरदार ठहराउन मिल्ने अवस्था नभएकोले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७२।९।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ठगिन्द्र कट्टेल / कोशलेश्वर झवाली

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम् ।

६

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७२-CR-१६५९, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. निर्मलाकुमारी साहसमेत*

वादी नेपाल सरकारको आरोपपत्रमा प्रतिवादीहरूले अनियमित तवरले खर्च गरी रकम हिनामिना गरी भ्रष्टाचार गरेको भनिएको बिगो रकम रू.६,११,८९६।- लाई उक्त विद्यालयको नाममा रकम निकासा दिने तथा नियमन गर्ने निकाय जिल्ला शिक्षा कार्यालय महोत्तरीले बेरूजु रकम मानी बेरूजु रकम दाखिल गर्न विद्यालयलाई पत्राचार गरी विद्यालयको तर्फबाट बेरूजु रकम भनी जिल्ला शिक्षा कार्यालयको बेरूजु रकम दाखिला खातामा जम्मा भएको र सो दाखिला भएको रकमलाई जिल्ला शिक्षा कार्यालय महोत्तरीबाट पनि बेरूजु रकम दाखिला जम्मा भएको स्वीकार गरी मिति २०७१।१२।१० मा पत्राचारसमेत भएको देखियो । उल्लिखित दाबीको रकम हानि नोक्सानी हिनामिना गरी भ्रष्टाचार गरेको नभई प्रक्रियाअनुरूपको बेरूजु रकम भएको र बेरूजु असुल फछ्र्यौट प्रक्रियाबाट फछ्र्यौट हुन आएको बेरूजु रकम देखिने ।

जिल्ला शिक्षा कार्यालय जलेश्वर महोत्तरीको मिति २०७१।१२।१० को च.नं.२२५३ को पत्रबाट दाबीको रा.प्रा.वि. सम्सी-६ को विद्यालयबाट बेरूजु रकम रू.६,११,८९६।- दाखिला गरेको भन्ने बेहोरा देखिएकाले र मिति २०७१।१२।९ मा राजश्व शीर्षक नं.१५११२ मा सो विद्यालयको नामबाट बेरूजु दाखिला भनी सो रकम दाखिलाको रा.बा.बैक जलेश्वरको भौचरसमेत प्राप्त भएको देखिँदा प्रतिवादीहरूले कसुर गरेको मान्न मिल्ने नदेखिँदा आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट भएको फैसला मिलेकै देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: उल्लिखित विवेचित आधार कारण र प्रमाणसमेतबाट प्रतिवादीहरूले कसुर गरेको मान्न मिल्नेसमेतको स्पष्ट आधार नदेखिएकोले प्रतिवादीहरू निर्मलाकुमारी साह, रामनारायण साह र दिनेशकुमार यादवसमेतले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७२।३।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : ठगिन्द्र कट्टेल / कोशलेश्वर झवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम् ।

७

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपककुमार कार्की, ०६७-WO-०३४८, उत्प्रेषण, *पुगेन्जेन शेर्पा वि. पुनरावेदन अदालत, पाटनसमेत*

प्रगन्ना कुलो सिंचाई आयोजना, दाङले आह्वान गरेको बोलपत्रको बेहोरा हेर्दा BID Document मा Condition of Contract को Annex 1 मा “The quarry site of the construction material such as boulders concrete aggregates, filter gravel and sand can be the best source from Masot and Ganaha river bed

about 10km. (in average) from the project area" भन्ने उल्लेख भएको देखिन्छ । सामान्यतः निर्माण सामग्री जुटाउने दायित्व ठेकेदार कम्पनीको हुन्छ । BID Document मा लेखिएको उल्लिखित व्यवस्थाबाट पनि ठेकेदार आफ्नो दायित्वबाट मुक्त छ भन्न सकिने अवस्था नदेखिने ।

पक्षहरूका बीचमा भएको Condition of contract को दफा १४.१ मा "The contractor in preparing the Bid shall rely on any site investigation reports referred to in the contract data, supplemented by any information available to the bidder. In accordance with the instructions to the bidder, contractors must made their own arrangements to verify the availability and suitability of construction materials when preparing their bids." भन्ने उल्लेख भएबाट पनि ठेकेदारले बोलपत्र पेस गर्नुपूर्व नै आफूले यथार्थ सूचना प्राप्त गरेको हो होइन भनी यकिन गर्नुपर्ने र सोपश्चात् मात्र बोलपत्र पेस गर्नुपर्ने दायित्व ठेकेदार कम्पनीको भएको देखिन्छ । यसरी बोलपत्रमा नै निर्माण सामग्रीको ढुवानी तथा ग्रावेल, बालुवा तथा बोल्डरलगायतका निर्माण समाग्रीहरू पाइने ठाउँको विषयमा स्पष्ट उल्लेख भएकोमा सोबमोजिम ठेकेदार कम्पनीले सोविपरीत नहर निर्माणको चरणमा वा निर्माण कार्य सम्पन्न भइसकेपश्चात् आएर निर्माण सामग्री तोकिएको दुरीभन्दा टाढाबाट ढुवानी गर्नु परेकोले Extra Haulage बापत थप रकम दाबी गर्नु सम्झौताविपरीत रहेको देखिने ।

नहर निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री वोल्डर, बालुवा तथा ग्रावेललगायतका सामाग्रीहरू पाइने र ढुवानी गर्नुपर्ने अनुमानित दुरी बोलपत्रमा नै उल्लेख भएको देखिएको र दुई पक्षबीच भएको Condition of contract को दफा १४.१ मा समेत सो कुरा स्पष्टसँग उल्लेख भएको देखिएको अवस्थामा तोकिएको निर्धारित दुरीभन्दा टाढाबाट उक्त सामग्रीहरू ढुवानी गर्नु परेको भनी दाबी गर्नु नै सम्झौताविपरीत देखिएको र यसरी सम्झौताविपरीतको दाबीमा समेत दाबीअनुसारको थप रकम आयोजनाबाट ठेकेदार कम्पनीले भुक्तानी पाउने गरी मध्यस्थबाट भएको निर्णय आफूलाई सुम्पिएको क्षेत्रभन्दा बाहिर भएको वा सर्तविपरीत भएकोले सो शीर्षकमा गरिएको दाबीको हकमा मध्यस्थको निर्णय बदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको निर्णय मध्यस्थ ऐन, २०५५ को दफा ३०(२) को (ग) र (घ) को कानूनी व्यवस्थाको प्रतिकूल भएको भन्ने देखिन नआउने ।

पक्षहरूबीचमा भएको करारको सर्त नं. ३८.१ मा आयोजना म्यानेजरले कुनै Item मा २५ प्रतिशतसम्म परिवर्तन गर्न पाउने भन्ने व्यवस्था भएको र सोही सर्त नं.३८.२ मा १० प्रतिशतसम्म फरक परेमा अनुमति दिन सक्ने भन्ने उल्लेख भएको देखिएको र आयोजनाको काम भइरहेको समयमा ठेकेदार कम्पनीले आयोजनासमक्ष बढी काम भएको शीर्षकमा थप रकम माग गरी पत्राचार गरेकोसमेत देखिएको र मध्यस्थले सो सम्झौता तथा मिसिल संलग्न पत्राचारलगायतका प्रमाण कागजका आधारमा ठेकेदार कम्पनीले दाबी गरेका विभिन्न शीर्षकमध्ये केही शीर्षकमा दाबी नपुग्ने र जम्मा २ वटा शीर्षकमा दाबी पुग्ने गरी निर्णय गरेको देखिएको र सो निर्णयउपर पुनरावेदन अदालत, पाटनबाट मध्यस्थको निर्णयमा त्रुटि देखिएको हदसम्म बदर हुने र मध्यस्थको निर्णय मनासिब देखिएको हदसम्म सदर गर्ने गरी फैसला भएको देखिँदा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला सम्झौताविपरीत भएको भन्ने अवस्था देखिन नआउने ।

अतः उल्लिखित आधार, तथ्य र विवेचनाका आधारमा मध्यस्थ ट्राइवुनलले दाबी नं. ६ को दाबीमा समेत आयोजनाबाट ठेकेदार कम्पनीले भुक्तानी पाउने गरी मिति २०६४।१०।७ मा गरेको निर्णय पक्षहरूको बीचमा भएको ठेक्का सम्झौताविपरीत भएकाले सो हदसम्म बदर हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।१।१२ मा भएको निर्णयमा

निवेदन दाबीअनुसारको त्रुटि भएको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेश जारी गरिरहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६७-WO-०४९३, उत्प्रेषण, *शिवकुमार बस्नेत वि. पुनरावेदन अदालत, पाटनसमेत* भएको मुद्दामा पनि यसै अनुसार फैसला भएको छ।

८

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपककुमार कार्की, ०६५-WO-०३३८, उत्प्रेषण / परमादेश, *शिवकुमार बस्नेत वि. पुनरावेदन अदालत, पाटनसमेत*

दुवै पक्षबीच थप रकम भुक्तानीका सम्बन्धमा विवाद उत्पन्न भई ती विवाद समाधानका लागि मध्यस्थसमक्ष गएको र उक्त विवाद हेर्ने सर्तमा मध्यस्थ नियुक्त भएको देखिँदा निवेदकको दाबीअनुरूप मध्यस्थले गरेको निर्णय मध्यस्थ ऐन, २०५५ को दफा ३०(२) को (ग) को कानूनी व्यवस्थाको प्रतिकूल भएको भन्ने देखिन नआउने।

पक्षहरूबीचमा भएको करारको सर्त नं. ३८.१ मा आयोजना म्यानेजरले कुनै Item मा २५ प्रतिशतसम्म परिवर्तन गर्न पाउने भन्ने व्यवस्था भएको र सोही सर्त नं.३८.२ मा १० प्रतिशतसम्म फरक परेमा अनुमति दिन सक्ने भन्ने उल्लेख भएको देखिएको र आयोजनाको काम भइरहेको समयमा ठेकेदार कम्पनीले आयोजनासमक्ष बढी काम भएको शीर्षकमा थप रकम माग गरी पत्राचार गरेकोसमेत देखिएको र मध्यस्थले सो सम्झौता तथा मिसिल संलग्न पत्राचारलगायतका प्रमाण कागजका आधारमा ठेकेदार कम्पनीले दाबी गरेका विभिन्न शीर्षकमध्ये केही शीर्षकमा दाबी नपुग्ने र जम्मा ५ वटा शीर्षकमा दाबी पुग्ने गरी निर्णय गरेको देखिँदा सम्झौताविपरीत निर्णय भएको भन्ने अवस्थासमेत देखिन नआउने।

अतः उल्लिखित आधार, तथ्य र विवेचनाका आधारमा मध्यस्थ ट्राइबुनलले मिति २०६४।६।७ मा गरेको निर्णयलाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।४।१९ मा भएको निर्णयमा निवेदन दाबीअनुसारको त्रुटि भएको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषण मिश्रित परमादेश जारी गरिरहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम्।

९

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री मीरा खड्का, ०६९-CR-१०१६, बढुवा तथा अन्य प्रयोजनसमेतका लागि नक्कली प्रमाण पत्र पेस गरी भ्रष्टाचार गरेको, *भरतकुमारी कोइराला वि. नेपाल सरकार*

एस.एल.सी परीक्षा उत्तीर्ण भएको भनिएको सो प्रमाणपत्र परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरमा प्रमाणीकरणको लागि पठाउँदा उक्त बोर्डको प.सं. २०६६।०६७ च.नं.९४ मिति २०६७।०५।०४ प्रमाणीकरण विवरणबाट "वि.सं. २०५६ सालको नियमित एस.एल.सी. परीक्षामा सि.नं. ०२४२८२४ "ई" बाट सम्मिलित भएको उल्लेख भएकी त्रिभुवन हाइअर सेकण्डरी स्कूल नयाँबजार दैलेखकी परीक्षार्थी भरतकुमारी कोइरालाको त्यहाँबाट पठाइएको मार्कसिटको छायाँकपी यस कार्यालयको रेकर्डमा नभिडेकोले फिर्ता पठाइएको" भन्ने बेहोरा प्रमाणीकरण भई आएको देखिन्छ। प्रमाणपत्र जारी गर्ने आधिकारिक निकायबाट कार्यालयको रेकर्डमा नभिडेको भनी उल्लेख भई आएको यस अवस्थामा प्रतिवादीको व्यक्तिगत फाइलमा पेस भएको उक्त शैक्षिक योग्यताको प्रमाणपत्र सत्य साँचो बेहोराको रहेछ भन्न मिल्ने नदेखिने।

प्रतिवादीले निजको व्यक्तिगत फाइलमा रहेको निजको नामको शैक्षिक योग्यताको प्रमाणपत्र यो उद्देश्यको लागि फलानो व्यक्तिले पेस गरेको हो भन्न

नसकी केवल आफूले पेस गरेको होइन भनी बयानमा लिएको जिकिरका आधारमा मात्र विवादमा आएको शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिवादीले पेस गरेको होइन भन्ने अवस्था देखिन आएन। विवादमा आएको सो प्रमाणपत्र के प्रयोजनको लागि कसले पेस गरेको हो सो कुराको प्रमाण पुनरावेदक प्रतिवादीले पुऱ्याउन सकेको पनि मिसिलबाट देखिँदैन। निजको व्यक्तिगत फाइलमा रहेको सो प्रमाणपत्र अन्य कसैले पेस गर्नुको कुनै प्रयोजनसमेत रहँदैन। विवादमा आएको उक्त प्रमाणपत्र पुनरावेदक प्रतिवादीले प्रहरी सेवामा प्रवेश गरेको मिति २०५९।४।१३ पश्चात् नै पेस गरेको भन्ने निजको व्यक्तिगत विवरण फारामबाट देखिने।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) मा कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा वहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, वतन, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुट्टा विवरण दिएमा वा सोसम्बन्धी झुट्टा प्रमाणपत्र पेस गरेमा निजलाई कसुरको मात्राअनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दश हजार रूपैयाँदेखि बीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ भन्ने व्यवस्था भएको र पुनरावेदक प्रतिवादीले प्रहरी सेवामा प्रवेश गरेपछि उक्त विवादित शैक्षिक योग्यताका प्रमाणपत्र निजको व्यक्तिगत फाइलमा संलग्न गराएको भन्ने मिसिलबाट देखिन आएकोले कसुर हुँदाको अवस्थामा प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, नै आकर्षित हुने भई विशेष अदालत, काठमाडौंबाट भएको फैसला अन्यथा भएको भन्ने नदेखिने।

अतः विवेचना गरिएको तथ्य र प्रमाणहरूबाट पुनरावेदक प्रतिवादी भरतकुमारी कोइरालालाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को कसुरमा सोही ऐनको दफा १६(१) अनुसार ६ (छ) महिना कैद र रू.१०,०००।– (दश हजार) रूपैयाँ जरिवाना हुने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०६९।९।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम्।

१०

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०६८-CR-०७६३ र ०६८-CR-०७६४, कर्तव्य ज्यान, *कुलबहादुर राई वि. नेपाल सरकार र देवकुमारी माझी वि. नेपाल सरकार*

प्रतिवादीहरूले प्रस्तुत मुद्दामा प्रहरीमा र अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेकै भरमा उक्त इन्कारी बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन आएको नपाइएको र मिसिलको समग्र अध्ययन गर्दा निजहरूले नै प्रतिवादी सुनिल भन्ने कुलबहादुर राई र देवकुमार माझीले आरोपित कसुर गरेको पुष्टि हुन आएकोले निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू सुनसरी जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

प्रतिवादीहरू आरोपित कसुरमा अनुसन्धान अधिकारी र अदालतसमक्ष पूर्णतः इन्कार रही बयान गरेको पाइन्छ। प्रतिवादीको साथबाट कुनैपनि रकम बरामद भएको अवस्था छैन। डाँका गरी लगेको भनिएको रकम को कसले के कसरी डाँका गरी लगेको र को कसले रकम के कसरी बाँडी खाएको भन्नेसमेत मिसिलबाट खुलेको छैन। यति ठूलो रकम को कसले कसरी डाँका गरी लगे भन्ने नै खुल्न नआएको अवस्थामा अभियोग दाबीकै भरमा सजाय ठहर गर्नु न्यायोचितसमेत नदेखिने।

तसर्थ विश्लेषण गरिएका आधार कारण र प्रमाणहरूसमेतबाट प्रतिवादी सुनिल भन्ने कुलबहादुर राई तथा प्रतिवादी देवकुमार माझीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने ठहऱ्याएको सुरू सुनसरी

जिल्ला अदालतको फैसला सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबमोजिम डाँकातर्फको अभियोग दाबी पुग्न नसक्ने ठहरी केही उल्टि हुने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल मङ्सिर १५ गते रोज ४ शुभम् ।

११

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CR-०६८४, भ्रष्टाचार, *नेपाल सरकार वि. मुन्ना चौधरीसमेत*

अनुसन्धानको क्रममा मिसिल सामेल रहेको जिल्ला शिक्षा कार्यालय, सर्लाहीको च.नं. ८३४ मिति २०६४।६।२४ को पत्रबाट राधाकृष्ण प्राथमिक विद्यालय रोहुवा – ८, सर्लाहीलाई कक्षा १ सञ्चालनका लागि अनुमति दिएको देखिनुका साथै जिल्ला शिक्षा कार्यालयबाट नियमितरूपमा रकम निकासा हुँदै आएको अवस्थामा यो विद्यालय सञ्चालनमै थिएन भन्ने अवस्था नदेखिने ।

अनुसन्धानको क्रममा संकलन भई मिसिल संलग्न रहेको कागज नं. ३७।१६ को मिसिल संलग्न आ.व. २०६५।०६६ देखि २०६९।०७० सम्मको लेखा परीक्षण प्रतिवेदन हेर्दा तलब, मसलन्द, परीक्षा खर्च, शैक्षिक सामग्री खरिद, छात्रवृत्ति तथा पाठ्यपुस्तक वितरणसमेतमा खर्च भई बैंकमा रहेको नगद मौज्दातसमेत उल्लेख भएको देखिन आयो । सो अवधिमा यस यस मितिमा विद्यालय सञ्चालन नभएको यो यस्तो आधार छ भनी अनुसन्धानबाट खुलेको अवस्था देखिएन । विद्यालय सञ्चालन रहेको अवस्थामा शिक्षकको तलब भत्ताजस्ता खर्च तथा विद्यालय सञ्चालनमा आवश्यक दैनिक मसलन्द आदि खर्च हुने नै देखियो । सोबाहेकको बेरूजु रकम रू.२,००,०००।– विद्यालयको तर्फबाट जिल्ला शिक्षा कार्यालयको Non Operative राजश्व खातामा जम्मा भएको भन्ने मिसिल सामेल रहेको जिल्ला शिक्षा कार्यालय, सर्लाहीको च.नं. २१५६ मिति २०७३।३।२ को पत्रबाट देखिएको हुँदा यी प्रतिवादीहरूले अब तिर्नु बुझाउनु पर्ने रकम बाँकी रहेको अवस्था देखिन नआउने ।

तसर्थ, विद्यालय सञ्चालनमा रहेको तलबबाहेकको बेरूजु देखिएको रू.२,००,०००।– नेपाल बैंक लि. शाखा कार्यालय, मलङ्गवाको Non Operative राजश्व खातामा जम्मा भएको छ भनी जिल्ला शिक्षा कार्यालय, सर्लाहीको पत्रबाट देखिएकोसमेतका आधारमा प्रतिवादीहरूले सरकारी रकम हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको नदेखिएको समेतका आधारमा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू विशेष अदालत, काठमाडौंबाट मिति २०७३।५।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ईश्वरप्रसाद भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम् ।

इजलास नं. १

१

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७१-CR-१२८३, नकवजनी चोरी, *नेपाल सरकार वि. प्रमोदप्रसाद कलवारसमेत*

प्रतिवादी सचिन भन्ने प्रमोद कलवार, जलन्धर पटेल, अनिलकुमार साह, शेष मोतिनसमेतको मौकाको साबिती बयानलाई प्रतिवादी अनिलकुमारको बारा जिल्लामा रहेको सुनचाँदी पसलबाट चोरी भएका सामानहरू बरामद भएको बरामदी मुचुल्का, जाहेरी तथा जाहेरवालाको बकपत्र तथा बरामदी सामानलाई जाहेरवालाले सनाखत गर्दा आफ्नो सामान हो भनी कागज गरेबाट प्रतिवादीले गरेको मौकाको साबिती समर्थित भइरहेको देखिँदा जाहेरवालाको सुनचाँदी पसलको ताला फोडी सुनचाँदी नगदसमेतको सेफ लिई

ट्रकमा लोड गरी उक्त हेटौंडामा चोरी भएका सामान अन्यत्र लगी सो सामानहरू बाँडी खाने कार्य गरेको पुष्टि भई अभियोग दाबीबमोजिम चोरीको कसुर गरेको पुष्टि हुन आउने ।

जाहेरवालाले दिएको मिति २०६८।७।६ को जाहेरी बेहोराको निवेदन, मिति २०६८।९।८ को जाहेरी तथा जाहेरवालको अदालतको बकपत्रमा यो यस सामानको यो यति मूल्य पर्दछ भनी दाबी लिए तापनि उक्त कागजातहरूमा उल्लिखित चोरीको बिगोमा एकरूपता देखाई स्वयम् जाहेरवालाले दाबी गर्न सकेको पाइएन। बरामद भएको १ के.जी. ६०० ग्रामको चाँदीका गहनाहरूको मूल्य रू. १,०२७२४।– हुने भनी नेपाल सुनचाँदी संघ मकवानपुरको मिति ०६८।९।१८ को मूल्य खुलाई दिएको पत्रबाट देखिन आएको छ । मिति २०६८।७।४ मा चोरी भएको घटनाको सम्बन्धमा मिति २०६८।९।१८ मा चोरीका सामान बरामद भएकोमा सो बरामद भएको सामानबाहेक अभियोग पत्रमा दाबी लिएका मूल्य बराबरमा गरगहनाहरू चोरी भएको भन्ने तथ्यगत प्रमाणबाट पुष्टि हुन आएको छैन । अभियोग दाबीको सामान जाहेरवालाको पसलमा रहेको र सो मूल्यको सामान र नगद चोरी भएको वस्तुनिष्ठ प्रमाण जाहेरवालाले दिन नसकेको र जाहेरवालाको स्वयंले उल्लेख गरेको चोरीको बिगोमा समेत एकरूपता नभई रहेको अवस्थामा प्रतिवादीहरूबाट बरामद भएको सामानको मूल्य रू.१,०२७२४।– लाई नै चोरीको बिगो कायम गर्नु मनासिब र स्वभाविक देखिँदा सोहीबमोजिम बिगो कायम गरेको सुरू तथा पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने ।

प्रतिवादीहरू सचिन भन्ने प्रमोद कलवार, सुरेन्द्र साह कलवार, जलन्धर पटेलसमेतको मिलेमतोमा जाहेरवालाको सुनचाँदी पसलबाट बिगो रू.१,०२,७२४।- को चाँदीका गहनाहरू चोरी भएको पुष्टि हुन आएकोले निज प्रतिवादीहरू सचिन भन्ने प्रमोद कलवार, सुरेन्द्र साह कलवार र जलन्धर पटेललाई चोरीको १ नं. र ३ नं. को कसुरमा चोरीको १२ र १४(१) नं. बमोजिम जनही १ महिना १५ दिन कैद र बिगो रू. १,०२,७२४ को डेडो रू. १,५४,०८६।– जरिवाना हुने ठहऱ्याएको सुरू मकवानपुर जिल्ला अदालत तथा पुनरावेदन अदालत, हेटौंडाको फैसला सो हदसम्म मिलेकै देखिन आउने ।

चोरीका सामान लग्ने ट्रक तत्कालीन अवस्था प्रतिवादी शेष मोतिनको सञ्चालनमा रहेको भनी चालकले पोल गरेका छन् र निजले चोरीका सामान लगिदेउ भनेकाले नरकटियासम्म पुऱ्याई दिएको हुँ भनी चालक प्रतिवादी जलन्धरले पोल गरी बयान गरेका छन् । प्रतिवादीको पोल बयान बरामदी मुचुल्काबाट समर्थित भएको छ। चोरी गर्न जाँदा सँगै नगएको भए पनि चोरी ल्याएकोमा बाँडी लिने मतियारको रूपमा चोरीको २० नं. अनुसार प्रतिवादी अनिलकुमार साह र शेष मोतिनले कसुर गरेको देखिँदा प्रतिवादी शेष मोतिनको हकमा १ महिना १५ दिन कैद र दामासाहीबाट हुने बिगोबमोजिम रू.२०५४४।८० जरिवाना गर्नुपर्नेमा प्रतिवादी शेष मोतिनलाई चोरीको २० नं. अनुसार १ महिना कैद र रू.२०५४४।८० जरिवाना हुने ठहर गरेको सुरू मकवानपुर जिल्ला अदालतको फैसला निज प्रतिवादीको हकमा सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी गरी प्रतिवादी शेष मोतिनलाई १ महिना १५ दिन कैद र दामासाहीबाट हुने बिगोबमोजिम रू.२०५४४।८० जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिने ।

प्रतिवादी अनिलकुमार साहले बिगो रू.१०२७२४।- चोरीको धनमाल बाँडी खाएको बरामदी मुचुल्काबाट देखिन आएको अवस्थामा सो बिगोबमोजिम जरिवाना रू.१,०२७२४।– र कैद १ महिना १५ दिन हुने ठहर गर्नुपर्नेमा अनिलकुमार साहलाई चोरीको २० नं. अनुसार १ महिना कैद र रू.२०५४४।८० जरिवाना हुने ठहर गरेको सुरू मकवानपुर जिल्ला अदालतको फैसला निज प्रतिवादीको हकमा सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी गरी निज प्रतिवादी अनिलकुमार साहलाई १ महिना १५ दिन कैद र बिगोबमोजिम रू.१,०२,७२४।– जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत,

हेटौंडाको फैसला मिलेकै देखिने।

तसर्थ सुरू मकवानपुर जिल्ला अदालतको मिति २०६९।११।३० को फैसला प्रतिवादीहरू शेष मोतिन र अनिलकुमार साहको हकमा सम्म केही उल्टी गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।९।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल फागुन १२ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६८-CR-१३८१, लागु औषध (सेतो हेरोइन), *नेपाल सरकार वि. गणेशबहादुर स्याङताङ*

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम लागु औषध मुद्दामा प्रमाणको भार प्रतिवादीमा रहने भए पनि अभियोग दाबी पुष्टि गर्ने ठोस र वस्तुनिष्ठ प्रमाण पेस गर्ने दायित्व वादी नेपाल सरकारको नहुने भन्न मिल्ने देखिँदैन । आरोपित कसुरमा प्रतिवादी इन्कारी रहेको अवस्थामा पुनरावेदन गर्ने वादी नेपाल सरकारले प्रतिवादीउपरको कसुर पुष्टि हुने ठोस र वस्तुनिष्ठ प्रमाण पेस नगरेमा वादीको पुनरावेदनको औचित्य नहुने।

सहअभियुक्त संजय, राजु लामा र दशरथ अर्यालले गरेको कसुर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) र (च) को कसुर देखिए पनि प्रतिवादी गणेशबहादुर स्याङताङको कसुर सोही दफाको विपरीत भन्ने प्रमाणको अभाव देखिन्छ । प्रमाणबाट जुन प्रकृतिको कसुर देखिन्छ, सोही कसुरको निमित्त निर्धारित सजाय मात्र दिन मिल्छ । लागु औषधको कसुर ठहरिने कार्यमा सरिक भएको देखिएको आधारमा मात्र कसुर कायम गरी सजाय गर्नुपर्छ भन्ने दाबी न्यायोचित हुँदैन । एउटै कसुरमा संलग्न देखिएका व्यक्तिहरूको पनि कसुरमा संलग्नताको रूप फरकफरक हुन सक्ने।

अभियोग दाबीबमोजिम सजाय हुनलाई प्रतिवादी गणेशबहादुर स्याङताङले सुरूदेखि संलग्न रही योजना बनाई लागु औषध बिक्री वितरण, खरिद, सञ्चय र ओसारपसारसमेत गरेको देखिनु वाञ्छनीय हुन्छ । अन्य तीनजना सहअभियुक्तले एक अर्कासँग लागु औषध भएको, एक अर्काले बिक्री वितरण गर्न ग्राहक खोज्न भनेको र खरिद गर्ने ग्राहक खोजी ग्राहक का.जि.का.म.न.पा. वडा नं. २० परोपकारस्थित आउने भनेपछि बिक्री गर्न जाँदा ३७५ ग्राम लागु औषध (सेतो हेरोइन) सहित पक्राउ परेको देखिन्छ भने गणेशबहादुर स्याङताङलाई सहअभियुक्त संजय लामाले सोही वारदातस्थलनजिकै भेटी राजु लामा र दशरथ अर्यालसँग चिनजान भेटघाट गराएपश्चात् भएको कुराकानीअनुसार तत्काल केही नाफा (रकम) पाउने आशमा वारदातस्थल वरिपरि मानिस हेर्न बसेकोसम्म देखिन्छ । सहअभियुक्तहरूको बयानबाट पनि गणेशबहादुर स्याङताङ पहिलेदेखि नै तयारी गरी योजना बनाई लागु औषध बिक्री वितरणमा संलग्न रहेको देखिँदैन । यसरी तीनजना सहअभियुक्तसँग वारदातस्थलनजिक अचानक भेट भएपछि गणेशबहादुर स्याङताङले गरेको क्रियाकलापलाई संजय लामा, राजु लामा र दशरथ अर्यालले गरेसरहको कसुर मान्न मिल्दैन । कसैले गरेको कार्य मुद्दामा कसुरदार ठहर भएका सहअभियुक्तसरहको कसुर पुष्टि नभएसम्म लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम नै सजाय गर्नु पर्ने।

अतः विवेचित आधार र कारणबाट पुनरावेदन अदालत, पाटनले प्रतिवादी गणेशबहादुर स्याङताङलाई सहअभियुक्त संजय, राजु लामा र दशरथ अर्याललाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ) (३) बमोजिम भएको सजायको आधा सजाय हुने ठहर गरेको मिति २०६८।१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल वैशाख ५ गते रोज ३ शुभम्।

इजलास नं. २

१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७१-CR-१२८७, मानव बेचबिखन तथा ओसार पसार, *राजकुमार साह वि. नेपाल सरकार*

पीडितले गरिदिएको मौकाको कागजबाट बेचबिखन गर्ने उद्देश्यले मुख छोपी जबरजस्तीमा ट्याक्सीमा राखेको, बिस्कुट खुवाई बेहोस पारी पोखराबाट गौरसम्म ल्याएको भन्ने र पीडितलाई विदेश भारतसम्म लैजान लागेको तथ्यलाई प्रतिवादीले स्वीकार नै गरेको देखिएको र पोखराबाट आउने वा ल्याउने क्रममा पीडितका बाबुआमा वा कसैको मन्जुरी वा जानकारीसम्म भएको भन्ने पनि नदेखिँदा प्रतिवादीको विवाह गर्ने उद्देश्यले लिई आएको भन्ने मौकाको बयान तथा पीडितलाई जबरजस्तीको बेहोराले पोखराबाट लिई आएको बेहोरा पीडितको कागज, जाहेरी दरखास्तसमेतको मिसिल कागजबाट पुष्टि भई पीडितको साथमा नै यी प्रतिवादी पक्राउ परेको देखिँदा अभियोग दाबीको कसुरबाट गरेको इन्कारी सत्यता प्रमाणित हुन नसकेकोबाट निज कसुरदार नै रहेको भन्ने देखिने।

रिनादेवी (परिवर्तित नाम) लाई नेपालबाट भारतमा पुऱ्याई बिक्री गरेको वा वेश्यावृत्तिमा लगाएको वा कुनै प्रकारले शोषण गरेको भन्ने देखिँदैन। नेपाल सरहदभित्रै अर्थात् गौर भन्सार कार्यालयको नजिकै पक्राउ परेको देखिएको छ। विदेश लैजाने उद्देश्यले लगेपनि प्रतिवादी नेपाल सरहदभित्रै पक्राउ परेकोले र पीडितसमेत साथैमा रहे भएकाले प्रतिवादीले मानव बेचबिखनको कसुर पूर्ण रूपमा गरेको मान्न मिलेन। मानिस किन्ने बेच्ने उद्देश्यले पोखराबाट गौरमा पुऱ्याएको भए पनि बेचबिखनको कार्य सम्पन्न नभएबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा ४(२)(क) र सोही ऐनको दफा १५(१)(ङ)(१) विपरीत किन्ने बेच्ने उद्देश्यले भारत पुऱ्याउन मानव ओसारपसार गरी मानव बेचबिखन कसुरको उद्योगसम्मको कसुर गरेको भन्ने देखिन आउने।

प्रतिवादीले मौकाको बयानमा रिनादेवीको उमेर १८-२० को हुनुपर्छ भनी लेखाएकोमा पीडितले उमेर खुल्ने प्रमाणसहित पीडित अदालतमा उपस्थित भई उमेरको सम्बन्धमा पुष्ट्याईं गर्न सकेको पाइँदैन। पुनरावेदन अदालतमा लिखित प्रतिवादका साथ मतदाता नामावली पेस गर्दै पीडितका बाबु, आमा तथा दिदीहरूको मतदाता नामावलीसहित पीडितको नामसमेत उक्त नामावलीमा समाविष्ट भएको छ। पीडितको नाम यो यस हो र उमेर १८ वर्ष हो भनी खुलाई लिएको जिकिरलाई वादी पक्षले खण्डन गरेको देखिँदैन। पीडितको दिदीहरूको मात्र नाम र उमेर मात्र रहेको यी पीडितको नाम उमेर मतदाता नामावलीमा नरहेको भनी सबुद प्रमाणसहित वादीले दाबी लिन नसकेको, पीडितले आफ्नो उमेरको सम्बन्धमा अदालतमा उपस्थित पुष्ट्याईं नगरेबाट केवल वादी पक्षले दाबी लिएकै भरमा नाबालक नै हुन् भनी भर गर्ने विश्वसनीय आधार देखिन नआउने।

फौजदारी कसुरमा उमेर तत्त्वको कारणले सजाय बढाउने तथा घटाउनेसमेतका विषयमा महत्त्वपूर्ण भूमिका हुने हुँदा अभियोग दाबी लिनु मात्र पर्याप्त नहुने र अभियोग दाबीलाई पुष्टि गर्ने यथेष्ट प्रमाणहरूको विद्यमानता हुनु अनिवार्य हुने हुँदा अनुमान तथा अड्कलका भरमा पीडितको उमेर नाबालक नै होला भन्ने मानी प्रतिवादीलाई चर्को सजाय गर्नु फौजदारी न्यायको मूल मर्म नै परास्त हुन गई समग्र न्याय प्रणालीप्रति नै वितृष्णा हुने देखिएकोले पर्याप्त प्रमाणको अभावमा पीडितलाई नाबालक ठहर गरी चर्को सजाय गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला सो हदसम्म मिलेको नदेदिँदा पीडितको उमेर साबालक ठहऱ्याई सजाय ठहर गरेको सुरू रौतहट जिल्ला अदालतको फैसला मिलेकै देखिन आउने।

तसर्थ यी प्रतिवादी राजकुमार साहउपर

परेको किटानी जाहेरी, पीडित रिनाले यी प्रतिवादी राजकुमार साह विरूद्ध मौकामा पोल गरेकोमा सनाखतसमेत गरेको देखिएको, नेपाल सरहदभित्रै गौर भन्सार कार्यालयको नजिकै यी प्रतिवादी पक्राउ परेको देखिएको र पीडितलाई पोखराबाट रौतहटसम्म साथमै लिई गएको तथ्यमा मौकाको बयानमा यी प्रतिवादी राजकुमार साह साबित नै रहेको देखिएको तथा मिसिल कागजातबाट वेश्यावृत्तिमा लगाएको वा कुनै प्रकारको शोषण गरेको भन्ने नदेखिएको र किन्ने बेच्ने उद्देश्यले मानव ओसारपसार गरी भारत लैजान पोखराबाट रौतहट गौरसम्म पुऱ्याएको भए भनी भारत पुऱ्याई बेचबिखन वा कुनै प्रकारको शोषण गर्न भने नपाएको देखिँदा प्रतिवादी राजकुमार साहलाई मानव बेचबिचन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) का आधारमा ऐ. दफा १५(१)(ज) अनुरूप ५ वर्ष कैद र रू. २५०००।– जरिवाना हुने र ऐनको दफा १७(१) बमोजिम पीडितलाई प्रतिवादीबाट रू.१५०००।– क्षतिपूर्तिसमेत भराई दिने ठहऱ्याएको सुरू रौतहट जिल्ला अदालतको मिति २०६९।६।१८ को फैसला सदर हुने ठहर गर्नुपर्नेमा पीडित नाबालक देखिने वस्तुनिष्ठ प्रमाणको अभाव रहेकोमा बढी कैद हुने ठहर गरी गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।७।२५ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई सुरू रौतहट जिल्ला अदालतको मिति २०६९।६।१८ को फैसला सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल असार ५ गते रोज २ शुभम्।

२

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७३-CR-०१६४, जबरजस्ती करणी, *हरिकुमार श्रेष्ठ वि. नेपाल सरकार*

यौनजन्य अपराध सावधान भई एकान्तस्थल एवम्‌ गोप्य ठाउँमा हुने हुँदा प्रत्यक्षदर्शी हुने अवस्था रहँदैन तथापि प्रस्तुत मुद्दाको माथि उल्लिखित घटनाक्रम हेर्दा कुमार अधिकारीले वारदातस्थल खोल्सीबाट पीडित र प्रतिवादी आउँदै गरेको देखेको भन्ने अवस्था परिस्थिति खुलाएको बेहोराबाट प्रतिवादीले आफूलाई वारदातस्थलको खोल्सीमा लगी जबरजस्ती करणी गरेको भन्ने पीडितको भनाईलाई वारदातस्थल तथा वारदात समयमा तत्काल देख्ने मानिसको कथनबाट थप समर्थित गरेको पाइन्छ । प्रतिवादी हरिकुमार श्रेष्ठले अदालतमा गरेको बयानमा आफूले अभियोग दाबीको कसुर नगरेको भनी इन्कारी बयान गरे तापनि इन्कारी बयान समर्थित हुने कुनै वस्तुगत प्रमाण पेस गर्न सकेको पाइँदैन । पीडितले अदालतमा उपस्थित भई आफैँउपर भएको आपराधिक क्रियाकलाप बारेमा स्पष्ट बेहोराले घटनाक्रमसमेत खुलाई दिएको बकपत्रले भएको घटना तथा कार्यको चित्रण गरेको छ । वारदात नभएको भए प्रतिवादीले जबरजस्ती करणी गरेको भनी आफैँउपर सामाजिक दाग लाग्ने गरी दोष लगाउनु पर्ने कारण नदेखिने ।

वस्तुत: पीडितले मौकामा व्यक्त गरेको कुरालाई अदालतमा समेत उपस्थित भई पुष्टि गरेबाट त्यस्तो अकाट्य प्रमाणलाई प्रतिवादीले अन्यथा प्रमाणित नगरेसम्म कसुर स्थापित गर्ने महत्त्वपूर्ण प्रमाणको रूपमा ग्रहण गर्नु कानूनसम्मत हुने ।

जबरजस्ती करणी गरेको भन्ने वादीको अभियोग दाबीलाई पीडितको मौकाको कागज तथा बकपत्र, जाहेरी तथा जाहेरवालको बकपत्र, कुमार अधिकारीको मौकाको कागज तथा अदालतको बकपत्रसमेतबाट पुष्टि भइरहेकोले प्रतिवादी हरिकुमार श्रेष्ठले मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. र ३ को देहाय ४ नं. विपरीतको कसुर गरेको देखिँदा सोही महलको ३ नं.को देहाय ४ सजाय हुने ठहऱ्याएको सुरू तथा पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिने ।

पीडित अपाङ्ग भएको कुरा मिसिलसाथ पेस भएको त्रिपुरेश्वर उपस्वास्थ्य कार्यालय धादिङको पत्रबाट देखिएको र प्रस्तुत मुद्दामा पीडित स्वयम्‌ले अदालतमा उपस्थित भई आफूलाई प्रतिवादीले

डरत्रासमा एकान्तस्थलमा पारी जबरजस्ती करणी गरेको भनी लेखाएको बेहोरा विवेचित आधार प्रमाणसमेतबाट समर्थित भएको र पीडित अपाङ्ग भएको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनले पुष्टि गरी रहेकोले मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ क नं. बमोजिम अपाङ्ग महिलालाई प्रतिवादीले जबरजस्ती करणी गरेको देखिन आएकोले अपाङ्ग महिलालाई करणी गरेको ठहराई थप सजाय कैद वर्ष ५ (पाँच) समेत हुने ठहऱ्याएको सुरू तथा पुनरावेदन अदालतको फैसलासमेत मिलेकै देखिन आउने।

तसर्थ जाहेरी दरखास्त, बुझिएका मानिसको कागज एवम् बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका संकलित प्रमाणको मूल्याङ्कन गरी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. एवम् ३क नं. को कसुरमा सोही महलको ३(४) नं. बमोजिम कैद वर्ष ५ र ऐ. ३(क) ले थप ५ वर्ष कैद गरी प्रतिवादीबाट पीडितले क्षतिपूर्तिबापत रू.२५,०००।- भराई पाउने ठहऱ्याएको सुरू धादिङ जिल्ला अदालतको मिति २०७२।९।२० को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७३।२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल असार ५ गते रोज २ शुभम्।

३

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री तेजबहादुर के.सी., ०७१-CR-०८४४, कर्तव्य ज्यान, *सुभाष लामा वि. नेपाल सरकार*

शव परीक्षण गर्ने चिकित्सकले धारिलो हतियारको चोटबाहेक अन्य लाठो, पाइपको चोट देखिएन भनी अदालतमा आई बकपत्र गरेको देखिन्छ। सेनेगल भन्ने सुभाष लामाले चक्कुले प्रहार गरेको तथा रंजित भन्ने व्यक्तिले खुकुरीले प्रहार गरेको भनी जाहेरीमा लेखाएको तथा सोही बेहोरालाई समर्थन गरी अदालतमा समेत जाहेरवालाले बकपत्र गरेको देखिन्छ । मौकामा कागज गर्ने प्रत्यक्षदर्शी विनोद घले, विनोद गुरूङ, राजकुमार लामाले चक्कु प्रयोग गर्ने व्यक्ति सुभाष लामा र रंजित हुन् भनी खुलाएको पाइन्छ। प्रतिवादीहरू सुधन लामा र संजिव बुढाथोकीले अनुसन्धानको क्रममा बयान गर्दा सुभाष लामाले चक्कुले मृतकको पेट र टाउकोमा हानेको भनी बयान गरेको देखिन्छ। यसरी जाहेरी दरखास्त, प्रतिवादीहरूको बयान, बुझिएका व्यक्तिहरूको मौकाको कागज, Autopsy Report समेतबाट सुभाष लामाले धारिलो हतियारले घनश्याम महतलाई प्रहार गर्दा मृत्यु हुन गएको भन्ने देखिने।

प्रतिवादी शुभाष लामा वारदातपश्चात् सुरूमा फरार रही फरार प्रतिवादीको रूपमा प्रहरीले पक्राउ गरी अदालतमा हाजिर गराइएको देखिन्छ । यस्तो अवस्थामा र माथि उल्लिखित कागजातहरूबाट यी प्रतिवादी मुख्य कसुरदार हुन् भन्ने देखिने।

प्रतिवादीले पेस गरेको उमेर खुलेको प्रमाणपत्र घनश्याम महतको मृत्युपश्चात् अर्थात् वारदातपछि तयार भएको देखिएको तथा निज प्रतिवादीले मिति २०६९।७।२४ मा अदालतमा बयान गर्दा आफ्नो उमेर २२ वर्ष भनी खुलाइदिएको अवस्थामा वारदात समयमा यी प्रतिवादी १७ वर्षको पुगिसकेको भन्ने देखिन्छ । १७ वर्ष व्यतित भइसकेका यी प्रतिवादी सुभाष लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर अपराधमा निजलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी पुनरावेदन अदालत, पाटनले गरेको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, विवेचित आधार प्रमाणहरूबाट पुनरावेदक प्रतिवादी सेनेगल निभा भन्ने सुभाष लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर अपराधमा निजलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६९।९।१९ मा गरेको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।४।२७ मा भएको फैसला

मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७४ साल जेठ २५ गते रोज ५ शुभम्।

४

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७०-CR-०६१० र ०७२-RC-०२०२, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *रोहित शाही वि. नेपाल सरकार र नेपाल सरकार वि. राज भन्ने तुल्सी वि.क.*

तुल्सी वि.क.ले आफू र प्रतिवादी रोहित शाहीसमेत भई वारदातस्थल जंगलमा घुम्न जाँदा वृद्ध महिलाहरूले गहना लगाएका देखी उक्त गहना लुट्ने उद्देश्यले एकजना महिलालाई मैले टाउकोमा ढुंगाले हिर्काएर र अर्को महिलालाई रोहित शाहीले घाँटी बटारी मारी निजहरूले नाक कानमा लगाएका गरगहना झिकी तानसेन आएका हौं भनी कसुर अपराध गरेको कुरामा आफू साबित भई सहप्रतिवादी रोहित शाहीको पनि उक्त घटनामा संलग्नता छ भनी अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत एकै मिलानको बयान गरेको देखिन्छ। प्रतिवादी तुल्सी वि.क.को उक्त साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम मुद्दाको रोहमा प्रमाणको रोहमा लिन मिल्ने नै देखिन्छ। अनुसन्धानका क्रममा निज प्रतिवादी तुल्सी वि.क.को डेरा कोठाबाट बरामद भएका गरगहना आफ्नी सासु कुमारी गाहा तथा हजुरआमा भूमिकला गाहाले लगाएका गरगहना हुन् भनी जाहेरवालाहरू फामबहादुर गाहा र रनिसरा गाहाले सनाखतसमेत गरी दिएको अवस्था छ। साथै उक्त गरगहना निज प्रतिवादीहरूलाई देखाउँदा ती गहनाहरू हामी प्रतिवादीहरूले लुटी लगेका मध्येका हुन् भनी प्रतिवादी तुल्सी वि.क.ले अदालतमा दिएको बयानको क्रममा समेत सनाखत गरी दिएको पाइयो। यसबाट प्रतिवादी राज भन्ने तुल्सी वि.क. कर्तव्य ज्यान र जबरजस्ती चोरीको कसुरमा संलग्न भएको पुष्टि हुन्छ, तसर्थ निजलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी पुनरावेदन अदालत, बुटवलले गरेको फैसला मिलेको नै देखिन आउने।

अतः विवेचित आधार कारणहरूबाट प्रतिवादीहरू राज भन्ने तुल्सी वि.क. र रोहित शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कानूनी व्यवस्था अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने र निज प्रतिवादीहरूले मृतक महिलाहरूले नाक कानमा लगाएका गरगहनासमेत जबरजस्ती चोरी गरेकोले सोही कसुरमा चोरीको १४(२) नं. बमोजिम जनही डेढ महिना कैद र चोरीको बिगो रू.४८,८०५।- को डेढीका हिसाबले रू.७३,२०७।५० जरिवाना भई उक्त जरिवानाबापत पनि कैद सजाय हुने ठहर गरेको सुरू पाल्पा जिल्ला अदालतको मिति २०६९।६।२१ को फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।१।१७ को फैसला मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७३ साल चैत ८ गते रोज ३ शुभम्।

इजलास नं. ३

१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७१-CR-०४७६, डाँका, *नेपाल सरकार वि. टिकाबहादुर थापामगरसमेत*

मध्यरातमा भएको घटना वारदातका समयमा डाँकाहरूलाई पहिचान गर्न सकेको भए सुरू जाहेरीमा नै किटानी रूपमा नाम उल्लेख भई आउने अवस्था हुन जान्थ्यो। डाँकाको वारदात भएको भोलिपल्ट परेको जाहेरीमा ५ जनाको सामान्य हुलियाबाहेक अन्य विवरण खुल्न नसकेको पछि मौकामा कागज गर्दा अनुमानको आधारमा सनाखत गरेको वा नाम उल्लेख गरेको कुरालाई फौजदारी मुद्दामा अकाट्य प्रमाण मानी ग्रहण गर्न सकिने अवस्था नरहने हुँदा प्रतिवादीहरू दीपक श्रेष्ठ, शेरबहादुर भन्ने दिपेस

श्रेष्ठ, गोपी थापामगर, टिकाबहादुर थापामगर र उमेश भन्ने कृष्णबहादुर थापामगरको डाँका वारदातमा संलग्नता रहेको भन्ने कुरा पुष्टि हुन सकेको नदेखिँदा निजहरूलाई अभियोगदाबीबाट सफाइ दिने ठहऱ्याई भएको फैसला मनासिब देखिने।

जाहेरवालाको घरमा के कति धनमाल के कसरी राखिएको थियो, थिएन तथा जाहेरीमा उल्लेख भएको धनमालमध्ये वास्तविक रूपमा डाँका भएको के कति हो भन्नेलगायत डाँका भयो भनिएको बिगोका सम्बन्धमा भरपर्दो र तथ्ययुक्त प्रमाण आउन सकेको पाइँदैन। जाहेरवालाले उल्लेख गरेका दुवैथरी बिगोका सम्बन्धमा थप प्रमाण केही पेस हुन सकेको पाइएन। तथ्यपरक प्रमाण प्रस्तुत गरेर दाबी गरिएको आरोपको पुष्ट्याई वादी पक्षले गराउन सक्नु पर्दछ। शङ्का र अनुमानको भरमा कसुर कायम गर्न न्यायोचित हुन सक्दैन र प्रमाण ऐन, २०३१ को दफा २५ ले पनि शङ्का र अनुमानको भरमा कसुर कायम गर्ने व्यवस्था गरेको पाइँदैन। अतः दाबी गरिएको बिगो डाँका भएको भनी कायम गर्न न्यायोचित देखिँदैन। यस्तो अवस्थामा अदालतमा उपस्थित भएर आफ्नो भागमा परेको बिगो खुलाई लेखाइदिएका प्रतिवादी टिकाकुमार भन्ने टिका नगरकोटीको भनाइलाई आधार मानी निजको हकमा सम्म सोहीबमोजिमको बिगो कायम गरी बिगोको आधारमा जरिवाना गरेको पुनरावेदनको फैसला मनासिब देखिने।

तसर्थ माथि विवेचित आधार र कारणबाट सुरू फैसला केही उल्टी भई प्रतिवादीहरू दीपक श्रेष्ठ, शेरबहादुर भन्ने दिपेस श्रेष्ठ, गोपी थापामगर, टिकाबहादुर थापामगर र उमेश भन्ने कृष्णबहादुर थापामगरले अभियोग दाबीबाट सफाइ पाउने, प्रतिवादी टिकाकुमार भन्ने टिका नगरकोटीलाई अभियोग दाबीबमोजिम डाँकाको कसुरमा ६ वर्ष कैद र बिगो रू.२४,०००।- को डेढो बढाई रू.३६,०००।- जरिवाना हुने र बिगो रू.२४,०००।– निज प्रतिवादी टीका नगरकोटीबाट जाहेरवालालाई भराइदिने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१२।१८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फागुन १९ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७०-WO-०१९४, परमादेश, *मन्जु तामाङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

सरकारद्वारा परिवार नियोजन सेवाको राष्ट्रिय कार्य नीति, २०६८ तथा प्रजनन् स्वास्थ्यको लागि राष्ट्रिय चिकित्सा प्रणाली मापदण्डलगायतका योजनासहित महिलाको प्रजनन् स्वास्थ्य सम्बन्धमा प्रत्यक्ष सरोकार भएको गर्भ निरोधकको साधन र सेवा सम्बन्धमा सीमित भए पनि प्रयासहरू भएको देखिएको सन्दर्भमा रिट निवेदन दाबीबमोजिम सरकारका सम्बन्धित निकायबाट महिला प्रजनन् स्वास्थ्यसँग सम्बन्धित परिवार नियोजनका साधन र सेवा उपलब्ध नै नभएको भन्न मिल्ने अवस्था छैन। वस्तुत: राष्ट्रिय बजेटको ठूलो हिस्सा स्वास्थ्य क्षेत्रको लागि विनियोजित हुने गरे पनि त्यस्तो बजेटले लक्षित वर्गसम्म स्वास्थ्य सेवाको पहुँच हुन नसकेको यथार्थ हाम्रो सामु छ। महिलाको प्रजनन् स्वास्थ्यसम्बन्धी विषयलाई सम्बोधन गर्न विभिन्न नीति, कार्यक्रम तथा योजना तयार भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुनु महत्त्वपूर्ण कुरा हुने।

महिलाको प्रजनन् स्वास्थ्य तथा परिवार नियोजनका सेवा र साधनमा पहुँच परामर्श सेवालगायतका विषयमा सरकारी निकायले पनि आफू त्यति नै संवेदनशील भएको भन्ने कुरा व्यक्त गरिएको सन्दर्भमा गरिब, अशिक्षित वा चेतनाको कमी रहेका वर्गका महिलाहरूलाई प्रजनन् स्वास्थ्यसम्बन्धी ज्ञानको अतिरिक्त गर्भ निरोध साधनमा पहुँच स्थापित गर्न राज्यको तर्फबाट विशेष नीति, कार्यक्रम र त्यसको प्रभावकारी कार्यान्वयन गर्नु जरूरी हुने।

तसर्थ नेपालको संविधानद्वारा संरक्षित महिलाको प्रजनन् स्वास्थ्यसम्बन्धी मौलिक हकअन्तर्गत सबै प्रकारका गर्भ निरोध साधन र सेवामा सीमान्तकृत, अति गरिबलगायत सबै महिलाको पहुँच स्थापित हुनेगरी परिवार नियोजन राष्ट्रिय कार्यनीति, २०६८ मा आवश्यक परिमार्जन गरी अन्य आवश्यक नीति, कानून, कार्यक्रम, जनशक्ति, बजेटको व्यवस्था गरी तदारूकताका साथ कार्यान्वयन गर्न गराउन भनी विपक्षी मन्त्रिपरिषद् र स्वास्थ्य मन्त्रालयका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर: सन्तोष अवाल, रमेश आचार्य

इति संवत् २०७४ साल साउन २५ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०६८-CR-१००७, करकाप, *तिजु चाई वि. श्यामनारायण गडेरियासमेत*

अ.बं. ७८ नं. बमोजिम सद्धे किर्तेमा बयान गर्दा यी वादी / पुनरावेदकले मैले कुनै ऋण लिएको छैन। तर उक्त दिन मलाई ५।१० जना मानिस आई घरदेखि बाहिर लगी कागजमा सहिछाप गर्न लगाएका हुन, सहिछाप मेरो हो भनी कागज भएको कुरा स्वीकार गरेको देखिन्छ भने इलाका प्रशासन कार्यालय मझगाँवामा लालमन कुर्मीसमेतले बयान गर्दा यी पुनरावेदकलाई वैरघाट गा.वि.स. भवनमा ल्याई कागज गराएको भनी लेखाएको बेहोरासमेतले यी पुनरावेदकको उक्त बयानलाई समर्थन गरेको देखिएबाट पनि मिति २०६५।११।१५ को कपाली तमसुक यी पुनरावेदकले नै गरिदिएको भन्ने देखिन आउने।

पुनरावेदक वादीले मिति २०६५।११।१५ को तमसुक विपक्षी श्यामनारायण गडेरियाको अगुवाइमा अन्य मानिसहरूसमेत भई जबरजस्तीसँग मिति २०६६।४।११ मा गराएको भन्ने जिकिर लिए पनि विपक्षी श्याम नारायण गडेरियाले के कुन कारण जबरजस्तीसँग सो कागज गराए र किन त्यसमा रू.१,२५,०००।- मात्र उल्लेख भयो भन्ने सम्बन्धमा विश्वासयोग्य आधार र कारण दिन सकेको नपाइएबाट पनि २०६५।११।१५ को मिति राखी २०६६।४।११ मा विपक्षी श्यामनारायण गडेरियासमेतले करकाप गरी डर, धाक, धम्की दिई पुनरावेदक / वादीलाई जबरजस्ती कागज गराएको भन्ने कुरा तथ्यपरक देखिन आएन। त्यसमा पनि उक्त तमसुक कागज हेर्दा लेखिएका अक्षर केरमेट भएका वा काटिएका ठाउँमा समेत यी पुनरावेदक / वादीको औंठा छाप (ल्याप्चे) लागेको देखिएबाट सो तमसुक कागज अस्वभाविक प्रकृतिबाट खडा भएको मान्न मनासिब नहुँदा उक्त तमसुक करकापबाट गराएको भनी पुनरावेदकले लिएको जिकिर प्रतितलायक नदेखिने।

पुनरावेदक / वादीलाई विपक्षी श्यामनारायणसमेतले समाती घरमा लगी जबरजस्ती गरी रू.१,२५,०००।- को कागज गराउँदा हामी पुगेका थियौं, हामीलाई लखेटी भगाए भनी पुनरावेदक/वादीका साक्षी रामशंकर चाइबाट बकपत्र भएको देखिन्छ। तर त्यसरी जबरजस्ती कागज गराउँदा सो ठाउँमा पुगेको भए निजले किन कुनै प्रतिकारात्मक काम गरेनन् वा तुरून्तै लखेटिएका र भागेका भए रू.१,२५,०००।- कै कागज गराएको भन्ने निजलाई कसरी थाहा भयो भन्ने कुरा निज साक्षीको बकपत्रमा खुलेको नपाइएबाट उक्त बकपत्रसमेत विश्वसनीय हुन नआउने।

अतः माथिका प्रकरणहरूमा विवेचित आधार र कारणहरूबाट यी पुनरावेदक / वादीलाई विपक्षी प्रतिवादीहरूले मिति २०६६।११।४ मा करकाप गरी जबरजस्ती कागज गराएको भन्ने तथ्य वस्तुनिष्ठ रूपबाट पुष्टि हुन आएको नहुँदा पुनरावेदकको जिकिर तथा यस अदालतबाट मिति २०७१।३।१ मा विपक्षी झिकाउँदा उल्लिखित आधारसँग सहमत हुन सकिएन। तसर्थ प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, बुटवलबाट मिति २०६८।३।७ मा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

इति संवत् २०७४ साल माघ १४ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६८-CI-११२०, लेनदेन, *तिजु चाई वि. श्यामनारायण गडेरिया* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०६८-CR-०३१९, अवैध रक्तचन्दन काठ ओसारपसार, *अनिलकुमार शर्मा वि. नेपाल सरकार*

रक्त चन्दन नेपालको वनमा उत्पादन नभएको तथा नेपालको कुन वनमा (कहाँ) रक्त चन्दनको काठ काटिएको भन्ने अभियोग पत्रमा नखुलेको भन्ने आधारमा मात्र अन्तर्राष्ट्रिय जगतमा महत्त्वपूर्ण एवम् भावी पुस्ताका लागि संरक्षण गर्नुपर्ने वन पैदावार मानिएको रक्त चन्दनको ओसारपसार र व्यापारमा संलग्न हुने कसुरदारलाई सजाय नगरी उन्मुक्ति दिन मिल्ने नदेखिने ।

पुनरावेदक / प्रतिवादी अनिलकुमार शर्माले अदालतमा बयान गर्दा आफ्नो ट्रकबाट रक्त चन्दन बरामद भएको कुरा आफूले पत्रपत्रिकाबाट थाहा पाएको हो । मैले आफ्नो ट्रक २०६३।१२।१ देखि नै करारनामा कागज गरी धान ढुवानी गर्न भनी गब्बर (बसन्त) ठाकुरलाई मासिक २०,०००।- भाडामा दिएको हो, भाडामा लिने निज गब्बर ठाकुरले नै आफूखुसी ड्राइभर राखी गाडी चलाउने गर्दथे । निज गब्बर ठाकुरले आफूखुसी गाडी चलाएको हुँदा रक्त चन्दन ओसार पसार सम्बन्धमा मलाई कुनै थाहा जानकारी छैन भनी इन्कारी बयान गरेको देखिन्छ । उक्त ट्रकका ड्राइभर सहअभियुक्त (प्रतिवादी) लालबहादुर माझीले अदालतमा बयान गर्दा आफूलाई गब्बर ठाकुरले ट्रक चलाउन दिएको हो । निजले उक्त ट्रकमा चिउरा लोड गरिएको छ । काठमाडौं लान पऱ्यो भनी भनेकाले मैले पहिलो पटक सो ट्रक चलाई काठमाडौं लान लाग्दा प्रहरीले पक्राउ गरेको हो भनी बयान गरेकाले पनि प्रस्तुत मुद्दामा पुनरावेदक अनिलकुमार शर्माको संलग्नता रहेको थियो भन्ने तथ्य स्पष्ट रूपमा देखिन नआउने ।

ट्रकका चालक लालबहादुर माझी (सहअभियुक्त) ले आफूलाई गब्बर ठाकुरले सो ट्रक चलाउन भनेको भनी अदालतमा गरेको बयान तथा वारदातस्थलमा यी पुनरावेदक अनिलकुमार शर्माको उपस्थिति नदेखिनु, वारदातस्थलमा फेला परेका सहअभियुक्त अर्जुन कुर्मीले अदालतमा बयान गर्दा प्रतिवादी बनाइएका ड्राइभर लालबहादुर माझीबाहेक अरूलाई चिन्दिन म यात्रा गर्ने ट्रकमा चढेको थिएँ भनी गरेको बयानसमेतबाट यी पुनरावेदक / प्रतिवादी अनिलकुमार शर्माको रक्त चन्दन ओसारपसारमा संलग्नता रहेको थियो भन्ने कुरा निर्विवाद र शङ्कारहित तवरबाट पुष्टि हुन सक्ने देखिँदैन भने मुद्दामा रहेको उल्लिखित तथ्य खण्डन हुने तथा यी प्रतिवादी अनिलकुमार शर्माको संलग्नता देखिने स्पष्ट आधार प्रमाण वादी (प्रत्यर्थी) पक्षले प्रस्तुत गर्न सकेकोसमेत नदेखिएबाट शङ्काको सुविधा पुनरावेदकलाई प्राप्त हुने नै देखिने ।

मिसिल संलग्न कागजातबाट यी पुनरावेदक / प्रतिवादी कसुरमा संलग्न छन् भन्ने कुरा निर्विवाद र शङ्कारहित तरिकाबाट पुष्टि हुन सकेको अवस्था नदेखिँदा प्रस्तुत मुद्दामा यी पुनरावेदक अनिलकुमार शर्मालाई सजाय गर्न मिल्ने अवस्था नदेखिने ।

प्रस्तुत मुद्दामा प्रयोग भएको सवारीको धनीले आरोपित कसुर गरेको तथ्य निर्विवाद रूपमा पुष्टि हुन नसकेकोसमेतका माथि उल्लिखित आधार प्रमाणबाट सवारी धनीलाई सजाय गर्न मिल्ने नदेखिएकाले निजको नामको ना.२ ख ३०४६ नं. को ट्रकसमेत जफत गर्न मिल्ने नदेखिने ।

तसर्थः विभिन्न प्रकरणहरूमा उल्लिखित तथ्य, आधार र कारणसमेतबाट प्रस्तुत मुद्दामा पुनरावेदक / प्रतिवादी अनिलकुमार शर्मालाई ७ महिना कैद हुने तथा ना.२ ख ३०४६ नं. को ट्रक जफत हुने ठहर गरी भएको जिल्ला अदालत, नवलपरासीको फैसला सदर हुने ठहर गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।१।२२ को फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई पुनरावेदक / प्रतिवादी अनिलकुमार शर्माले आरोपित कसुरबाट सफाइ पाउने

र ना.२ ख ३०४६ नं. को ट्रक जफत नभई निजले फिर्ता पाउनेसमेत ठहर्ने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

इति संवत् २०७४ साल माघ १४ गते रोज १शुभम्।

५

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०६९-CR-०४७१, लागु औषध ब्राउन सुगर, *नेपाल सरकार वि. मनिष धोवी*

प्रतिवादी नियमित सेवनकर्ता रहेको भन्ने यसअघि निजले सेवनमा पाएको सजायसमेतबाट देखिन आएको र निजले आफूलाई सजाय हुने गरी लागु औषधको सेवनसम्म गरेको स्वीकार गरिरहेको अवस्थामा निज प्रतिवादीलाई लागु औषधको सेवनतर्फ सजाय गर्नु न्यायको रोहमा समेत उपयुक्त हुने देखिन्छ । तसर्थः मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी मनिष धोवीले लागु औषध सेवन गर्ने गरेको निजले पहिला पनि लागु औषध सेवनमै सजाय पाएको र सोही प्रयोजनको लागि निजले लागु औषध खरिद गरेको देखिएको हुँदा निजलाई सेवनतर्फ सजाय गर्नुपर्ने भएकाले निज प्रतिवादीलाई अभियोग दाबी तथा वादी नेपाल सरकारको पुनरावेदन मागबमोजिम लागु औषधको निकासी पैठारी ओसारपसार र बिक्री वितरणसमेततर्फ सजाय गर्न मिल्ने नदेखिने।

अदालतमा बयान गर्ने क्रममा विष्णुप्रसाद बराल र सुमन थापाले एक अर्कालाई चिन्दछु भनी बयान गरेको देखिन्छ भने ती दुवै प्रतिवादीले यी प्रत्यर्थी । प्रतिवादी मनिष धोवीलाई चिनेको छैन भनी बयान गरेको देखिएबाट पनि उल्लिखित प्रतिवादीहरूसँग यी प्रतिवादी / प्रत्यर्थी मनिष धोवीको कुनै सम्पर्क र सम्बन्ध नरहेको भन्ने देखिन आउँछ, साथै तर्कसङ्गत हुने एवम् तथ्यपरक अन्य कुराहरूबाट समेत अभियोगपत्रमा प्रतिवादी बनाइएका विष्णुप्रसाद बराल र सुमन थापासँग यी प्रत्यर्थी / प्रतिवादी मनिष धोवीको सम्बन्ध छ भन्ने कुनै आधार प्रमाण नदेखिएको अवस्थामा सँगै पक्राउ परेको भन्ने आधारमा मात्रै यी प्रतिवादी / प्रत्यर्थीले लागु औषधको निकासी, पैठारी ओसारपसार, खरिद र सञ्चयतर्फको कार्य गरेको भनी व्याख्या गर्दा त्यस्तो व्याख्या वस्तुगत नभई यान्त्रिक र मनोगतसमेत हुन जाने देखिन्छ । न्यायकर्ताले यान्त्रिक र मनोगतभन्दा पनि घटनालाई वस्तुगत रूपबाट केलाएर कानून र विवेकको उचित प्रयोग गरी निष्कर्षमा पुग्नुपर्ने भएबाट प्रस्तुत मुद्दामा प्रतिवादी / प्रत्यर्थी मनिष धोवीको आपराधिक कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (ङ) र (च) अन्तर्गतको कार्यमा पर्ने नदेखिने।

अतः उल्लिखित तथ्य, आधार र कारणसमेतबाट प्रस्तुत मुद्दामा प्रतिवादी / प्रत्यर्थी मनिष धोवीले खरिद बिक्री गर्ने जस्ता कारोबारको प्रयोजनको लागि नभई सेवन गर्ने प्रयोजनको लागि लागु औषध खरिद गरी खल्तीमा राखेको भन्ने देखिन आएको र निजले यसअघि पनि लागु औषध सेवनमा अदालतबाट सजाय पाइसकेको अवस्थामा पुनरावेदन अदालत, बुटवलबाट निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद र ऐ. दफा १६ बमोजिम थप ३ वर्ष कैद र रू. १५,०००।- जरिवाना हुने ठहऱ्याई गरेको मिति २०६९।१।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उद्धव प्रसाद गजुरेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल माघ १४ गते रोज १ शुभम्।

६

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०६९-CI-०१४४, लिखत दर्ता बदर दर्ता, *मलकिनी देवी वि. मोहित महतो कोइरीसमेत*

विपक्षी मोहित महतो वादीको लोग्ने रहेकोबाट निजलाई घरको मुख्य व्यक्ति नै मान्नु पर्ने हुन्छ। मुख्य व्यक्तिको हैसियतले निजले के कति सम्पत्ति आफूखुस गर्न पाउने हो वा पुनरावेदिकाको मन्जुरी लिनु नपर्ने हो सो सम्बन्धमा हाम्रो कानूनी व्यवस्था हेर्दा, मुलुकी ऐन, अंशबन्डा महलको १९(१) नं. ले "पिता पुर्खाको पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी,

छोरा, एकासगोलका छोरी वा बिधुवा बुहारीको मन्जुरी नभए पनि आफूखुस गर्न पाउँछ। अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउनै परे पनि उमेर नाघेका स्वास्नी, छोरा, छोरी र बिधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ। मन्जुरी नलिई गरेको सदर हुँदैन" भन्ने उल्लेख भएको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थानुसार विपक्षी मोहित महतोले आफ्ना पालामा आर्जन गरेको सम्पत्तिमा घर व्यवहार चलाउनलाई आधासम्म आफूखुस गर्न पाउने नै देखिने।

पुनरावेदिका र विपक्षी मोहित महतो दुवै उमेरले वृद्ध भएको भन्ने पुनरावेदन पत्रबाट देखिन्छ। यी वृद्ध पति पत्नी मात्र बसिरहेको घरमा घर खर्चबापत खर्च गर्नुपर्ने रकम आउने अन्य स्रोत र तरिका नदेखिनुका साथै त्यस्तो स्रोत र तरिका छ भनी पुनरावेदकले खुलाउनसमेत सकेको देखिँदैन। यस्तो अवस्थामा घर खर्चबापत खर्च हुने रकमको लागि जग्गा बेच्नुलाई अस्वभाविक तथा गैरकानूनी भनी अर्थ लगाउन मिल्ने नदेखिने।

मिति २०६४।४।२१ मा र.नं. ३७३ को पारित लिखतबाट बिक्री गरिएको अचल सम्पत्ति १-१०-० देखिएको र यसै मुद्दासाथ सुरूमा चलेको यिनै पुनरावेदक वादी विपक्षी मोहित महतो प्रतिवादी भएको अंश मुद्दामा मोहित महतोबाट पेस भएको तायदाती फाँटवारी हेर्दा सो तायदातीको विवरणमा पेस भएको जग्गा ०-१९-१४ देखिएकोले उक्त र.नं. बाट बिक्री भएको जग्गा आधाभन्दा बढी भएको देखिन आएकोले बढी जग्गा बिक्री गर्दा विपक्षी मोहित महतोले यी पुनरावेदिकाको मन्जुरी लिनु पर्नेमा सो लिएको नदेखिँदा मन्जुरी नलिएकोले मन्जुरी नलिई बिक्री गरेको लिखतको आधा लिखत बदर हुने।

तसर्थः उल्लिखित तथ्यगत र कानूनी अवस्थाका आधारमा हेर्दा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, जनकपुरले विपक्षी मोहित महतोले जग्गा बिक्री गरेको मिति २०६४।४।२१ को र.नं. ३७३ को लिखतको आधा लिखत बदर र आधा लिखत सदर हुने ठहर गरी बदर भएको आधा लिखतको २ भागको १ भाग जग्गा यी पुनरावेदिकाको नाममा दर्तासमेत हुने ठहऱ्याई गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।१०।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७४ साल माघ १४ गते रोज १ शुभम्।

इजलास नं. ४

१

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे , ०७०-WO-०६२१, उत्प्रेषण, *राजकृष्ण श्रेष्ठसमेत वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौंसमेत*

रन्जना सिनेमा हलका साझेदारहरूले नै साझेदारी फर्म विघटनपश्चात् रन्जना ट्रेड सेन्टर प्रा.लि. स्थापना गरेको भनी प्रत्यर्थीहरूले पुष्टि प्रमाणित गराउन सकेको देखिँदैन। रन्जना सिनेमा हल साझेदारी फर्म र रन्जना ट्रेड सेन्टर प्रा.लि.को सेयरधनीहरू एउटै व्यक्ति हुन् भन्ने जिकिर लिएको पनि पाइँदैन। रन्जना सिनेमा हलको साझेदारी फर्म विघटन हुनुअगावै रन्जना ट्रेड सेन्टर प्रा.लि. सेयरधनी र विघटित रन्जना सिनेमा हलका केही साझेदारहरू भएको कारोबारलाई विघटित फर्मको कारोबार भन्न मिल्ने देखिँदैन। साझेदारी फर्म विघटन भई साझेदारी फर्मको सम्पत्ति साझेदारहरूमा हस्तान्तरण भई सोमा भएको लाभमा कर भुक्तानी भइसकेको अवस्थामा पुनः सोही सम्पत्ति हस्तान्तरण भएको मानी दोहोरो कर लगाउन मिल्ने कानूनी व्यवस्थासमेत भएको नदेखिने।

यसप्रकार कर निर्धारणको अवधि समाप्त भइसकेपछि एक वर्गमा पर्ने सम्पत्ति र छुट्टै कारोबारलाई अर्को व्यक्ति र वर्गमा पारी विघटित फर्मको कारोबार भनी कर निर्धारण गर्न जारी सूचनाबाट निवेदकहरूको मौलिक एवम् कानूनी हकमा आघात पुगेको हुनाले प्रत्यर्थीहरूबाट मिति २०७०।१०।२९ मा जारी भई मिति २०७०।११।८ मा निवेदकहरूका नाउँमा तामेल

भएको आय कर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको सूचना उत्प्रेषणको आदेशद्वारा बदर गरी रिट निवेदकहरूको मागबमोजिम रिट जारी हुने।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल चैत १३ गते रोज १ शुभम्।

२

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का, ०७२-CR-०१५७, कर्तव्य ज्यान, *हरिशराम वि.क. (कामी) वि. नेपाल सरकार*

भवितव्यको वारदात कायम हुनको लागि मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ नं. बमोजिमको अवस्थाको विद्यमानता देखिनुपर्छ। ज्यानसम्बन्धीको ५ नं. मा "ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्लाजस्तो नदेखिएको कुनै काम गर्दा त्यसैद्वारा केही भई मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । घरायसी कलहका कारण प्रतिवादीले चक्कुजस्तो धारिलो हतियारले मृतकको संवेदनशील अङ्ग, छाती र पेटमा चार चारवटा ठाउँमा घातक प्रहार गरेको र सोही प्रहार र चोटका पिरले मृतक नविन वि.क. को मृत्यु भएको देखिएको अवस्थामा उक्त वारदातलाई ज्यानसम्बन्धीको ५ नं. मा उल्लेख भएबमोजिम भवितव्यको वारदात मान्न मिल्ने नदेखिने।

तसर्थ माथि उल्लिखित आधार प्रमाणबाट प्रतिवादी हरिशराम वि.क. ले चक्कु प्रहार गरेको कारण निजको छोराको मृत्यु हुन गएको देखिन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर भएको सुरू फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत, दिपायलको मिति २०७१।१२।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी हरिशराम वि.क.लाई ज्यानसम्बन्धीको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने गरी भएको फैसला सदर हुने ठहरे तापनि प्रतिवादीले आफ्नै छोरा मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी केही देखिँदैन। निजले पूर्वयोजनाका साथ मारेको पनि देखिँदैन। प्रतिवादीले रक्सी सेवन गरेर घरमा आई घरभित्रबाट ओढ्ने ओछ्याउने कपडा लिएर घरनजिकै रहेको बाख्रा खोरमा गई सुतिरहेको अवस्थामा उक्त राति १० बजे मृतक छोरा पनि रक्सी सेवन गरेर घरमा आई घरभित्र रहेका भाँडाकुँडा, लत्ताकपडासमेत बाहिर फाली हातमा फरूवा लिएर आफ्नो बुबा सुतिरहेको बाख्रा खोरमा गई आफ्नो बुबा यी प्रतिवादीसँग झगडा गरेको भन्ने मृतकको आमा तथा श्रीमतीको बकपत्रबाट समेत देखिन आएकोले प्रतिवादीलाई उत्तेजित पार्ने कार्यमा स्वयम् मृतकको पनि भूमिका रहेको देखियो। यी तथ्यहरूबाट रक्सीको नसामा रहेका बाबुछोराबीच परस्परमा भनाभन तथा हात हालाहाल हुँदा उक्त वारदात घटेको देखिएको तथा प्रतिवादीले सम्पूर्ण घटनालाई नलुकाई कसुर स्वीकार गरी अनुसन्धान तथा न्यायिक प्रक्रियामा समेत सहयोग पुऱ्याएको अवस्थालाई समेत दृष्टिगत गर्दा सजायको हकमा निजलाई सर्वस्वसहित जन्मकैद गर्दा अलि चर्को नै पर्ने देखिएकोले र सजायको हकमा १५(पन्ध्र) वर्ष कैद गर्दा न्यायको मकसद पनि पूरा हुने देखिँदा प्रतिवादी हरिशराम वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १८८ नं. बमोजिम कैद वर्ष १५(पन्ध्र) हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का, ०७३-CR-०२२९, कर्तव्य ज्यान, *कालु सिंह नायक (नेगी) वि. नेपाल सरकार*

प्रतिवादी कालु सिंह नायक (नेगी) ले आमालाई मार्ने पूर्वमनसाय नराखेको भए पनि

जग्गासम्बन्धी विवाद हुँदा तत्काल उठेको रिस थाम्न नसकी आवेशमा आई आमाले प्रयोग गर्ने गरेको काठको लट्ठीले निजको आमामाथि प्रहार गरेको कारण सोही चोटपीडाबाट निजको मृत्यु हुन गएको तथ्य स्थापित हुन आयो । मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. मा "ज्यान मार्नाको मनसाय रहेनछ ज्यान लिनसम्मको इवि पनि रहेनछ लुकी चोरीको हानेको पनि रहेनछ । उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुंगा, लात, मुक्का इत्यादीले हान्दा सोही चोटपीरले ऐनको म्यादभित्र ज्यान मरेमा १०(दश) वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रतिवादीको कसुर उक्त कानूनमा उल्लिखित व्यवस्थाअन्तर्गतको रहे भएको देखिन आएकोले सोहीअनुसार कसुरदार कायम गरी सजाय गरेको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिने ।

प्रमाण ऐन, २०३१ को दफा २७ मा प्रतिवादीले सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुराको जिकिर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा प्रतिवादीको कार्यबाट मृतकको मृत्यु भएको होइन भन्ने वस्तुनिष्ठ आधार प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा कसुरबाट पूर्णरूपमा सफाइ पाउनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः उपर्युक्तबमोजिम विवेचित आधार कारणबाट प्रतिवादी कालुसिंह नायक (नेगी) लाई ज्यानसम्बन्धीको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहर भएको सुरू फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७३।१।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम् ।

इजलास नं. ५

१

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की, ०६८-CR-१३४७, कर्तव्य ज्यान, *सन्तमाया शेर्पा वि. नेपाल सरकार*

मृतकको दिदी जुनुमायाले अधिकारप्राप्त अधिकारीसमक्ष कागज गर्दा भाइले सन्तमायाका छोराको सीम कार्ड चोरेको भनी सन्तमायाले लात्तीले ३/४ पटक पिटेको भनी पोल गरेको र सो पोललाई समर्थन गरी अदालतसमक्ष बकपत्र गरिदिएको पाइयो । मृत्युको कारण Hanging associated with blunt force injury to the head भन्ने Autopsy Report बाट खुल्न आएको र सो रिपोर्टलाई समर्थन गर्दै पोष्टमार्टम गर्ने विशेषज्ञ डा. जेनस आचार्यले सन्तोष गुरूङको मृत्युको कारण टाउकोमा चोट लागेपश्चात् झुण्डिएर मृत्यु भएको भनी अदालतसमक्ष उपस्थित भई बकपत्र गरिदिएको पाइन्छ । बच्चालाई कुटपिट नगरेको र निजले आफैँ झुण्डिई मृत्यु भएको भनी पुनरावेदक प्रतिवादीले अदालतसमक्ष इन्कारी बयान गरे पनि मृतकको टाउकोमा के कसरी चोट पर्न गयो भन्ने कुरा खुलाउन सकेको पाइँदैन । पुनरावेदक प्रतिवादीले मृतकलाई कुटपिट गरेको देख्ने जुनुमायाले कुटपिट गरेको कुरा नभन्नु भनी प्रतिवादीले भनेको भनी अदालतमा बकपत्र गरेको अवस्थासमेतका तथ्य प्रमाणबाट सन्तोष गुरूङको मृत्यु आफैँ पासो लगाई भएको नभई पुनरावेदक प्रतिवादी सन्तमाया शेर्पाले कुटपिट गरेपश्चात झुण्ड्याई हत्या गरेको भन्ने नै देखिन आउने ।

पुनरावेदक प्रतिवादीले बच्चालाई लात्ताले हान्दा टाउकोमा चोट लागेपछि सोबाट बच्न घाइते बालकलाई ट्वाइलेटमा लगी टाइको पासो लगाइदिएको कारण मृत्यु हुन पुगेकाले मृतकको घाँटीमा नागवेली U आकारको पासोको डाम देखिनु मात्रले आत्महत्या नै हो भन्न मिल्दैन । टाउकामा गहिरो चोट लागेको एउटा

१३ वर्षको नाबालकले उठी ट्वाइलेटमा पसी आफैँ पासो लगाई आत्महत्या गरे होलान् भनी अनुमान गर्नु सर्वथा अन्यायपूर्ण हुन जाने।

एउटा बच्चालाई गल्ती गर्नबाट रोक्ने र सम्झाउने दायित्व अभिभावकत्व निर्वाह गर्ने संरक्षक वा अभिभावकले गर्न सक्ने नै हुन्छ। तर सम्झाउने बुझाउने नाउँमा कुटपिट गरी बेहोस बनाई तत्पश्चात घाँटीमा पासो लगाई झुण्ड्याउनेसम्मको कार्य संरक्षकत्व प्रदान गर्ने व्यक्तिबाट हुनु अमानुसिक र अमानवीय कार्यको कोटीमा पर्छ। बालकको टाउकोमा गहिरो चोट लागेपश्चात् झुण्डिएर मृत्यु हुनु नै मृत्युको जरिया रहेको अवस्थामा पुनरावेदकको बच्चालाई मार्नु पर्नाको मनसाय आफैँ पुष्टि भएकाले पूर्वरिसइवी थियो थिएन भनी हेरिरहनु पर्ने नदेखिँदा पुनरावेदकलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्ने फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणको आधारमा पुनरावेदक प्रतिवादी सन्तमाया शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।६।३ को फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल भदौ १२ गते रोज २ शुभम्।

२

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की, ०७१-CI-०२२८, लिखत बदर, *बिसुराम महरा वि. डिलमाया डाँगी महरा*

अ.बं. २९ नं. ले जग्गा, घर रहेको ठाउँ जाँच्नु पर्ने देखिएको अवस्थामा त्यस्तो इलाकाको अड्डाबाट मात्र मुद्दा हेर्नुपर्छ भनी क्षेत्राधिकार निर्धारण गरी गरेको कानूनी व्यवस्थालाई जुनजुन इलाकामा घर जग्गा रहेको छ सोहीसोही इलाकामा अंश मुद्दा गर्दै जानुपर्छ भनी अर्थ गर्न मिल्दैन। त्यस्तो घर जग्गा रहेको एउटा इलाकामा दायर भएको अंश मुद्दाको रोहबाट जुनसुकै इलाकामा रहे भएको सम्पत्तिसम्बन्धमा हेरी बुझी अंश गर्नुपर्ने। प्रत्यर्थी वादीले पुनरावेदक प्रतिवादीमध्येका बिसुराम महराउपर दाङ देउखुरी जिल्ला अदालतमा अंश मुद्दा दायर गरी सो अंश मुद्दामा दाङ देउखुरी जिल्ला अदालतबाट सुनुवाइ भई फैसलासमेत भएको र लिखत बदर मुद्दा अंश मुद्दासँग सम्बन्धित भएको अवस्थामा जुन जिल्लाले अंश मुद्दामा क्षेत्राधिकार ग्रहण गरी फैसला गरेको छ सोही जिल्ला अदालतमा लिखत बदर मुद्दा दायर गर्न र हेर्न सक्ने नै देखिने।

अंश मुद्दाकै वादी डिलमाया डाँगी महरा वादी र प्रतिवादीहरू बिसुराम महरासमेत भई प्रस्तुत लिखत बदर मुद्दा चलेको पाइयो। वादी डिलमाया डाँगी महरा दाङ जिल्लामा नै रहे बसेको भन्ने आधारमा अंश मुद्दा ग्रहण गरी सो मुद्दामा प्रमाण बुझी सुरू जिल्ला अदालतले फैसलासमेत गरिसकेको अवस्थामा सोही अंशमुद्दासँग सम्बन्धित उनै वादीले उनै प्रतिवादीउपर दिएको लिखत बदर मुद्दामा मुलुकी ऐन, अ.बं. २९ नं. को क्षेत्राधिकार नभएको भनी फिराद खारेज गर्ने गरी भएको सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला मिलेको रहेछ भनी अर्थ गर्न नमिल्ने।

विवादित कि.नं. को जग्गा प्रतिवादी बिसुराम महरा दिने र खेमा महरा लिने भई मिति २०६८।५।५ मा र.नं. ४९७ को लिखत पारित गरी लिनुदिनु गरेको भन्नेमा विवाद देखिएन। पुनरावेदक प्रतिवादी बिसुराम महरासमेतलाई प्रतिवादी बनाई यिनै प्रत्यर्थी वादीले मिति २०६८।४।२४ मा अंश मुद्दा दायर गरी मिति २०६८।४।२६ मा पुनरावेदक प्रतिवादीका नाममा सो अंश मुद्दाको म्याद कानूनबमोजिम तामेल भइसकेपछि प्रत्यर्थी वादीलाई थाहा जानकारी नै नदिई उल्लिखित विवादित कि.नं. को जग्गा पुनरावेदक प्रतिवादीले खेमा महराका नाममा मिति २०६८।५।५ मा राजीनामा लिखतबाट लिनुदिनु गरेको देखियो। अंश मुद्दा परी विचाराधीन रहेको अवस्थामा प्रत्यर्थी वादीहरूसमेतको अंश हक लाग्ने जग्गा नै पुनरावेदक प्रतिवादीले खेमा

महरालाई राजीनामा लिखत गरी दिएको कार्यबाट प्रत्यर्थी वादीहरूको अंश हक मर्न जाने देखिँदा प्रत्यर्थी वादीहरूको अंश हक जति ३ खण्डको २ खण्ड लिखत बदर हुने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नसकिने।

अतः विवेचित तथ्य एवम् कानूनी व्यवस्थासमेतको आधारमा क्षेत्राधिकारको आधारमा फिराद दाबी खारेज गर्ने गरी भएको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६९।९।२२ को फैसलालाई उल्टी गरी पुनरावेदक प्रतिवादी बिसुराम महराले र.नं. ४९७ मिति २०६८।५।५ मा गरिदिएको लिखतबाट वादीहरूको अंश हकजति ३ खण्डको २ खण्ड लिखत बदर भई वादीहरूका नाममा दर्तासमेत हुने ठहर गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।१।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल मार्ग ४ गते रोज २ शुभम्।

- यसै लगाउको ०७१-CI-०२२७, बकसपत्रको लिखत बदर, *बिसुराम महरा वि. डिलमाया डाँगी महरा* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की, ०७१-CR-१०४६, कर्तव्य ज्यान, *चन्द्रकुमारी अर्याल वि. नेपाल सरकार*

प्रतिवादीले पूर्वयोजना र तयारीका साथ प्रस्तुत वारदात घटित गराएको नदेखिए तापनि एउटा साधारण समझ र मिजासको मानिसले हँसिया जस्तो जोखिमी हतियारले जथाभावी प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने कुरा सहजै बुझ्न सकिने विषय हो। तसर्थ प्रतिवादीले मृतकउपर धारिलो जोखिमी हतियारले टाउको पछाडिबाट संवेदनशील अङ्गमा प्रहार गरेको कार्यले मनसाय तत्त्वलाई समेत अप्रत्यक्ष रूपमा प्रकट गरेको मान्नु पर्ने।

अत: धारिलो हतियार हँसियाले घाँटीको पछाडि संवेदनशील भागमा प्रहार गरी मृतकको मृत्यु भएको देखिएको प्रस्तुत वारदात ज्यानसम्बन्धी महलको १४ नं. ले परिभाषित गरेको आवेशप्रेरित हत्याअन्तर्गत पर्ने देखिएन। १४ नं. आकर्षित हुनको लागि जोखिमी हतियारको प्रयोग नभई साधारण लाठा, ढुङ्गा, लात, मुक्काले हानेको हुनु अनिवार्य हुन्छ। प्रस्तुत मुद्दामा हँसियाजस्तो जोखिमी हतियारको प्रयोग भएको देखिएको छ। तसर्थ प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।८।७ को फैसला मनासिब देखिने।

वारदात घटित हुनमा मृतक स्वयंको कार्य पनि महत्त्वपूर्ण देखिएको छ। मृतकले नै प्रतिवादीलाई घरायसी कुरामा निहुँ खोजी तँलाई मार्छु भनी भनेको क्रियाबाट प्रस्तुत वारदात घटित हुन गएको देखियो। प्रतिवादीले आरोपित कसुरमा साबित रही अनुसन्धान र अदालतमा बयान गरी न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको अवस्था पनि रहेको हुँदा अ.बं. १८८ नं. प्रयोग गरी सजायमा कमी गर्न उपयुक्त देखिन्छ। मिसिल संलग्न उल्लिखित कारण र अवस्थाका साथै वारदात हुँदाको परिस्थितिलाई दृष्टिगत गर्दा प्रतिवादीलाई हदैसम्मको सजाय गर्दा चर्को पर्ने देखियो। तसर्थ पुनरावेदन अदालत पाटनबाट मिति २०७०।८।७ मा प्रतिवादी चन्द्रकुमारी अर्याललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम कसुरमा सजाय गर्ने गरेको फैसला मिलेको देखिँदा सदर हुने र मुलुकी ऐन, अं ब १८८ नं बमोजिम प्रतिवादीलाई १६(सोह्र) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की, ०७१-CR-०३४०, जबरजस्ती

करणी, *शोभित लम्साल वि. नेपाल सरकार*

जबरजस्ती करणीजस्तो जघन्य अपराध त्यसमा पनि जबरजस्ती करणीबाट प्रत्यक्ष रूपमा पीडित १२ वर्षकी बालिकाले सिलसिलाबद्ध रूपमा अन्य व्यक्तिसँग आफू पीडित भएको भनी व्यक्त गरेको कुरालाई त्यस्ता व्यक्तिले अदालतमा आई गरेको बकपत्रलाई मिसिल संलग्न अन्य प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा त्यस्ता व्यक्तिले गरेको बकपत्र सुनी जान्ने प्रमाणको रूपमा नलिई प्रत्यक्ष प्रमाणको रूपमा लिनुपर्ने। पीडितको स्वास्थ्य परीक्षणबाट Mild redness in upper medical aspect of right thigh, mild abrassion and rednees in the libia minora of vagina भन्ने उल्लेख हुनुका साथै पीडितको स्वास्थ्य परीक्षण गर्ने डा. सलभ सापकोटाले अदालतमा बकपत्र गर्दा पीडितको दाहिनेपट्टिको तिघ्राको माथिल्लो र भित्री साइडमा हल्का रातोपन रहेको, कन्याजालीमा दखल पुग्ने गरी निलडाम रहेको र पीडित भएको मानिएको अवस्था असामान्य थियो भनी बकपत्र गरेको देखिँदा प्रतिवादीले आरोपित कसुरमा इन्कार रही गरेको बयान र पुनरावेदन जिकिर समर्थित हुन नसकी १२ वर्षकी शरीरको एकपाटो नचल्ने बालिकालाई यी प्रतिवादी सोभित लम्सालले जबरजस्ती करणी गरेको पुष्टि हुन आउने।

सोह्र वर्षभन्दा कम उमेरकी बालिकाको मन्जुरी लिई वा नलिई करणी गरेमा जबरजस्ती करणी गरेको मानिने र यस्ती कलिलो उमेरकी बालिकाउपर करणी गर्ने उद्देश्यले मन्जुर लिएरै भएपनि मन्जुरी लिएको नमानिने र त्यस्ती बालिकाको मष्तिष्क पूर्णरूपमा विकसित भइनसकेको हुनाले नाबालिकाले स्वतन्त्ररूपमा त्यस्तो कार्यको प्रकृति र परिणामसमेत महसुस गरी मन्जुरी वा सहमति जनाउन नसक्ने हुँदा बालिकालाई विशेष संरक्षणको व्यवस्था गरी पीडितको उमेरको आधारमा पीडकलाई भिन्नभिन्न सजायको व्यवस्था गरेको पाइन्छ । प्रस्तुत मुद्दामा पीडित बालिका १२ वर्षकी र अपाङ्गसमेत हुँदा प्रतिवादीलाई सजाय गर्ने सन्दर्भमा प्रतिवादीउपर कसुरको गाम्भीर्यको आधारमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. र सोही महलको ३क. नं. आकर्षित हुने। पीडित बालिका शरीरको एकपाटो नचल्ने अपाङ्ग भएको देखिएको र चकलेटको प्रलोभन देखाई कोठाभित्र लगी जबरजस्ती करणी गरेको हुँदा पुनरावेदक प्रतिवादी सोभित लम्साललाई उक्त महलको ३(२) नं. बमोजिम ८ वर्ष र ३क. नं. बमोजिम थप ५(पाँच) वर्ष थप कैदसमेत १३ वर्ष कैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब नै देखिने।

तसर्थ उपर्युक्त तथ्य, कानूनी व्यवस्था र विवेचित आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी सोभित लम्साललाई मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. विपरीत कसुरमा सोही महलको ३(२) नं. बमोजिम ८(आठ) वर्ष कैद र ३क. नं. बमोजिम थप ५(पाँच) वर्ष गरी जम्मा १३(तेह्र) वर्ष कैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल कात्तिक ३ गते रोज ४ शुभम्।

५

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की, ०७१-CR-१६६६, घुस रिसवत लिई भ्रष्टाचार गरेको, *कृष्णप्रसाद पनेरू वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले रकम नमागेको र निजसँग बार्गेनिङसमेत नभएको हुँदा प्रतिवादीलाई सजाय हुनुपर्ने होइन भनी उजुरकर्ताले बकपत्र गरेको पाइन्छ । जसको टेवलको घर्राबाट रकम बरामद भएको हो त्यो व्यक्तिलाई उजुरकर्ताले पोल गरेको र अभियोजन पक्षले प्रतिवादी कायम गर्न सकेकोसमेत देखिँदैन । मालपोत अधिकृतको कोठाको घर्राबाट बरामद भएको रकम यी पुनरावेदक प्रतिवादीले घुस लिएकै रकम हो भनी पुष्टि गर्ने ठोस प्रमाण अभियोजन पक्षले गुजार्न सकेकोसमेत नपाइने।

उजुरकर्तासँगै गएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले एउटा कोठाको घर्राबाट रकम बरामद गरी अर्को कोठामा रहेका पुनरावेदक प्रतिवादीलाई पक्राउ गरी खानतलासी लिएको भन्ने खानतलासी मुचुल्कासमेतबाट खुल्न आएको र सो रकम लिनुदिनु गरेकै अवस्थामा पुनरावेदक प्रतिवादी पक्राउमा परेको भन्नेसमेत खुल्न सकेको पाइँदैन । यस्तो अवस्थामा अनुमानको आधारमा मात्र घुस रिसवत लिई भ्रष्टाचार गरेको भनी व्याख्या गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने हुँदा पुनरावेदक प्रतिवादीले घुस रिसवत लिएको नदेखिने ।

घुस रिसवत लिएकोमा प्रतिवादीले अदालतमा पूर्ण इन्कारी बयान दिएको पाइन्छ । उजुरकर्ताले अदालतमा बकपत्र गर्दा रकम माग्ने व्यक्ति रमेशकुमार भट्टराई भएका हुँदा पुनरावेदक प्रतिवादीलाई सजाय हुनुपर्ने होइन भनी लेखाएका, बरामदी रकम पुनरावेदक प्रतिवादीको सँगसाथबाट बरामद हुन नसकी मालपोत अधिकृतको टेवुलको घर्राबाट बरामद भएको, पुनरावेदक प्रतिवादीलाई पक्राउ गर्दा निजको आफ्नै कार्यकक्ष हालसाबिक फाँटबाट पक्राउ गरिएको, उजुरकर्ताको फाइल पुनरावेदक प्रतिवादीसँग नभई रमेशकुमार भट्टराईसँगै रहेको अवस्थामा पुनरावेदक प्रतिवादीलाई उजुरकर्ताको अधिकारप्राप्त अधिकारीसमक्षको बयानकै आधारमा मात्र दोषी ठहर गर्न मिल्ने नदेखिने ।

अतः उल्लिखित तथ्य एवम् प्रमाणबाट पुनरावेदक प्रतिवादी कृष्णप्रसाद पनेरूलाई अभियोग दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिम १ (एक) महिना कैद र ऐ. दफा ३(१) बमोजिम रू.१०,०००।- (दश हजार रूपैयाँ) जरिवाना हुने ठहर गरी विशेष अदालतबाट मिति २०७१।११।२९ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई पुनरावेदक प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ।

उपरजिष्ट्रार: इन्दिरा शर्मा

इति संवत् २०७४ साल पुस १७ गते रोज २ शुभम् ।

इजलास नं. ६

१

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की, ०६३ सालको स.फौ.नं.३८२६, गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, *सरस्वती ढुंगानासमेत वि. नेपाल सरकार*

प्रतिवादी केदारनाथ ढुंगाना सरकारी सेवाको अधिकांश सेवा अवधिमा राजस्व प्रशासन खासगरी भन्सार विभाग र भन्सार कार्यालयहरूमा रहेको देखिन्छ । नोकरी अवधिमा निजले खरिद गरेका जग्गाहरू र बनाएका घरहरूलाई सो समयमा कार्यालयहरूसँग आबद्ध गरी हेर्दा कुल रू.१,५८,६७,१२१।९५ बराबरको सम्पत्ति रहेकोमा सोमध्ये रू.१,३१,५३,०२१।७५ को सम्पत्तिको स्रोत नखुलेको र जम्मा रू.२७,१४,१००।२० बराबरको सम्पत्तिको स्रोत नखुलेको देखिएकोमा केदारनाथ ढुंगानाको पारिश्रमिक रू.५,३०,६३२।– मध्येबाट रू.११,०९०।२० लाई निजको तलब जम्मा हुने बैंक खाता (नेपाल बैंक लिमिटेड, वीरगञ्ज) को स्रोत खुलेको आय मानेर कट्टा गरी सोबाट बाँकी हुन आउने रू.५,१९,५४१।८० लाई विशुद्ध मानवीय आधारमा स्रोत नखुलेको कुल रू.१,३१,५३,०२१।७५ बाट घटाई खुद हुन आउने रू.१,२६,३३,४७९।९५ लाई स्रोत नखुलेको गैरकानूनी सम्पत्तिको रूपमा दाबी लिएको पाइने ।

कानूनमा हदम्यादसम्बन्धी गरेको व्यवस्था सामान्यत: सजायको अन्तिमतासम्बन्धी सिद्धान्तसँग सम्बन्धित विषय हो । यसको अर्थ कानूनको उल्लङ्घनमा संलग्न व्यक्तिले पाउनुपर्ने सजायको अन्तिमता होइन । कानूनको अस्पष्टता र बृहत्तर व्यवस्थालाई समयानुकूल बनाउन नै कानूनमा समय सापेक्ष सुधार र संशोधनको व्यवस्था रहेको हुन्छ । भ्रष्टाचार निवारण ऐन, २०१७ मा रहे भएका यस्तै कमीकमजोरीहरूलाई हटाउन नै भ्रष्टाचार निवारण

ऐन, २०५९ जारी गरिएको विधायिकी मनसायलाई अनदेखा गर्न मिल्दैन । पछिल्लो भ्रष्टाचार निवारण ऐन, २०५९ ले गैरकानूनी सम्पत्ति आर्जनलाई कसुर कायम गरी त्यस्तो विद्यमान सम्पत्तिमा साबिक ऐनले कसुर कायम नगरेको भनी त्यस्तो सम्पत्तिको स्रोत नै खोजी गर्न पाइँदैन भन्ने अर्थ गर्न नमिल्ने ।

प्रतिवादी केदारनाथ ढुंगानासमेतले पैतृक सम्पत्ति निज अर्चना घोषलाई बकसपत्रबाटै हक हस्तान्तरण गर्न दिए होलान् भनी मान्दा पनि सोही जग्गा पुन: आफैँले कुन हैसियत र अवस्थाबाट प्राप्त गरेका हुन् भन्ने नखुलाई लिखतमा बकसपत्रबाट प्राप्त गरेको हो भन्दैमा विश्वास गर्न सकिने अवस्था देखिँदैन । पैतृक सम्पत्ति हक हस्तान्तरण भइसकेपछि पितृको नाममा पुन: आफैँले सुरक्षित गर्ने चाहनाबारे अनुमान लगाउन सके पनि सो सम्पत्ति बिना मूल्य, बिनाकारण प्राप्त भयो भन्ने कुरालाई स्वीकार गर्न सकिने अवस्था भने नदेखिने ।

यस स्थितिमा माथिका प्रकरणहरूमा विवेचित आधार र कारणहरूबाट जाँच अवधिमा प्रतिवादी केदारनाथ ढुंगानाले आर्जन गरेको चल अचल सम्पत्तिको निर्माण लागत एवम् खरिद मूल्य र बैंक मौज्दात विवरणका आधारमा रू.६५,४७,२६०।३५ का चल अचल सम्पत्ति आर्जन गरेको र रू.३८,३५,६१८।२५ को चल अचल सम्पत्तिको स्रोत पुष्टि नभएको भनी स्रोत खुलेको र नखुलेको सम्पत्ति अलग छुट्ट्याई एकमुष्ट रूपमा हिसाब गरी एकमुष्ट बिगोमध्ये केही हिस्सालाई स्रोत खुलेको र केही सम्पत्ति भाग हिस्सा मात्र स्रोत खुल्न नसकेको ठहऱ्याई जफत गर्ने गरी भएको सुरू विशेष अदालतको फैसला मनासिब नै देखिने ।

तसर्थ, प्रतिवादी केदारनाथ ढुंगानाको नाउँको ने.बै.लि. वीरगञ्जको बचत खाता नं. २४९५।०२ को रू.११,०९०।२०, प्रतिवादी केदारनाथ ढुंगाना, विनिता ढुंगाना र अनिता ढुंगाना (पौडेल) को नाउँको ने.रा.बैं.बाट निष्काशित क्रमशः रू. ४,००,०००।–, रू. ४,००,०००।– र रू.४,००,०००।– का बचतपत्रहरू प्रतिवादी अरूण ढुंगानाको नाउँको नेपाल इन्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि. को रू.४,०००।– को ४० कित्ता सेयर प्रतिवादी केदारनाथ ढुंगानाको नाउँको ललितपुर ५(छ) स्थित घर, गोठ, स्टोर कोठा, पालेघर र पार्किङ सेडसमेतको जम्मा लागत मूल्य रू.१८,६४,१६२।– मध्ये रू.११,२७,१९३।३० सम्मको भाग हिस्सा तथा सो घरमा रहेको मूल्य रू.१,७६,४५८।५० को आन्तरिक सजावट तथा फर्निचर र मूल्य रू.१,९२,९००।– का विद्युतीय सामानहरूसमेत जम्मा रू.२७,११,६४२।– को स्रोत पुष्टि भएको चल अचल सम्पत्तिबाहेक स्रोत पुष्टि नभएको प्रतिवादी केदारनाथ ढुंगानाको नाउँको हिमालयन बैंक, भरतपुरको खाता नं. ०१११३० जे को रू.१,७८,३४६।२१, निजकै नाउँको नेपाल बंगलादेश बैंक पुतलीसडकको खाता नं.०६९३०१एस को रू.२,४३,५७६।७८, प्रतिवादी सरस्वती ढुंगानाको नाउँको नेपाल बंगलादेश बैंक, पुतलीसडकको खाता नं.०८९९८१एस को रू.१,११,०६५।५२, प्रतिवादी विनिता ढुंगानाको नाउँको नेपाल बैंक लिमिटेड पाटन औद्योगिक क्षेत्रको खाता नं.०४३८५५० को रू.२,७५,७७१।४३ समेत जम्मा रू.१०,९४,१३५।३३ प्रतिवादी केदारनाथ ढुंगानाका नाउँको नेपाल आ.वि. वित्त कम्पनी, एभरेष्ट बैंक लि., नेपाल इन्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि. तारागाउँ होटलको तथा प्रतिवादी सरस्वती ढुंगानाको नाउँको सिद्धार्थ एपोलो हस्पिटलको जम्मा रू.१,२८,३९०।– को सेयर कित्ताहरू, प्रतिवादी सरस्वती ढुंगानाको नाउँको ललितपुर नगरपालिका वडा नं. ५(च) स्थित कि.नं. २०४ को जग्गा, निजैका नाउँको भरतपुर नगरपालिका वडा नं. ६(ङ) स्थित कि.नं. २०८ को जग्गा र घर तथा प्रतिवादी केदारनाथ ढुंगानाको नाउँको ललितपुर नगरपालिका वडा नं. ५(छ) स्थित कि.नं. १२१ र १२२ मा बनेको लागत मूल्य रू.१८,६४,१६२।- को घर, गोठ, स्टोर कोठा, पालेघर र पार्किङ सेडमध्ये रू.७,३६,९६८।७० सम्मको भाग हिस्सासहितको चल अचल सम्पत्ति र

सोबाट बढेबढाएको सम्पत्तिसमेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा दफा ४७ बमोजिम जफत हुने र प्रतिवादी केदारनाथ ढुंगानाको मृत्यु भइसकेको देखिँदा मुलुकी ऐन, दण्ड सजायको महलको ३ नं. बमोजिम केही सजाय गर्नु नपर्ने भनी सुरू विशेष अदालत, काठमाडौंबाट मिति २०६२।०७।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल जेठ २२ गते रोज २ शुभम्।

२

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७०-CI-००६८, अंशबन्डा लिखत बदर, *सुरेन्द्रकुमार चौधरी वि. हेमन्तकुमार चौधरीसमेत*

अंश नामसारी मुद्दाको तायदाती फाँटवारीमा पेस भएको जग्गा यी प्रतिवादीहरूबीच एकआपसमा बन्डा गर्दा वादीहरूको पनि उपस्थिति अनिवार्य हुनुपर्नेमा यी वादीहरूलाई थाहा जानकारी नै नदिई बन्डा पारित भएको देखियो। यी वादीहरू म सुरेन्द्रकुमार चौधरीको अंश खाने हकदार एवम् आश्रित परिवार भई निजहरूको अंश म प्रतिवादी सुरेन्द्रकुमार चौधरीको जिम्मा रहेको अवस्थामा सो लिखतबाट यी वादीहरूको अंश हकमा कुनै असर परेको छैन भनी प्रतिवादी सुरेन्द्रकुमार चौधरीको पुनरावेदन जिकिर भए तापनि पारित बन्डापत्रमा यी वादीहरूको आफ्नो सहमति, उपस्थित एवम् मन्जुरी रहे भएको नदेखिँदा सुरू फैसलाबाट यी वादीलाई प्राप्त हुन आएको अंशको नैसर्गिक हकलाई उक्त पारित अंशबन्डाको लिखतले प्रभाव पार्ने नै देखिन आउने।

वादीहरू पुनरावेदक प्रतिवादी सुरेन्द्रकुमार चौधरीको अंशबाट अंश पाउने पत्नी एवम् छोरा नाताका मानिस भएको देखिँदा मूल अंशियारबीच भएको बन्डापत्रको लिखत प्रस्तुत मुद्दाको रोहमा सबै बदर गर्नु न्यायसङ्गत हुँदैन। यसअघि चलेको संवत् २०६० सालको दे.नं. १०८७ को अंश नामसारी मुद्दामा नाथुप्रसाद चौधरी र वीरेन्द्रकुमार चौधरी मूल ३ अंशियारा रहेका हुँदा ३ भागको १ भाग सुरेन्द्रकुमार चौधरीको अंशबाट पुन: ५ भाग लगाई सोबाट ३ भाग अंश वादीले छुट्ट्याई लिन पाउने ठहरेको देखिँदा प्रतिवादीहरूको अंश भागमा पर्ने जग्गाको हदसम्मको लिखतले मात्र कानूनी मान्यता नपाउने हुँदा सम्पूर्ण अंशबन्डाको लिखतलाई नै बदर हुने ठहर भएको सुरू नवलपरासी जिल्ला अदालतको फैसला नमिलेकोले सो हदसम्म केही उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको फैसला अन्यथा भन्न मिल्ने देखिन नआउने।

अत: विवेचित आधार एवम् कारणहरूबाट सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६८।७।२७ को फैसलासमेत भएको अंश नामसारी मुद्दामा सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०६३।२।१५ मा भएको फैसला पुनरावेदन अदालत, बुटवलबाट मिति २०६४।२।१४ मा भएको फैसला र सर्वोच्च अदालतबाट मिति २०६५।११।२३ मा भएको फैसलाबमोजिम उक्त अंश नामसारी मुद्दामा वादीले अंश पाउने ठहरिएको सम्पत्तिसमेत समावेश गरी अंशबन्डा लगाई मालपोत कार्यालय, नवलपरासीबाट मिति २०६३।४।२५ मा र.नं. ७०८ बाट प्रतिवादीहरूले आपसमा पारित गराई लिएको बन्डापत्रको लिखतमध्ये प्रस्तुत मुद्दाका वादीको अंश भागमा पर्ने ठहर भएको भाग हिस्साको सम्पत्तिको हदसम्मको पारित लिखत र सो नाताले भएको नामसारीसमेतका कामकारबाही बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।५।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल जेठ ८ गते रोज २ शुभम्।

३

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-CR-०९००, कर्तव्य ज्यान, *सोमवीर राई वि. नेपाल सरकार*

प्रतिवादी सोमवीर राईले अदालतमा उपस्थित

भई बयान गर्दा वारदातस्थलमा उपस्थित भएको कुरा स्वीकार गरे पनि आफूले मृतकलाई समातेकोमा भने इन्कार रही बयान गरेका छन् । अनुसन्धानको क्रममा घटना विवरण कागज गर्ने प्रत्यक्षदर्शी शिवप्रसादले वारदातलाई समर्थन गर्दै सोमवीरको मृतकसँग वादविवाद भएको भनी लेखाएका छन् । जाहेरवाला दिनेश राईले जाहेरी बेहोरालाई समर्थन गर्दै सोमवीरले मृतकलाई समातेको थियो भनी अदालतमा उपस्थित भई बकपत्र गरेका रहेछन् । बुझिएका मानिस लक्ष्मण राई वस्तुस्थिति मुचुल्काका मानिस भुवन सिंह राईले आफ्नो अनुसन्धानको क्रममा गरेको कागज बेहोरालाई समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ । प्रतिवादी सोमवीर राईले आफ्नो निर्दोषिता प्रमाणित गर्न आफ्नो साक्षीको रूपमा चन्द्रकुमार राईलाई अदालतमा पेस गरे पनि निजको बकपत्र बेहोरा र प्रतिवादी सोमवीरको बयान बेहोरा एकआपसमा बाझिएकोले निजको साक्षीको बकपत्रलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने ।

प्रतिवादी स्वयम्को तथा प्रत्यक्षदर्शीहरूको भनाईबाट निज प्रतिवादी सोमवीर राई वारदातस्थलमा उपस्थित भई मृतकलाई समातेको अवस्थामा अर्को प्रतिवादी राजकुमार भन्ने उमेश राईले फलामको छुरी मनकुमार राईको पेटमा रोपी भागेकोमा घटनास्थलमा नै मनकुमार राईको मृत्यु भएको तथ्य पुष्टि हुन आएको देखियो । प्रस्तुत वारदातमा प्रतिवादी सोमवीर राईले मृतकलाई समाती ज्यान मार्न संयोग पारिदिएको तथ्य प्रत्यक्ष प्रमाणबाट पुष्टि हुन आएको देखिएकोले निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. अनुसारको कसुर भएको देखियो । यी प्रतिवादी निर्दोष रहेका छन् भनी निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ विवेचित आधार कारण एवम् प्रमाणबाट प्रतिवादी सोमवीर राईले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) बमोजिम जन्मकैद हुने ठहऱ्याएको इलाम जिल्ला अदालतको फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, इलामको मिति २०७१।९।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा

इति संवत् २०७३ साल पुस २७ गते रोज ४ शुभम् ।

४

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७१-CR-००५९, मानव बेचबिखन तथा ओसारपसार, *मीना बयलकोटी (परियार) वि. नेपाल सरकार*

प्रतिवादीउपर किटानी जाहेरी परेको, पीडितले गरेको बयान र बकपत्रमा समेत जाहेरवालीलाई भारतको कोलकत्तास्थित वेश्यालयमा बिक्री गरेको र उक्त वेश्यालयबाट भारतीय प्रहरीद्वारा उद्धार गरी जाहेरवालीसमेत नेपाली महावाणिज्य दूतावास कोलकत्ता भारतबाट माइती नेपालको कार्यालय, गौशालासम्म आउन सफल भएकी भन्ने बेहोरा लेखाई जिकिर लिएको अवस्थामा जाहेरवालीले प्रतिवादीउपर आफूलाई बिक्री गरेको भनी पोल गर्नुपर्ने कुनै औचित्यपूर्ण कारण नदेखिँदा पीडितको भनाईलाई अन्यथा मान्न सकिने अवस्था नरहेको र प्रतिवादीलाई लागेको कसुर खण्डन गर्ने भार प्रतिवादीमा रहेकोमा प्रतिवादीले साक्षी बकाई आफ्नो इन्कारी पुष्टि गर्न सकेकोसमेत नदेखिने ।

अत: प्रतिवादी मीना बयलकोटीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (क) अन्तर्गत कैद वर्ष २० (बीस), जरिवाना रू.२,००,०००।– (दुई लाख) र क्षतिपूर्ति रू.१,००,००० (एक लाख) भराई दिने गरी भएको काठमाडौं जिल्ला अदालतको फैसला सदर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।०२।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हिरामाया अवाल

इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम् ।

इजलास नं. ७

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०६६-CI-०१९६, अंश चलन, *लक्ष्मीदेवी सिंह श्रेष्ठ वि. राम मानन्धरसमेत*

वादीका पति कर्णलाल श्रेष्ठको २०३८।२।१४ मा मृत्यु भएपश्चात् निज कर्णलाल श्रेष्ठको हक खाने हकदार आफू मात्र हो भनी यिनै वादीले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन दिई उक्त कार्यालयबाट मिति २०५२।२।१ मा नाता प्रमाणपत्र लिएको देखिन्छ। निज कर्णलाल श्रेष्ठ नाउँमा तत्काल कायम रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २४ को कि.नं. ६८१ को घर जग्गामा आफू मात्र हकदार रहेको भनी यिनै पुनरावेदक वादीले तत्कालीन मालपोत कार्यालय, काठमाडौंबाट मिति २०५२।७।१० मा उक्त घर जग्गा आफ्नो नाममा नामसारी गराई लिई सोही घरजग्गा मिति २०५२।७।२९ मा आफ्ना दुई जना छोरीहरू शारदा श्रेष्ठ र लक्ष्मीदेवी सिंह श्रेष्ठलाई हालैदेखिको बकसपत्र लिखत पारित गरी दिएको तथ्यमा समेत कुनै विवाद रहेको नदेखिने।

वादी र प्रतिवादीहरूका पैतृक स्रोतका मुख्य व्यक्ति नै निजहरूका पति पिता निज कर्णलाल श्रेष्ठ रहेको अवस्थामा निजको मृत्युपश्चात् निजको नाउँमा कायम रहेको सो पैतृक सम्पत्तिमा आफू एक मात्र हकदार हुँ भनी वादीले निज पतिको शेषपछि सो पैतृक घर जग्गा आफ्नो नाउँमा नामसारी गराई लिई सोही घरजग्गा आफ्नो छोरीहरूलाई मिति २०५२।७।२९मा हक हस्तान्तरण गरी निर्वाध रूपमा भोग गरी आइरहेकोमा मिति २०५७।१०।०५मा आएर प्रतिवादीहरूसँग अंशहक लिन बाँकी छ भनी फिराद दायर गर्ने यी वादीले प्रतिवादीहरूको जिम्मामा रहेको यो यो सम्पत्तिमा आफ्नो पैतृक हक यस कारणले निहित रहेको छ भनी कुनै स्पष्ट जिकिर लिन र सोको पुष्ट्याइँ गर्न सकेको नपाइने।

प्रत्यर्थी प्रतिवादीहरूका बीचमा मिति २०४९।४।३२ मा भएको बन्डापत्र लिखतमा उल्लिखित सम्पत्तिबाहेक प्रतिवादीहरू जिम्मामा पैतृक सम्पत्ति वा अन्य कुनै अरू सम्पत्ति रहे भएको भनी वादीले देखाउन सकेकोसमेत नदेखिएको र वादी स्वयम्ले पैतृक सम्पत्तिमा एकलौटी रूपमा नामसारी गराई निर्वाध रूपमा उपभोग गरी हक हस्तान्तरणसमेतका व्यवहार गरी आएको अवस्थामा निजहरूले आआफ्नो खति उपती आआफ्नै तवरले छुट्टाछुट्टै रूपमा खाई बेहोर्दै आइरहेको देखिन आएकोले यी पुनरावेदक वादी तथा प्रत्यर्थी प्रतिवादीहरूका बीच विधिवत् रूपमा अंशबन्डाको लिखत नहुँदैमा निजलाई एकासगोलका अंशियार रहेको भनी मान्न मिल्ने अवस्था देखिन नआउने।

पुनरावेदक वादी तथा प्रत्यर्थी प्रतिवादीहरूका बीचमा विधिवत् अंशबन्डा हुन नसकेको भए पनि व्यवहार प्रमाणबाट वादीले पैतृक सम्पत्तिमा आफूखुस उपभोग हक हस्तान्तरणसमेत गरी आआफ्नो व्यवहार आआफैँ गरी बसी आएको देखिएकोले यी वादी र प्रतिवादीहरू एकासगोलका अंशियार नदेखिएको हुँदा वादी दाबी पुग्न नसक्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।०७।१३ मा भएको फैसला मनासिब रहेको देखिएकोले उक्त फैसला उल्टी हुनुपर्छ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ यी पुनरावेदक वादी तथा प्रत्यर्थी प्रतिवादीहरूका बीचमा विधिवत् रूपमा अंशबन्डाको लिखत भए गरेको नदेखिए तापनि पैतृक सम्पत्तिमा वादीले अन्य हकदार नरहेको भनी एकलौटी रूपमा आफ्नो नाममा नामसारी गराई लिई निर्वाध रूपमा उपभोग एवम् हक हस्तान्तरणसमेत गरी आफूखुस व्यवहार गरी आएकोले वादीको फिराद दाबी पुग्न नसक्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।४।१८।५ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।७।१३मा

भएको फैसला मनासिब देखिँदा सदर हुने।
इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७०-CR-०१४८, विष्फोटक पदार्थ, *नेपाल सरकार वि. सन्तोषकुमार बस्नेत*

प्रस्तुत मुद्दा २०६६।५।३१ मा दायर भएको मुद्दाको पुरक अभियोगको रूपमा दायर भएको देखिन्छ। उक्त मुद्दाको प्रतिवादी रामप्रसाद मैनालीले आफ्नो अदालतसमक्षको बयानमा यी प्रतिवादी सन्तोषकुमार बस्नेतको अभियोगमा संलग्नता रहेको भनी पोल गरेको अवस्था पनि देखिँदैन। माओवादी केन्द्रीय कार्यालयमा भएको बम विष्फोटमा एक थान डिटोनेटर मेघबहादुर खत्रीको साथबाट बरामद भएको भनिए पनि वादी नेपाल सरकारले बरामदी मुचुल्का व्यक्ति र प्रतिवेदकहरूलाई अदालतसमक्ष उपस्थित गराई बकपत्र गराएको पनि देखिँदैन। यी प्रतिवादी सन्तोषकुमार बस्नेतको साथबाट कुनै दशी चिजवस्तु बरामद भएको पनि नदेखिने।

तसर्थ माथि विवेचित आधार कारणहरूबाट प्रतिवादी सन्तोष कुमार बस्नेतले अदालतमा कसुरमा पूर्ण इन्कार रही बयान गरेका, निजको साथबाट कुनै दशीजन्य चिजवस्तु बरामद भएको पनि नदेखिएको बरामदी मुचुल्काका मानिसहरू र प्रतिवेदकहरूले अदालतसमक्ष उपस्थित भई बकपत्रसमेत नगरेको अवस्थासमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादीउपरको कसुर ठोस खम्बिर प्रमाणबाट पुष्टि हुन नसकेकोले यस अदालतबाट मिति २०७०।३।३१ मा भएको निस्सा प्रदान गर्ने आदेशसँग सहमत हुन सकिएन। प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।१२।२३ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।२० को फैसला मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृत: मुकुन्द आचार्य
इति संवत् २०७४ साल असार १४ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई, ०७१-CR-०२२२, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. दीपक सिंह ठकुल्ला*

पीडितकी आमाले लोग्ने नाताका यी प्रतिवादीले रक्सी खाई घरमा आएर हो-हल्ला गर्ने गरेको, केटाकेटीलाई गाली गलौज गरेको, राति खानासमेत नखुवाएको कारणबाट आवेशमा आई तह लगाउन भनी जाहेरी दिएको हो भनी अदालतसमक्ष बकपत्र गरेको देखियो। यी प्रतिवादीले पीडित परिवर्तित नाम धनगढी 'A4' लाई जबरजस्ती करणीको उद्योगको कसुर गरेको तथ्य निजले बकपत्र गर्दा किटान गर्न सकेको पाइएन। पीडित भनिएकी बालिका तथा प्रतिवादीसमेतको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट आरोपित कसुर गरेको तथ्य समर्थित हुन आएको नदेखिने।

प्रतिवादीउपर किटानी जाहेरी परे पनि जाहेरवालीले अदालतसमक्ष आई कसुर प्रमाणित हुने गरी बकपत्र नगरी उल्टै अधिकारप्राप्त अधिकारीसमक्षको बकपत्रको विपरीत (Hostile) बकपत्र गरेको देखिन्छ। प्रतिवादीले अदालतसमक्षको बयानमा कसुरमा पूर्ण इन्कार भई बयान गरेको देखिन्छ। अनुसन्धान अधिकारीसमक्ष बयान गर्दासमेत आफ्नी छोरी नाताकी जाहेरवालीउपर जबरजस्ती करणीको उद्योग गरेको भन्ने कुरामा इन्कार रही रक्सीको नसाका कारणबाट श्रीमती हो भन्ने ठानेर निजको संवेदनशील अङ्ग चलाउँदा छोरी परिछ, तथापि जबरजस्ती करणी उद्योगको कसुर गरेको छैन भनी तथ्यको भ्रम (Mistake of fact) का कारणबाट नजिकै गएकोसम्मको कुराहरू खुलाई बयान गरेको देखियो। वस्तुतः निजको उक्त बयानलाई

साबिती बयान नामाकरण गर्नु तर्कसङ्गत देखिँदैन । सारतः प्रतिवादी दीपक ठकुल्लाले प्रहरीसमक्ष गरेको बयानलाई निर्दोषिताको दाबी (Plea of not guilty) को रूपमा लिनु नै मनासिब देखिन्छ । अन्य कुनै पनि प्रमाणद्वारा अभियोजन पक्षले प्रतिवादीउपरको अभियोग दाबी पुष्टि गराउन सकेको नदेखिने ।

विवेचित आधार कारणबाट अभियुक्तले आरोपित कसुर गरेको कुरामा इन्कार रही बयान गरेको, वादी पक्षको साक्षीको रूपमा रहेका पीडित बालिका तथा निजकी आमासमेतले प्रतिवादीले आरोपित कसुर गरेको होइनन् भनी अदालतसमक्ष बकपत्र गरेको अवस्थामा सो कुरालाई अन्देखा गरी केवल सुरू जाहेरीमा लेखिएको बेहोरालाई मात्र हेरेर कसुर ठहर गर्नु मनासिब देखिएन । अतः प्रतिवादीलाई आरोपित कसुरको अभियोग दाबीबमोजिम सजाय हुने ठहर गरी सुरू कैलाली जिल्ला अदालतबाट मिति २०७०।६।१० मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी दीपक सिंह ठकुल्लाले अभियोग पत्र मागदाबीअनुसारको कसुरबाट सफाइ पाउने ठहर्छ भनी पुनरावेदन अदालत, दिपायलबाट मिति २०७१।२।४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य
कम्प्युटर: देवीमाया खतिवडा
इति संवत् २०७४ साल असार १४ गते रोज ४ शुभम् ।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७१-CR-०७२५, विना इजाजत वन पैदावर हटाई ओसारपसार गरेको, *मदनप्रसाद पोखरेलसमेत वि. नेपाल सरकार*

प्रतिवादी भुरै मुर्मु सतारले अन्य प्रतिवादीहरू उपर पोल गरी कसुरमा साबित भई बयान गरेको पाइनु, निजले स्वेच्छाले गरेको बयानमा यी प्रतिवादीहरू मदनप्रसाद पोखरेल र रविन्द्रकुमार राईउपर गढाउ गरेको पाइनु, नियमन निकायका अधिकारीले आकस्मिक गस्तीका क्रममा अवैध काठ ओसारपसार भएको भेट्टाउनु, उक्त अवैध काठ टयाक्टरमा ओसारपसार भएको देखिएको, ट्याक्टर मालिक रविन राईले लगाएअनुरूप भुरै मुर्मु सतारले अवैध काठ ओसारपसार गरेको देखिएको, ट्याक्टरसहित ८५.४९ क्यू फिट बराबरको लकडी बरामद गरेको भन्ने बरामदी मुचुल्का, वस्तुस्थिति मुचुल्का र घटनास्थल प्रकृति मुचुल्कासमेतका कागजातहरूबाट पुष्टि भएको अवस्थामा प्रतिवादी मुर्मु सतारले हामी प्रतिवादीहरू उपर पोल गरी कसुरमा साबित भई बयान गरेको बयानका आधारमा मात्र हामीलाई कसुरदार कायम गरेको सुरू तथा पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ भन्ने प्रतिवादीहरू विद्या भन्ने मदनप्रसाद पोखरेल र रविन्द्रकुमार राईको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

तसर्थ माथि विवेचित आधार कारणबाट यी प्रतिवादीहरूलाई कसुरदार कायम गरेकोलाई अन्यथा भन्न मिल्ने देखिएन पुनरावेदन अदालत, विराटनगरबाट यी पुनरावेदक प्रतिवादीहरूलाई कसुरदार कायम गरी मिति २०६९।२।१४ मा भएको फैसला सदर हुन्छ । प्रतिवादीहरू मदनप्रसाद पोखरेल र रविन्द्रकुमार राईलाई भएको जरिवाना जनही रू.१४,२४८।३३ को हकमा केही बोलिरहनु परेन तर कैदको हकमा विचार गर्दा प्रतिवादीहरूमध्ये रविन्द्रकुमार राई बरामद भएको ट्याक्टरको मालिक भएको पाइनु, अर्का प्रतिवादी मदनप्रसाद पोखरेलले अवैध काठ ओसारपसारका लागि गएको र गस्तीबाट पक्राउ परेको नभई प्रतिवादी भुरै मुर्मु सतारले गरेको बयान तथा मिसिल संलग्न कागज प्रमाणबाट कसुरदार देखिएको अवस्थामा यी प्रतिवादीहरूको कसुरमा भएको संलग्नतासमेतलाई विचार गर्दा निजहरूलाई जनही कैद वर्ष १ गर्दा चर्को पर्न जाने हुँदा जनही ६ (छ) महिना कैद गर्दासमेत ऐनको मकसद पूरा हुने देखिँदा निजहरूलाई जनही १ वर्षको सट्टा ६ (छ) महिना मात्र कैद हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७४ साल असार १४ गते रोज ४ शुभम् ।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७१-CR-०८३८, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. गिरीलाल गौतमसमेत*

अभियुक्त तारादत्त भट्टले सहअभियुक्त गिरीलाल गौतमले जाहेरवाला मेनप्रसाद वस्तीबाट विदेश रोजगारमा पठाउन भनी लिएको रकम टिकादत्त भट्टले बुझेका हुन्, रकम बुझेको कागजमा मैले सहिछाप गरेको हुँ भनी यी प्रतिवादी टिकादत्त भट्टउपर पोलसम्म गरेको देखिन्छ। सोलाई पुष्टि हुने कुनै कागज प्रमाण पेस नभएको र निजउपर जाहेरी परेको पनि देखिँदैन। निज प्रतिवादी तारादत्त भट्टको सो कार्यमा संलग्न अन्य कुनै पनि कागजातहरूबाट सलग्नता पुष्टि हुन नसकेकोले केवल सह अभियुक्तको पोलको आधारमा मात्र निजलाई आरोपित कसुरमा दोषी ठहऱ्याउन मनासिब नहुँदा निजको हकमा अभियोग दाबी पुग्न नसक्ने।

प्रतिवादी युनिफिकेसन इन्टरनेशनल प्रा.लि. का सञ्चालक खगेन्द्र सिटौलाउपर जाहेरवालाहरू अमृता गर्वुजा र संगिता गुरूङले दिएको जाहेरी दरखास्तमा विपक्षी गिरीलाल गौतमको युनिफिकेसन इन्टरनेशनल एजुकेशन प्रा.लि.मा मिति २०६८।१।४ मा नगद रकम बुझिएको रसिदको फोटोकपी पेस भएको भन्ने बेहोरा उल्लेख भएको र उक्त प्रा.लि.का रिसिप्टमा खगेन्द्र सिटौलाले मिति २०६८।१।४ मा तीन लाख रूपैयाँ नगद बुझेको देखिन्छ । सोबाहेक निजउपर प्रा.लि.को उक्त कसुरमा कुनै संलग्नता भएको मिसिल कुनै कागज प्रमाणबाट देखिँदैन। उक्त प्रा.लि.को सञ्चालक खगेन्द्र सिटौला भनी अभियोग पत्रमा भनिए तापनि सो संस्था के कसको नाममा दर्ता रहेको छ भनी अनुसन्धानको क्रममा सोधिएकोमा कुनै विवरण वा जानकारी प्राप्त नभएको भनी अभियोग पत्रमा उल्लेख भएको देखिन्छ । यसर्थ उक्त संस्थाको रसिदबाट खगेन्द्र सिटौलाले अमृता गर्वुजाबाट तीन लाख रूपैयाँ बुझेको देखिए तापनि के कुन प्रयोजनको लागि के कुन हैसियतमा उक्त रकम बुझेको हो भन्ने रसिद आदिमा उल्लेख नभएको र वैदेशिक रोजगारको लागि नै उक्त संस्थाको रसिद प्रयोग भएको हो भनी वादी पक्षबाट प्रमाणित गर्न सकेको अवस्था नदेखिँदा युनिफिकेसन इन्टरनेशनल प्रा.लि.का सञ्चालक भनिएका खगेन्द्र सिटौलाको प्रस्तुत कसुरमा संलग्नता पुष्टि हुन सक्ने नदेखिने।

जाहेरवाला मेनप्रसाद वस्तीलाई वैदेशिक रोजगारमा ग्रीस पठाउने भनी निजबाट पाँच लाख रूपैयाँ बुझी गरिदिएको मिति २०६७।११।१५ को लिखत पेस भएको देखियो । प्रतिवादी गिरीलाल गौतमले अनुसन्धान अधिकृत तथा वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गर्दा पनि रकम तारादत्त भट्टले लिएर मलाई कागज गरिदिन भनेकोले मैले उक्त कागज गरिदिएको हो, कागजमा भएको सहिछाप मेरै हो, मैले जर्जियासम्मको टिकट बनाई दिएको हो भनी आरोपित कसुरमा स्वीकार गरेको अवस्थामा समेतका आधार प्रमाणहरूबाट यी प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिमको कसुर गरेको देखिन आयो। अनाहकमा म कसुरमा संलग्न नै नभएको व्यक्तिलाई कसुरदार कायम गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला बदर गरी सफाइ पाउँ भन्ने प्रतिवादी गिरीलाल गौतमको पुनरावेदन जिकिर पुग्न नसक्ने।

तसर्थ उल्लिखित आधार कारणबाट गिरीलाल गौतमबाहेकका अन्य प्रतिवादीहरूले आरोपित कसुरमा सफाइ पाउने र निज प्रतिवादी गिरीलाल गौतमलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुरमा सोही ऐनको दफा ४३ अनुसार १।६।० (एक वर्ष छ महिना) कैद र रू. १,५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने । साथै जाहेरवाला मेनप्रसाद वस्तीले प्रतिवादी गिरीलाल गौतमबाट बिगो रू.५,००,०००।– (पाँच लाख रूपैयाँ) तथा सोको पचास प्रतिशतले हुने आउने रकम रू.२,५०,०००।– (दुई लाख पचास हजार रूपैयाँ) समेत जम्मा रू.७,५०,०००।–

(सात लाख पचास हजार रूपैयाँ) समेत भरी ठहर्छ । अन्य जाहेरवालाहरूको हर्जानासहितको बिगो भरिपाउँ भन्ने वादी दाबी पुग्न सक्दैन भनी वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको मिति २०७१।२।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

इति संवत् २०७४ साल असार १४ गते रोज ४ शुभम् ।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७१-CR-०४१६, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. मैया माक श्रेष्ठ*

जाहेरवाली लक्ष्मी नगरकोटीले प्रतिवादीलाई रू.१५,००,०००।– कोरिया काममा जानका लागि दिएको हो, मलाई भनेबमोजिम रोजगारीमा नपठाएकोले यो उजुरी गर्नु परेको हो,भनी जिकिर लिए पनि निजले वैदेशिक रोजगारमा जानको लागि अत्यावश्क पर्ने पासपोर्ट बनाएको र पेस दाखिला गर्न सकेको पाइँदैन । पासपोर्ट प्रतिवादीले बनाई दिन्छु भनेकी थिइन् तर बनाइनन् भनी गरेको बकपत्रबाट प्रतिवादीले ऋणबापत लिएको भनी स्वीकार गरेको रकम यी जाहेरवालीलाई वैदेशिक रोजगारमा कोरिया पठाउनकै लागि रकम लिएको भनी भन्न मिल्ने अवस्था देखिन नआउने ।

अतः जाहेरवाली लक्ष्मी नगरकोटीले विदेश जानको लागि अपरिहार्य हुने राहदानी बनाएको नदेखिएको र वैदेशिक रोजगारमा जानका लागि अन्य आवश्यक कागज प्रमाणसमेत वादी पक्षबाट पेस दाखिला हुन आएको नदेखिएकोले प्रतिवादी मैया माक श्रेष्ठले जाहेरवाली लक्ष्मी नगरकोटीलाई वैदेशिक रोजगारमा पठाई दिने प्रयोजनका लागि रकम लिएको हो भन्ने कुराको पुष्टि वादी पक्षले गर्न सकेको नदेखिँदा प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को आरोपमा ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरिपाउँ भन्ने वादी दाबी पुग्न सक्दैन । प्रतिवादी मैया माक श्रेष्ठले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७१।१२।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ, प्रतिवादीले वैदेशिक रोजगार कसुर गरेको पुष्टि हुँदाहुँदै सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर गरी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरी जाहेरवालाको बिगो दिलाई भराई पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार १४ गते रोज ४ शुभम् ।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७२-CR-००५६, ठगी, *नेपाल सरकार वि. गिरीबहादुर थापासमेत*

जाहेरवाली हरिमाया भुजेल अदालतमा उपस्थित भई किटानी बकपत्र गरेको देखिएको र यी प्रतिवादीहरूलाई सनाखतसमेत गरेको देखिन्छ । यी प्रतिवादीहरू गिरीबहादुर थापाको साथबाट भारू. ३,०००।– ने.रू. ७,०००।– सुनको जस्तो देखिने कानमा लगाउने पहेलो रंगको रिङ्ग थान २ मोबाइल थान १ फेला परेको, राजकुमार थारूको साथबाट पित्तल जस्तो देखिने पहेँलो रंगको धातु थान-१ ने.रू. १,०००।– मोबाइल थान-१ र दलबहादुर थारूको साथबाट पित्तल जस्तो देखिने पहेँलो रंगको धातुको टुक्रा थान-१ र मोबाइल थान-१ फेला परेको भन्ने मिसिल संलग्न रहेको खानतलासी एवम् बरामदी मुचुल्काबाट देखिन्छ । यी प्रतिवादीहरू सबैजना अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा गरेको कागजमा कसुरप्रति साबित रहेको पाइन्छ । प्रतिवादीहरू अदालतमा कसुरप्रति इन्कार रहे पनि प्रतिवादीहरूको सो इन्कारी बयानलाई निजहरूले अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । यसरी प्रतिवादीहरू उपरको किटानी जाहेरी, ठगिएको सामानहरू प्रतिवादीहरूबाट बरामद भएको बरामदी मुचुल्का, प्रतिवादीहरूले

मौकामा कसुरमा साबित भई गरेको बयान, बुझिएका व्यक्तिहरूको कागज एवम् भनाई तथा जाहेरवालीको अदालतमा भएको बकपत्रसमेतबाट यी प्रतिवादीहरूले आरोपित कसुर गरेकोमा विवाद नदेखिने ।

जाहेरवालीको मूल्य रू.८५,८००।– को मंगलसुत्र रू.२८,६००।– को औंठी रू.५७,२००।– को रिङ्ग एकजोर नगद रू.४७,०००।– गरी जम्मा रू.२,१८,६००।– बराबरको धनमाल ठगी गरेको भन्ने अभियोग मागदाबी भएपनि यी प्रतिवादीहरूबाट ठगी भयो भनिएको सामानमध्ये नेपाली रूपैयाँ ८,००० र रू.५७,२००।– पर्ने सुनको रिङ्ग मात्र बरामद भएको मिसिल संलग्न रहेको बरामदी मुचुल्काबाट देखियो, सोबाहेक अभियोग पत्रमा उल्लिखित सामान र नगद प्रतिवादीहरूबाट बरामद भएको देखिँदैन । अभियोग दाबीको आधारमा मात्र जाहेरवालीको उक्त सम्पूर्ण बिगो रू. २,१८,६००।- बराबरको समान यी प्रतिवादीहरूले चोरी गरेका होलान् भन्ने अनुमान गरी जरिवाना ठहर गर्नु न्यायोचित देखिँदैन । मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादीहरू साथबाट ठगी भयो भनिएको सामानमध्ये नेपाली रूपैयाँ ८,००० र रू.५७,२००।– पर्ने सुनको रिङ्ग मात्र बरामद भएको देखिएको अवस्थामा अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

तसर्थ विवेचित आधार कारणहरूबाट यी प्रतिवादीहरूलाई ठगी भयो भनिएको दशीका सामानमध्ये नेपाली रूपैयाँ आठ हजार नगद र रू.५७,२००।- (सन्ताउन्न हजार दुई सय मात्र) पर्ने सुनको रिङ्ग एक जोर बरामद भएको देखिँदा रू.६५,२००।– (पैंसठ्ठी हजार दुई सय) बिगो कायम गरी सोहीबमोजिम कैद र जरिवाना गर्नुपर्नेमा सो नगरी जाहेरीमा र अभियोग पत्रमा उल्लिखित बिगोलाई ठगी भएको बिगो मानी सुरू कास्की जिल्ला अदालतले मिति २०७१।३।३२ मा गरेको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने भई प्रतिवादीहरूलाई बरामदी बिगो रू.६५,२००।- (पैंसठ्ठी हजार दुई सय) बमोजिम दामासाहीले जरिवाना हुने र कैदको हकमा जनही २ वर्षको कैदको सजाय हुने सुरूको फैसला मिलेकै देखिँदा सो हदसम्म सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।१०।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार १४ गते रोज ४ शुभम् ।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७२-CR-००५४, ठगी, *नेपाल सरकार वि. गिरीबहादुर थापासमेत*

प्रतिवादीहरूले मौकामा गरेको साबिती बयान अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन सकेको देखिएन । प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू उपरको अभियोग दाबीबमोजिमको कसुर पुष्टि हुन ठोस सबुत प्रमाण वादी पक्षबाट पेस हुन सकेको छैन । यस्तो स्थितिमा केवल किटानी जाहेरी र अधिकारप्राप्त अधिकारीसमक्ष भएको प्रतिवादीहरूको बयानलाई मात्र आधार लिई अन्य स्वतन्त्र प्रमाणको अभावमा प्रतिवादीहरूले अभियोग दाबीअनुसार ठगीको कसुर गरेका हुन भनी निजहरूलाई कसुरदार ठहऱ्याउनु न्यायोचित देखिन नआउने ।

अतः विवेचित आधार कारणबाट ठगी भयो भनिएको सामानहरू बरामद हुन नसकेको अवस्थामा यी प्रतिवादीहरूउपर अभियोग दाबीबमोजिमको कसुर पुष्टि हुन सकेको नदेखिँदा त्यस स्थितिमा उक्त ठगीको बिगो कायम गरी सोही बिगोको आधारमा कैद र जरिवानासमेतको सजाय र बिगो बराबरको रकम भराउने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला कानूनसम्मत देखिन आएन । तसर्थ, उल्लिखित तथ्य, प्रमाण एवम् कारणसमेतको आधारमा ठगी भयो भनिएको दशीका सामान बरामद नभएको अवस्थामा

जाहेरीमा उल्लिखित बिगोलाई नै अभियोग पत्रमा बिगो कायम गरिएको र सोहीबमोजिमको बिगोलाई नै सुरू कास्की जिल्ला अदालतले ठगी भएको बिगो मानी मिति २०७१।३।३२ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी नेपाल सरकारको अभियोग मागदाबी पुग्न नसक्ने हुँदा प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।१०।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार १४ गते रोज ४ शुभम् ।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-WO-०४९८, उत्प्रेषण / परमादेश, *सोमबहादुर पन्त वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौंसमेत*

निवेदक ५० वर्ष नाघिसकेको र अनिवार्य अवकाश हुन करिब २ वर्ष मात्र बाँकी रहेको देखिन्छ भने निजामती कर्मचारी अस्पतालको ओ.पि. डी. टिकटअनुसार निज निवेदक उच्च रक्तचाप, मधुमेहलगायतको बिरामी भई निजलाई निरन्तर डाक्टरको निगरानीमा रहनु पर्ने निजले पेस गरेका डाक्टरको सिफारिस (prescription) लगायतका कागजातहरूबाट देखिन्छ । उपर्युक्तबमोजिम चिकित्सकबाटै बिरामी तथा अशक्त प्रमाणित भएको अवस्थामा र निज निवेदक सोमबहादुर पन्तले कुनै प्रकारको प्राथमिकता देखाई सरूवाको माग गरेको नदेखिनुका साथै निजसँग कुनै पनि प्रकारको सरूवाको लागि सहमति लिई सरूवा गरेको मिसिल संलग्न प्रमाणहरूबाट समेत देखिएन । यसरी ५८ वर्ष उमेर पुगी सेवा निवृत्त हुन करिब २ वर्ष मात्र बाँकी रहेको असक्त कर्मचारीलाई निजको प्राथमिकता मागसमेत नगरी सहमति विना दोलखाको चरिकोट स्वास्थ्य चौकीमा सरूवा गरेको देखिन्छ । दोलखा चरिकोट अति दुर्गममा राखिएको नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ११ को अति दुर्गम "क२"७ बाट देखिन्छ । यस्तो अवस्थामा विपक्षीहरूको काम कारबाहीलाई नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ख(ग) को आधारमा न्यायसङ्गत मान्न सकिएन । यसबाट स्वास्थ्य सेवा विभागको मिति २०७१।७।२८ को निर्णय र सोबमोजिमको पत्रले निवेदकलाई सरूवा गरेको नेपाल स्वास्थ्य सेवा ऐन, तथा नियमावलीले प्रदान गरेको निवेदकको कानूनी हकमाथि आघात पर्न गएको पुष्टि हुन आउने ।

अतः निज निवेदक सोमबहादुर पन्तको अनिवार्य अवकाश हुन थोरै समय मात्र बाँकी रही निजको शारीरिक अवस्थाले दोलखा जिल्लाको दुर्गम स्थानमा रहेको चरिकोट स्वास्थ्य चौकीमा गई काम गर्न सक्ने अवस्थासमेत नदेखिँदा निजलाई सरूवा गर्ने गरी भएको विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०७१।७।२८ को निर्णय र सोबमोजिमको विभागको पत्र नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को दफा ३१ख को (ग) र (ङ) तथा संविधानप्रदत्त सामाजिक सुरक्षा र समानताको हकसमेतको विपरीत हुँदा उक्त मिति २०७१।७।२८ को निर्णय र सोबमोजिमको पत्र उत्प्रेषणको आदेशले बदर हुने । निवेदकलाई निज कार्यरत रहेको दधिकोट प्रा. स्वा. केन्द्र भक्तपुरमा सरूवा मिलान तथा पदस्थापन गर्न परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम् ।

१०

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CR-०२२३, भ्रष्टाचार, *नेपाल सरकार वि. बैद्यनाथप्रसाद साहसमेत*

विद्यालय व्यवस्थापन समितिको मिति २०६९।१२।२२ को निर्णयअनुसार साबिकको पोखरी अस्तित्वमा रहे पनि उक्त पोखरीको डिलसमेत बिग्री भत्की मर्मत गर्नुपर्ने भनी भएको निर्णयसमेतबाट उक्त पोखरी मर्मतमा पूर्ण लागत लाग्ने नै देखियो । पोखरी

खन्दा समुच्च क्षेत्रफलकै माटो खनी समान गहिराई बनाउनु पर्ने र साबिकको पोखरीलाई पनि समान रूपमा खनी सम्याउनु पर्ने हुँदा साबिकको पोखरी भनिएको ती खाल्डाखुल्डीहरूलाई सम्याउँदासमेत समान रूपमा खन्नु पर्ने भई रकम लागत लाग्ने नै देखियो। साबिकको पोखरीको गहिराई र आयतन के कति थियो भन्नेसमेत स्पष्ट नभएको अवस्थामा साबिकको पोखरीको क्षेत्रफल घटाई निकालिएको जिल्ला कृषि विकास कार्यालयको मूल्याङ्कनलाई न्यायसङ्गत मान्न नसकिने।

विद्यालय व्यवस्थापन समितिको मिति २०७०।३।३ मा बसेको बैठकबाट निज प्रतिवादी प्रभु राय यादवले पाएको पोखरी निर्माणको अभिभारा सन्तोषजनक रूपमा सम्पन्न गरेकोले उक्त पोखरी निर्माणमा निज अध्यक्षले गरेको खर्च रू.२७,५१,३५०।– अनुमोदन गर्ने भनी सर्वसम्मतिबाट निर्णय भएको देखिन्छ भने आ.व. २०६९।७० को लेखापरीक्षण प्रतिवेदनसमेतबाट उक्त पोखरीको निर्माण तथा सुधार खर्च भनी रू.२७,१६,३१४।– उल्लेख भएकोसमेत देखिँदा उक्त पोखरी खन्न लागेको खर्च र सोको अनुमोदन गर्ने सम्बन्धमा आधिकारिक निकाय विद्यालय व्यवस्थापन समितिको सर्वसम्मतिमा भएको निर्णय र लेखापरीक्षणबाट समेत अनुमोदन भइरहेको अवस्थामा उक्त पोखरी खन्न लगाउने प्रक्रिया तथा कार्यविधि नियमसम्मत नै रहेको देखिँदा यी प्रतिवादीहरूमध्येका प्रभु राय यादवले लिएको बुझेको रकम र पोखरी बनाउँदाको खर्च हिसाब किताबलाई अन्यथा भन्न मिलेन। यसरी नियमसम्मत प्रक्रिया पुऱ्याई भएको काम कारबाहीलाई प्रक्रिया नपुऱ्याई रकम हिनामिना गरी भ्रष्टाचार गऱ्यो भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

विद्यालय व्यवस्थापन समितिको बैठकले साबिकको पोखरीको डिलसमेत भत्की भताभुङ्ग अवस्थामा रहेको भनी प्रस्ट भइरहेको अवस्थामा जिल्ला कृषि विकास कार्यालय बाराले सो जग्गामा पुरानो पोखरी रहेको मान्यतामा आधारित भएर गरेको मूल्याङ्कनलाई आधार मानी निज प्रतिवादीहरू माथि विद्यालयको रकम हिनामिना गरेको शङ्काको भरमा मात्र आरोपित कसुर गरेको मान्न नसकिने।

प्रतिवादीहरू उक्त आरोपित कसुरमा सुरूदेखि नै इन्कार रहेको र उक्त इन्कारीलाई समर्थन हुने गरी विद्यालय व्यवस्थापन समितिको विभिन्न मितिमा भएको पोखरी निर्माण तथा मर्मतसम्बन्धी भएको निर्णयहरूले समेत समर्थन गरी रहेको, लेखापरीक्षणबाट उक्त रकम निकासालाई अनुमोदन गरेको देखिएको र निज प्रतिवादीहरूको नियतमा पनि कुनै किसिमको दूषित वा बदनियत मनसाय रहे भएकोसमेत नदेखिएको अवस्थामा निजहरूलाई कसुरदार मान्न नमिल्ने।

जिल्ला कृषि विकास कार्यालय बाराले दिएको मूल्याङ्कन प्रतिवेदनको आधारमा निजहरूले प्रक्रिया नपुऱ्याई पोखरी मर्मत गर्दाको रकम हिनामिना गरेको भन्ने शङ्काको आधारमा मात्र आएको आरोपपत्रलाई पुष्टि तथा समर्थन गर्ने अन्य वस्तुनिष्ठ प्रमाणको अभाव रही यी प्रतिवादीहरू माथि लगाइएको आरोप शङ्कारहित तवरबाट पुष्टि हुन नसकेको अवस्थामा शङ्काको सुविधा प्रतिवादीहरूले पाउने नै देखिने।

अतः उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी प्रभु राय यादव र प्रतिवादी वैद्यनाथप्रसाद साहलाई आरोपित कसुरबाट सफाइ पाउने गरी भएको मिति २०७३।३।२ गतेको विशेष अदालत, काठमाडौंको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७३ साल चैत २७ गते रोज १ शुभम्।

११

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०६९-CR-०९१४, लागु औषध (ब्राउन सुगर), *नेपाल सरकार वि. रूवी गौचनसमेत*

प्रतिवादी झनकबहादुर श्रेष्ठले बरामद भएको लागु औषध बिक्री वितरण गर्ने प्रयोजनका लागि समेत राखेको हो। नाफा खाई बिक्री गर्दछु भनी अधिकारप्राप्त

अधिकारीसमक्ष बयान गरेको पाइयो। ८१ वटा ससाना पुरिया बनाई राखेको अवस्थामा बरामद भएको लागु औषधको मात्रा र परिणाम तथा बिक्री गर्न सजिलो हुने गरी धेरै पुरिया बनाई राखेको तथ्यबाट बिक्रीको प्रयोजन पुष्टि गरेको पाइयो। प्रतिवादी छवि गुरूङले बयानमा झनकबहादुर श्रेष्ठबाट खरिद गरी सेवन गर्छु भनेको अवस्था यी प्रतिवादीको बयान, बरामदी मुचुल्का, प्रतिवेदक प्र.नि. टिकाबहादुर के.सी. को बकपत्रलगायतका सङ्कलित सबुद प्रमाणबाट निज प्रतिवादीउपरको अभियोग माग दाबी पुष्टि भएको देखिने।

प्रतिवादीको उमेर, कसुर गर्दाको परिस्थिति, कसुर गरेको तरिकालगायतका आधारबाट कसुरको गम्भीरता घटाउने र बढाउने आधारको विश्लेषण गरी न्यायकर्ताले सजायको निर्धारण गरेको विषयलाई अन्यथा भन्न मिल्ने अवस्था नहुँदा घटाई सजाय कायम गरेको नमिलेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले लागु औषध सेवन गर्ने कुरा अदालतमा समेत स्वीकार गरेको अवस्था छ। बरामद भएको लागु औषध सहप्रतिवादी झनकबहादुर श्रेष्ठको कोठाबाट बरामद भएको छ । लागु औषध सेवन प्रयोजनका लागि सहप्रतिवादी झनकबहादुर श्रेष्ठको कोठामा आएको हुँ भनी निज प्रतिवादीले अदालतको बयानमा खुलाएको अवस्था छ। प्रतिवादी झनकबहादुर श्रेष्ठले पनि रूबी गौचनले सेवन गर्दछिन् भनी बयान गरेको अवस्था छ । यी प्रतिवादी रूबी गौचनको साथबाट लागु औषध बरामद भएको पनि देखिँदैन। लागु औषध बिक्री वितरण गर्ने कार्यमा निज प्रतिवादी संलग्नता रहेको भन्ने दाबी प्रमाणित गर्ने प्रमाण वादी पक्षबाट पेस हुन सकेको पनि देखिँदैन। निजले सेवन प्रयोजनका लागि लागु औषध खैरो हेरोइन खरिद गर्न प्रतिवादी झनकबहादुर श्रेष्ठलाई रकम दिएको भनी अदालतमा स्वीकार गरेकोसमेतका आधार प्रमाणबाट निज प्रतिवादी रूबी गौचनले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)छ(१) बमोजिम कसुर गरेको नदेखिई लागु औषध खैरो हेरोइन सेवनसम्मको कसुर गरेको पुष्टि हुन आयो । बिक्री वितरणतर्फ ऐ. ऐनको दफा १४(१)छ(१) बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

यसर्थ, विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी प्रशान्त भन्ने झनकबहादुर श्रेष्ठलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)छ(१) बमोजिम कैद वर्ष ८ र जरिवाना रू.१२,०००।– र प्रतिवादी रूबी गौचनलाई उक्त ऐनको दफा १४(१)(ङ) बमोजिम रू.१०,०००।– जरिवाना गर्ने गरी सुरू कास्की जिल्ला अदालतको मिति २०६८।१।४ को फैसला केही उल्टी गरी प्रतिवादी प्रशान्त भन्ने झनकबहादुर श्रेष्ठलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)छ(१) बमोजिम कैद ५ वर्ष र जरिवाना रू.५,०००।– हुने तथा प्रतिवादी रूवी गौचनलाई ऐ. ऐनको दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको मिति २०६९।८।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल कात्तिक २० गते रोज २ शुभम्।

१२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७३-CR-०२०५, ०७३-CR-०८८७, ०७३-CR-०६४९, ०७३-CR-०५३७ र ०७३-CR-०७००, ज्यान मार्ने उद्योग तथा डाँका, *रामेश्वर गोतामे वि. नेपाल सरकार, ईश्वर पल्ली मगर वि. नेपाल सरकार, नेपाल सरकार वि. रामेश्वर गोतामेसमेत, हिरा रानामगर वि. नेपाल सरकार र अर्जनबहादुर शाही ठकुरी वि. नेपाल सरकार*

प्रतिवादीहरूले प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वकको बयान होइन भन्ने जिकिर लिई अदालतमा बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निजलाई निर्दोष मान्न

मिल्दैन । प्रहरीमा पढ्न नदिई नसुनाई बयान गराएको भए म्याद थपको क्रममा अदालत ल्याएको बखत सो कुराको जिकिर लिई निवेदन दिनुपर्नेमा त्यस्तो जिकिर लिएको वा पछि पनि सो सम्बन्धमा निवेदन दिन सकेको देखिँदैन । प्रतिवादीहरूको इन्कारी कथन स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ । तर प्रतिवादीहरूले आफूलाई बयान गर्न के कुन कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा यी प्रतिवादीहरूलाई अनुसन्धान अधिकारीसमक्ष नसुनाई जबरजस्ती इच्छाविपरीत बयान गराएको तथ्य प्रमाणबाट देखिन नआएको र निजहरूको सो साबिती बयान मिसिल संलग्न प्रमाण कागजातबाट समर्थित हुन आएको देखिएकोले उक्त साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम निजहरूले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाईलाई अन्यथा भन्न नमिल्ने भई सो स्वीकारोक्तिलाई निजहरूका विरूद्ध प्रमाणमा लिनुपर्ने ।

प्रतिवादीहरूले बाटामा ढुकी जाहेरवालाको जाहेरीमा उल्लिखित नगद रकम जबरजस्ती तरिकाले लगेको तथ्य जाहेरवालाको सुरू जाहेरी दरखास्त, जाहेरवालाले प्रतिवादीहरूलाई चिनी गरिदिएको सनाखत कागज, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान र प्रत्यक्षदर्शी कुवेर इटनीसमेतको बकपत्रबाट समर्थित भएको देखिँदा उल्लिखित वारदातमा मुलुकी ऐन, चोरीको महलको ६ नं. ले परिभाषित गरेअनुरूप चार जनाभन्दा बढीको जमात रहे भएको नदेखिँदा प्रस्तुत वारदात डाँकाको नभई चोरीको महलको ५ नं. अनुसार रहजनी चोरीको वारदात देखिँदा सो वारदात कायम गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

वारदातका दिन विद्यालयको खाताबाट रू.१५,८९,०००।- मात्र भुक्तानी गरी लगेको भनी राष्ट्रिय वाणिज्य बैंक, धादिङको च.नं.१३० मिति २०७०।६।१४ को प्राप्त पत्रमा उल्लेख भएको देखिन्छ । मिति २०७०।६।१४ को सानिमा बैंकको पत्रबाट वारदातका दिन जाहेरवालाले रकम भुक्तानी नलिएको भन्ने उल्लेख रहेको पाइन्छ । त्यस्तै जाहेरवालाले घरबाट साथमा ल्याएको भनिएको रू.१८,०००।- रकमको स्रोत र प्रयोजन खुल्न सकेको देखिँदैन । जाहेरवालाको रकम रू.१५,८९,०००।- मात्र रहजनीको रीतसँग चोरी गरेको देखिँदा यी प्रतिवादीहरू रामेश्वर गोतामे, अर्जुनबहादुर शाही ठकुरी र हिरा राना मगरलाई मुलुकी ऐन, चोरीको महलको १४(३) नं. बमोजिम जनही रू.३१,७८,०००।- जरिवाना र जनही दुई महिना कैद हुने साथै जरिवानाबापत कैद हुने र अर्का प्रतिवादी ईश्वर पल्ली मगरउपर मुलुकी ऐन, चोरीको २० नं. को अभियोग मागदाबी लिएको र निज रहजनी चोरी वारदातमा प्रत्यक्षरूपमा संलग्न नरही उक्त रहजनी चोरी गरेको नगद रू.३,२३,०००।- बाँडीलिएको देखिँदा निजले रू.३,२३,०००।- भन्दा बढी लिए खाएको नदेखिँदा उक्त बिगोबमोजिम रू.३,२३,०००।- जरिवाना हुने साथै सो जरिवानाबापत समेत कैद हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सोतर्फ पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

जाहेरवालाको *"Cut injured in the head"* भन्ने घाउ जाँच केस फाराममा उल्लेख भएको देखिन्छ । उक्त घाउजाँच केस फाराम हेर्दा मर्नेसम्मको घाउचोट रहेभएको अवस्था देखिँदैन । प्रतिवादीहरूको ज्यान मार्नेसम्मको उद्देश्य रहे भएको नभई जाहेरवालाको सँगसाथमा रहेको नगद धनमाल जबरजस्ती कब्जामा लिँदा दुवै पक्षबीच झगडा हुँदा कुटपिट भई जाहेरवालाई चोट लाग्न गएको अवस्था विद्यमान देखिन्छ । प्रत्यक्षदर्शी कुवेर ईटनीसमेतको बकपत्रबाट ज्यान मर्नेसम्मको कार्य भए गरेको नदेखिएको अवस्थामा यी प्रतिवादीहरू उपर ज्यान मार्ने उद्योगतर्फ ठहर हुने गरी सुरू धादिङ जिल्ला अदालतबाट मिति २०७१।६।१ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी गरी मुलुकी

ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिमको अभियोग दाबीबाट प्रतिवादीहरूले सफाइ पाउने र जाहेरवाला पीडितको घाउ जाँच केस फारामसमेतबाट कुटपिटको वारदातसम्म देखिँदा सरोकारवालाले सकार गरेमा पक्ष कायम गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटतर्फ परिणत हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित विवेचित आधार र प्रमाणसमेतबाट प्रतिवादीहरू रामेश्वर गोतामे, अर्जुनबहादुर शाही ठकुरी र हिरा राना मगरलाई मुलुकी ऐन, चोरीको महलको १४(३) नं. बमोजिम जनही रू.३१,७८,०००।- (एकतीस लाख अठहत्तर हजार) जरिवाना र जनही २ (दुई) महिना कैद हुने साथै निजहरूलाई लागेको जरिवानाबापत समेत कैद हुने एवम् प्रतिवादी ईश्वर पल्ली मगरलाई बिगोबमोजिम रू.३,२३,०००।- (तीन लाख तेइस हजार मात्र) जरिवाना हुने र सो जरिवानाबापत समेत कैद हुने एवम् ज्यान मार्ने उद्योगतर्फ प्रतिवादीहरूले सफाइ पाउनुपर्नेमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम जनही ५ वर्ष कैद हुने ठहर गरी सुरू धादिङ जिल्ला अदालतबाट मिति २०७१।६।१ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिमको अभियोग दाबीबाट प्रतिवादीहरूले सफाइ पाउने ठहर गरी जाहेरवाला पीडितको घाउ जाँच केस फारामसमेतबाट कुटपिटको वारदातसम्म देखिँदा सरोकारवालाले सकार गरेमा पक्ष कायम गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटतर्फ परिणत हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।०९।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर झवाली

इति संवत् २०७४साल मङ्सिर २४ गते रोज १ शुभम्।

इजलास नं. ८

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री मीरा खड्का, ०७३-CR-१४१६, कर्तव्य ज्यान, गुड्डीकुमारी साह *वि. नेपाल सरकार*

मृतकले जबरजस्ती करणीको उद्योग गरी हातपात, छेकथुन, बाँधछाँदसमेतको जोरजुलुम गरेको देखिँदैन । यस्तो अवस्था केही नहुँदा मृतकलाई घाँटीमा बेल्ट र सलले बाँधी चक्कुले रेटी मृतकलाई मारेको देखिन्छ । मृतकलाई मार्ने बित्तिकै यो यस्तो कारणले मृतकलाई मार्न पऱ्यो भन्ने कुराको कसैलाई सूचना दिएको पनि पाइँदैन। मृतकलाई मारी लासलाई कार्पेटमा बेरी आफू फरार रहेको पाइन्छ। अतः प्रस्तुत मुद्दामा प्रतिवादीले जबरजस्ती करणीको महलको ८ नं. बमोजिमको उन्मुक्ति पाउने अवस्था रहने नदेखिने।

तसर्थ, सुरू ललितपुर जिल्ला अदालतबाट प्रतिवादी गुड्डीकुमारी साहलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत, पाटनको मिति २०७३।८।२० को फैसला मिलेको देखिँदा सदर हुने।

मृतकलाई यी प्रतिवादीले कर्तव्य गर्नुपर्ने पूर्वरिसइवी रहेको भन्ने देखिँदैन । यी प्रतिवादी मृतकको घरमा डेरा लिएर बसेकी देखिन्छ। वारदातको दिन यी प्रतिवादीका दाजु नाताका अर्का प्रतिवादी राजु साह यी प्रतिवादी गुड्डीकुमारीको डेरामा आएका र मृतकसमेत सँगै बसी रक्सी खाएको र पछि मृतकलाई खाना खान सोध्न मृतकको कोठामा गएको अवस्थामा मृतकले यौनजन्य दुर्व्यवहार गर्न लागेकोले मृतकलाई कर्तव्य गरेको भन्ने प्रतिवादीको बयान रहेको, प्रतिवादी उमेर २७ वर्षको रहेको देखिएकोसमेतबाट ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने देखिएकोले यी प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ७ सजाय गर्दा ऐनको

मकसद पूरा हुने हुँदा सुरू जिल्ला अदालतले व्यक्त गरेको अ.बं. १८८ नं. राय सदर गरेको उच्च अदालत, पाटनको रायसमेत सदर हुने ।

इजलास अधिकृत: टेकनाथ गौतम

इति संवत् २०७५ साल वैशाख २३ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६६-CI-०१९०, हक कायम दर्ता, *उत्तराकुमारी पाण्डेसमेत वि. भुपेन्द्रराज पाण्डे*

प्रतिवादी रामप्रसाद दुलाल र हरिप्रसाद दुलालले दिएको निवेदन, फिल्डबुकसमेतका प्रमाणबाट विवादित जग्गाको मोही निज रामप्रसाद दुलाल र हरिप्रसाद दुलाल भएको तथ्यमा विवाद देखिएको छैन । निज मोहीहरूले विवादित जग्गा भुपेन्द्रराज पाण्डेको हो भनी लेखाएर निजको नाममा नै जग्गा दर्ता गरी दिए हुन्छ भनी सनाखत गरेको भए तापनि त्यतिको आधारमा मात्र वादी भुपेन्द्रराज पाण्डेको हक कायम गर्न नमिल्ने ।

साबिकमा खडा भएको लगतमा जग्गाको स्वामित्ववाला भनी नाम लेखिएको व्यक्तिको नाम थरसँग सम्बन्ध देखाउन पछिबाट खडा भएका प्रमाणहरूलाई पनि सूक्ष्मतम रूपमा हेर्नु पर्दछ । वादीले मोहीले फिल्डबुकमा आफूलाई जग्गाधनी भनी लेखाई बालीसमेत बुझाएको भन्ने कुरालाई मुख्य प्रमाणको रूपमा दाबी गरेको पाइन्छ । मिसिल संलग्न रहेको वादीले पेस गरेको फिल्डबुकमा मोही गणेशभक्त दुलाल र हरिप्रसाद दुलालले जग्गाधनी भुपेन्द्रराज भनी लेखाएको देखिए तापनि साबिकमा निज मोही हरिप्रसाद दुलालले मिति २०२२।३।२१ मा भरेको कि.नं. ५२, ५३ र गणेशभक्त दुलालले कि.नं.४९ को जग्गाको जोताहाको ४ नं. अस्थायी निस्सामा जग्गावालाको नाम थर महलमा भोगेन्द्रराज उपाध्याय उल्लेख भएको देखिन्छ । निज भोगेन्द्रराज उपाध्याय प्रतिवादी उत्तराकुमारी र विनायकराज पाण्डेको जिजुबुबा / बुढा ससुरा भएको तथ्य प्रमाणबाट समर्थित भएको पाइने ।

प्रतिवादी विनायकराज पाण्डेका पुर्खा टेकराज पण्डितले बुढानिलकण्ठ टुकुडोल २० रोपनीमध्ये किर्तिनिधि विष्टसमेतले १४ रोपनी जग्गा पाएको पास नभएको बकसपत्रबमोजिम २५।३० वर्षदेखि उठ्तीलाई खाएको भन्ने उल्लेख गरी आफ्नो कायम हुनुपर्ने ६ रोपनी भनी ७ नं. फाँटवारीमा उल्लेख गरेको देखिन्छ । प्रतिवादी उत्तराकुमारीसमेतले पनि सोही ६ रोपनी जग्गा नै नरबढी भई दर्ता बाँकी रहेको भनी गरेको दाबी ७ नं. फाँटवारीमा उल्लिखित बेहोरासमेतले समर्थन गरेको देखिएबाट समेत वादी भुपेन्द्रराज पाण्डेको हक कायम हुन सक्ने नदेखिने ।

अतः सुरू अदालतले वादी दाबीबमोजिम वादी भुपेन्द्रराज पाण्डेको हक कायम गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६३।९।२ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीका जग्गामा वादी भुपेन्द्रराज पाण्डेको हक कायम हुन सक्दैन । प्रतिवादी उत्तराकुमारी र विनायकराज पाण्डेको हक कायम भई दर्तासमेत हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल असोज ४ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CI-०१९१, विर्ता हक कायम रैकर परिणाम दर्ता, *उत्तराकुमारी पाण्डेसमेत वि. तिलकुमारी दुलालसमेत*
- ०६६-CI-०१९२, हक कायम, *उत्तराकुमारी पाण्डेसमेत वि. भुपेन्द्रराज पाण्डेसमेत*
- ०६६-CI-०१९३, बिर्ता हक कायम गरी रैकर परिणत दर्ता , *उत्तराकुमारी पाण्डेसमेत वि. भुपेन्द्रराज तिलकुमारी दुलालसमेत*

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६८-CI-०३८८, घर हटाई टप भत्काई चलन चलाई सार्वजनिक कुलो कायम गरिपाउँ, *महेशप्रसाद कलवार वि. बलिराम साह*

सरकारी जग्गामा नेपाल सरकारको सरोकार निहित रहेको हुन्छ। सरकारी जग्गामा व्यक्ति विशेषको अधिकार स्थापित नभएसम्म त्यस्तो जग्गामा व्यक्तिको अधिकार सिर्जना हुन सक्तैन। नेपाल सरकारको वा सार्वजनिक हित वा सरोकार निहित रहेको विषयमा मुद्दा गर्न अड्डाको अनुमति लिई सर्वसाधारण जोसुकैले पनि वादी भई मुद्दा चलाउन सक्ने व्यवस्था मुलुकी ऐन, अदालती बन्दोबस्तको १० नं. मा व्यवस्था भएको र प्रस्तुत मुद्दाका वादीले उक्त कानूनी व्यवस्थाअनुसार बारा जिल्ला अदालतबाट फिराद दर्ता गर्ने अनुमति लिई प्रस्तुत मुद्दा दायर गरेको देखिन आएकोले प्रस्तुत मुद्दा दायर गर्न हकदैयाको विषयमा विवाद गर्ने अवस्था रहेन। सरकारी जग्गा अतिक्रमणका विषयमा उजुर गर्ने हदम्याद तोकिएको नहुँदा प्रस्तुत फिरादपत्र हदम्याद नघाई दर्ता भएको भन्न मिल्ने नदेखिने।

प्रतिवादी दर्ताको कि.नं. ११७९ र कि.नं. २९९२ जग्गाको बीचमा कि.नं. ५५ को सरकारी कुलो रहेको तथ्य नक्सा मुचुल्का एवम् नापी नक्साबाट प्रस्ट भएको छ। नक्सा मुचुल्काबाट न.नं. ९, १० र १६ मा झगडा जनाएको देखिन्छ। उल्लिखित झगडा जनिएको जग्गामध्ये न.नं. ९ को जग्गा कुलोको जग्गाको सिमानाभित्र पर्न गएको देखिएको छैन। न.नं. १० र १६ को जग्गा सरकारी कुलोको सिमानाभित्र पर्ने देखिन्छ। उक्त न.नं. १० को जग्गामा पर्ने गरी प्रतिवादीले पक्की घरको टप राखेको देखिएको र न.नं. १६ को जग्गामा प्रतिवादीले निर्माण गरेको न.नं. १५ (कि.नं.११७९) को घरको भाग रहेको देखिन आएको छ। यसरी सार्वजनिक सरकारी कुलोको जग्गा व्यक्ति विशेषले निजी तवरले कब्जा गर्न मिल्ने अवस्था नभएकोमा प्रतिवादीले गरेको न.नं.१० र १६ को निर्माण कार्यबाट सार्वजनिक सरकारी कुलो अतिक्रमण भएको देखिएकोले सो न.नं.१० र १६ मा निर्माण गरेको भौतिक संरचना भत्काई उठाई सार्वजनिक कुलो र पैनी कायम रहने गरी चलन चलाई दिने ठहऱ्याएको पुनरावदेन अदालत, हेटौंडाको फैसला अन्यथा गर्नुपर्ने अवस्था देखिन नआउने।

तसर्थ सुरू बारा जिल्ला अदालतको फैसला उल्टी गरी सार्वजनिक कुलो अतिक्रमण गरी बनाएको न.नं. १० र १६ को भौतिक संरचना भत्काई उठाई कुलो कायम रहने गरी चलन चलाई दिने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला सदर हुने।

इजलास अधिकृत: सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०६६-CI-०९६९, अंश चलन, *तजामुल जोलाह वि. नुर मोहम्मद जोलाहसमेत*

एकासगोलको सम्पत्ति सगोलकै कुनै व्यक्तिको नाउँमा स्वामित्व हस्तान्तरण भएकै कारणले अन्य अंशियारको अंश हक समाप्त नहुने हुँदा यी पुनरावेदक वादीले प्रतिवादीहरूले बकसपत्र लिनुदिनु गरेको सम्पत्तिसमेतबाट यी पुनरावेदक वादीले अंश पाउने देखिन आउने।

वादीले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित कि.नं. ११, ६०, १९७ र ४२ का घरजग्गा तथा निजका छोराका नामको कि.नं. ४६ घरजग्गा निजी ज्ञान सीपबाट आर्जन गरेकोले बन्डा नलाग्ने भनी उल्लेख नभएको हुँदा बन्डा लाग्ने नै देखियो। प्रतिवादीहरूले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित घरजग्गामध्ये जिल्ला बाँके, जयसपुर गा.वि.स. वडा नं.५ को ११० को ०-१-१४, ऐ. ऐ.कि. नं. ११८ को ०-२-८ र ऐ. वडा नं. ७ को कि.नं. २४ को ०-१०-८ का जग्गाहरू मोहमद बक्स जोलाहबाट यी प्रत्यर्थी प्रतिवादी मुसलिम जोलाहले र.नं. ११६ मिति २०४१।४।२१ को हालैदेखिको बकसपत्रको लिखतबाट प्राप्त गरेको, ऐ. वडा नं. ७ को कि.नं. ४० को १-१-१४ को जग्गा मोहमद बक्स जोलाहबाट यी प्रत्यर्थी प्रतिवादी ताइउन जोलाहले र.नं. ११५ मिति २०४१।४।२१ को हालैदेखिको बकसपत्रको

लिखतबाट प्राप्त गरेको, ऐ. वडा नं. ६ को कि.नं. १३ को ४४५.६० को घरसहितको जग्गा मोहमद बक्स जोलाहबाट यी प्रत्यर्थी प्रतिवादी नुर महमद जोलाहले मोहमद बक्स जोलाहकै पैतृक सम्पत्तिबाट अंश लिई घर बनाई आफ्नो नाममा नापी गराएको भनी उल्लेख गरेको देखिन्छ। उल्लिखित सम्पत्तिको स्रोत पैतृक सम्पत्ति नै देखिएको र प्रत्यर्थी प्रतिवादीहरूले निजी ज्ञान सीपबाट आर्जन गरेको भनी भन्न र सोको प्रमाण पेस गर्न सकेको नदेखिएको हुँदा त्यस्तो पैतृक सम्पत्ति बकसपत्र दिँदा वा अंश दिँदा यी पुनरावेदक वादीको मन्जुरी लिएको नदेखिएको र सगोलका अंशियारबीचमा अंशबन्डा नहुँदै नाति र बुहारीलाई हालैदेखिको बकसपत्र गरी दिएको देखिँदा सो सम्पत्तिबाट समेत यी पुनरावेदक वादीले अंश पाउने नै देखियो। ऐ. वडा नं. १क कि.नं. ५१ को ०-३-५१ को जग्गा भने यी प्रत्यर्थी प्रतिवादी मुस्तकीम जोलाहले पुनरावेदक वादीसँग मानो छुट्टिएको मिति २०६२।६।८ पश्चात् सत्यनारायण कुर्मीबाट मिति २०६४।५।१७ मा र.नं. ४१०क को राजीनामा लिखतबाट खरिद गरेको देखिएको र सो जग्गा खरिद गर्दा यी पुनरावेदक वादीले आफ्नो पनि योगदान रहेको भनी भन्न र सोको प्रमाण पेस गर्न नसकेकाले सो जग्गा भने निज प्रत्यर्थी प्रतिवादी मुस्तकीम जोलाहको निजी आर्जनको देखिँदा बन्डा गर्नुपर्ने नदेखिने।

अतः विवेचित आधार प्रमाणसमेतबाट पुनरावेदक वादी तथा प्रत्यर्थी प्रतिवादीहरूको तायदाती फाँटवारीमा उल्लिखित घर जग्गामध्ये मुस्तकीम जोलाहका नामको कि.नं. ५१ को जग्गाबाहेकका सम्पूर्ण घरजग्गाबाट यी पुनरावेदक वादीले २ भागको १ भाग अंश पाउने र प्रत्यर्थी प्रतिवादीहरूले पेस गरेको तायदाती फाँटवारीको घरजग्गाबाट पुनरावेदक वादीले अंश नपाउने ठहर गरेको हदसम्म तत्कालीन पुनरावेदन अदालत, नेपालगञ्जको फैसला केही उल्टी हुने ठहर्छ। आफ्नो र छोराको नामका घरजग्गाबन्डा नगर्ने गरी तथा प्रतिवादीहरूका नामका सबै घरजग्गा बन्डा गर्ने गरी फैसला गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिर सो हदसम्म पुग्न नसक्ने।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल जेठ १७ गते रोज ४ शुभम् ।

५

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७२-CR-१०४७, कर्तव्य ज्यान, *इमान सिंह पुन मगर वि. नेपाल सरकार*

प्रत्यक्षदर्शीको रूपमा यी प्रतिवादीका छोरा रीमबहादुर पुन, बुहारी शान्ति पुन र प्रतिवादीसित सँगै घर छाउने काम गरेका शोभाराम पुनसमेतले गरिदिएको कागज एवम् शान्ति पुनसमेतले अदालतमा आई गरी दिएको बकपत्रबाट प्रतिवादीले गरेको साबिती बयान समर्थित भएको देखिएकोसमेतका आधार प्रमाणबाट यी प्रतिवादी र मृतक क्वारी पुन दुवै लोग्ने स्वास्नी भई घटनापूर्व रक्सी सेवन गरेकोमा घर छाउने कुरालाई लिएर मृतकले कचकच गरेकी र दुवैका बीच भनाभन हुँदा प्रतिवादीले मृतक क्वारी पुनलाई फलामको आगो टिप्ने चिम्टाले प्रहार गर्दा सो चिम्टा निज मृतकको कन्चटमा गढ्न गई सोही चोटबाट मृत्यु भएको देखिन आई निज प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि भएको देखिँदा निज प्रतिवादी इमानसिंह पुनलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू प्युठान जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, तुल्सीपुरको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी इमान सिंह पुन र मृतक क्वारी पुन पति पत्नी भएको र निज मृतकलाई प्रतिवादीले मार्नु पर्नेसम्मको कुनै पूर्वरिसइवी,मनसायसमेत केही भएको देखिँदैन। मृतकले प्रतिवादीलाई घर छाउने कुरालाई लिएर दिउँसैदेखि कचकच गरी रहेकीमा साँझ दुवै पति पत्नीसमेतले केही मादक पदार्थ सेवन गरी खाना खाई दुवैजना सँगै बसिरहेको अवस्थामा दुवै पति पत्नीका बीच सामान्य भनाभन भई नजिकमा रहेको फलामे चिम्टा हातमा लिई प्रतिवादीले मृतकलाई ताकी यो

चिम्टाले हानी दिउँ भनी भन्दा मृतकले लौ हान त भनी भनेबाट उक्त चिम्टाले प्रहार गर्दा सो चिम्टा एक्कासी मृतकको कन्चटमा गढ्न गई सोही चोटबाट मृतकको तत्काल मृत्यु हुन गएको अवस्थासमेतलाई विचार गर्दा प्रतिवादीलाई सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने हुँदा घटनाको परिस्थितिलाई हेर्दा निज प्रतिवादीलाई ५ वर्ष कैद गर्दा न्यायोचित नै हुने देखिँदा सोअनुसार हुन अ.बं.१८८ नं.बमोजिम व्यक्त रायसमेत सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम्।

इजलास नं. ९

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६९-CI-०८४७, जग भत्काई जग्गा सार्वजनिक कायम गरिपाउँ, *निरगुन यादव वि. मदन यादव*

जग्गा नापी भई पर्ती जग्गा जनिई छुट्टै कित्ता कायम भएको यस प्रकारको जग्गालाई कित्ता नं. उल्लेख गरी अनधिकृत निकाय गा.वि.स. कार्यालयले घर घडेरी दर्ता नामकरण गरी प्रमाण पुर्जा दिएकै आधारमा सार्वजनिक पर्ती जग्गा व्यक्तिको हुन सक्दैन। सार्वजनिक पर्ती जग्गा व्यक्तिको नाउँमा दर्ता गर्ने अख्तियार कानूनले गा.वि.स. कार्यालयलाई प्रदान नगरेको अवस्थामा अधिकार नै नभएको निकायले प्रदान गरेको प्रतिवादीले पेस गरेको घर घडेरीको दर्ता प्रमाण पुर्जाको कुनै औचित्यतासमेत रहेको नदेखिने।

प्रचलित कानूनले अधिकार नै प्रदान नगरेको निकायले अनधिकृत रूपमा गरेको निर्णयको प्रतिफल सधैँ शुन्य नै हुने हुँदा गा.वि.स.लाई घर घडेरी दर्ता प्रमाण पुर्जा दिने अधिकार नै नभएको अवस्थामा प्राप्त प्रमाण पुर्जाको कुनै मान्यता रहन सक्दैन। विवादित कि.नं. ७७ को जग्गा पर्ती जग्गा रहेको भन्ने फिल्डबुक उतारबाट देखिइरहेको र सो जग्गा आफूले विधिवत् रूपमा प्राप्त गरी आफ्नो नाममा हक भोग दर्ता गरी चलनसमेत गरेको भन्ने वस्तुनिष्ठ प्रमाण प्रतिवादीले खुलाउन सकेको नदेखिँदा सार्वजनिक कायम नहुने गरी निर्णय दिनु मनासिब नदेखिने।

तसर्थ उल्लिखित तथ्य, आधार र कारणसमेतबाट उल्लिखित कि.नं. ७७ को जग्गा सार्वजनिक पर्ती जग्गा देखिँदा वादी दाबी पुग्न नसक्ने भनी ठहर गरेको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६८।७।२८ को फैसला मिलेको नदेखिँदा उल्टी भई सो सार्वजनिक पर्ती जग्गामा प्रतिवादीले गरेको निर्माण संरचना भत्काई, हटाई, खिचोला मेटाई सार्वजनिक जग्गा कायम हुने गरी चलनसमेत चलाई दिने ठहर्छ भनी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।३।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकेशरी पोखरेल

इति संवत् २०७३ साल चैत १३ गते रोज १ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७१-CR-०२२७, ०२२८, जालसाज, *राममिलन कहार वि. सोनवा कहार र उमा कहार वि. सोनवा कहार*

राममिलन कहारको नाममा दर्ता रहेको १२१ नं. को घरजग्गा निजकी श्रीमती उमा कहारलाई मिति २०६१।८।२९ मा दूषित मनसाय राखी हालैदेखिको बकसपत्र पारित गरेकोमा वादी सोनवा कहारले मिति २०६७।२।३१ मा थाहा पाई मिति २०६७।८।२४ मा फिरादपत्र दिएको देखिँदा प्रस्तुत मुद्दाको विषयवस्तु ऐनको हदम्यादभित्रै आएको देखिन्छ। यस्तो अवस्थामा हदम्याद नाघी फिराद परेको भन्ने प्रतिवादीहरूको जिकिर पुग्न सक्ने देखिएन। दूषित मनोभावना राखी एकाले अर्काको हक मेट्ने उद्देश्यले यी प्रतिवादीहरू एक अर्कामा मिली गुप्त तरिकाले कुनै कार्य गरेको रहेछ भने त्यस्तो कार्यमा वादीलाई हा.व. भएको लिखतको बारेमा थाहा जानकारी थियो भन्ने अर्थ गरी यी प्रतिवादीहरूको भनाईलाई मात्र आधार बनाई फैसलामा ग्रहण गर्नु भनेको न्यायलाई

परास्त गर्नुबाहेक केही होइन । तसर्थ प्रस्तुत मुद्दाको विषयवस्तुको विवादलाई हदम्यादभित्रै रहेको अवस्था मान्नु पर्ने ।

अतः उल्लिखित तथ्य एवम् विवेचित आधार कारणहरूबाट घरबारीटोल पूर्व मुखा नं. १२१ को घरजग्गामा वादीको हकसम्म २ भागको १ भाग जालसाजी ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतको मिति २०६८।३।१३ को फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९।३।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७१-CI-०२०५, ०२०६, अंश दपोट, *उमा कहार वि. सोनवा कहार, रामिलन कहार वि. सोनवा कहार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७१-CR-१०७७, जबरजस्ती करणी, *लक्ष्मी महरा चमार वि. नेपाल सरकार*

यौनजन्य कार्य आम मानिसको अगाडि वा अन्य मानिसको समुपस्थितिमा गरिने कार्य नभई एकान्तस्थानमा कसैले नदेख्ने गरी गरिने गोप्य प्रकृतिको कार्य हो भने यसमा पीडिताबाहेक अरू साक्षीको समुपस्थित रहन सक्ने अवस्था नै रहँदैन । पीडिता नै प्रस्तुत केसको लागि प्रत्यक्ष साक्षीको रूपमा रहने ।

पीडिताले अनुसन्धानको समयमा कागज गर्दा प्रतिवादी लक्ष्मी चमारले "मलाई समाती बाँधी सोही नजिकको रामदेव महराको गोठमा लगी परालमाथि सुताई हातले मुख थुनी जबरजस्ती करणी गरिरहेको अवस्थामा मेरो बुबा पुगी निजलाई पक्राउ गरी प्रहरीको जिम्मा दिएको हो भनी घटना विवरणलाई सिलसिलाबद्ध रूपले क्रम मिलाई कागज गरिदिएको र सोही बेहोरालाई मेलखाने गरी पीडितले अदालतमा आई ईसारा गरेअनुसार उल्लेख गरी साङ्केतिक भाषाविज्ञ टिकालक्ष्मी पाण्डेले लेखाई दिएको बेहोरासमेतबाट जाहेरवालाको भनाई तथा वस्तुस्थिति मुचुल्काका मानिसहरू मोतिलाल महरा, विरेन्द्र महराको बकपत्रबाट समेत अभियोग दाबी पुष्टि हुने आधारभूत प्रमाणहरूको विद्यमानता रहेबाट अभियोग दाबीअनुसारको कसुर स्थापित हुन आएको देखिन्छ । समग्र प्रमाणबाट प्रतिवादी लक्ष्मी महरा चमारले एकटाँगा य लाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएको छ । आफ्नो इन्कारी बयान पुष्टि हुने प्रमाण प्रतिवादीले पेस गर्न सकेको देखिँदैन । प्रतिवादीले पीडित एकटाँगा य लाई जबरजस्ती करणी गरी अभियोग दाबीबमोजिमको कसुर गरेको हुँदा प्रतिवादीलाई कसुरदार ठहऱ्याई सुरूले गरेको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मनासिबै देखिन आउने ।

तसर्थ उपर्युक्त विवेचना गरिएका आधार प्रमाणहरूबाट प्रतिवादी लक्ष्मी महरा चमारलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम १४ वर्षदेखि माथि १६ वर्षभन्दा कम उमेरकी बालिकालाई जबरजस्ती करणी गरेकोमा ६ वर्ष कैद र ऐ. ३ क नं. बमोजिम अशक्त अपाङ्ग महिलालाई जबरजस्ती गरेकोमा थप ५ वर्ष कैद र ऐ. १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट रू.१०,०००।– क्षतिपूर्ति भराइदिने गरी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७१।३।१५ मा भएको फैसला सदर गरी गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।८।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

इति संवत् २०७३ साल चैत २ गते रोज ४ शुभम् ।

इजलास नं. १०

१

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६७-CR-१३०३, ०६८-CR-०२१०, ०६८-

CR-०६१७ र ०६८-CR-०९८४, कर्तव्य ज्यान, *रिता श्रेष्ठ वि. नेपाल सरकार र नेपाल सरकार वि. दिलबहादुर प्रधानसमेत, मदन श्रेष्ठ वि.नेपाल सरकार र राजु चौधरी वि. नेपाल सरकार*

मृतक सीता श्रेष्ठको सम्पत्ति हत्याउन प्रतिवादी मदन श्रेष्ठसमेतको योजनामा यी प्रतिवादी संलग्न भई सीता श्रेष्ठलाई मारेबापत दिने भनेको पन्ध्र लाख रूपैयाँको प्रलोभनमा परी हत्या गर्ने योजना मुताबिक मृतकसमेत बस्ने घरमा कोठा भाडामा लिई बसी प्रतिवादी मदन श्रेष्ठले दिएको हतियार खुकुरी र छुरा प्रहार गरी मृतकलाई मारेकोमा स्वयम् यी प्रतिवादी दिपेन चौधरी साबिती भई अदालतमा बयान तथा मौकामा बयान कागज गरिदिएको देखिन्छ । यी प्रतिवादीको उक्त साबिती बयानलाई मौकामा कागज गर्ने तिलकबहादुर अधिकारीको कागज सहप्रतिवादी राजु चौधरीले अदालतको बयान तथा मौकामा गरेको बयान कागज, सहप्रतिवादी मदन श्रेष्ठ र दिलबहादुर प्रधानले गरेको मौकाको बयान कागज, प्रतिवेदक रेवत अधिकारी तथा गोविन्द घिमिरेले अदालतमा आई गरेको बकपत्र साथै वस्तुस्थिति मुचुल्कासमेतबाट समर्थित भइरहेको देखिँदा सुरूले सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको देखिँदा सदर हुने ।

मृतक सीता श्रेष्ठको हत्या गर्दा पाइने १५ लाख रूपैयाँको लोभ लालचमा परी यी प्रतिवादी राजु चौधरी अन्य प्रतिवादीहरूसँगै मृतकसमेत बस्ने घरमा कोठा भाडामा लिई बसेको र सीता श्रेष्ठ धरानबाट आएको दिनको राति २।३ बजेतिर अन्य सहप्रतिवादीहरूलाई सीता श्रेष्ठको हत्या गर्नको लागि सहप्रतिवादी मदन श्रेष्ठले दिएको खुकुरी, छुरासहितका हतियारसहित माथि सीता श्रेष्ठ बस्ने ठाउँमा पठाई आफू अरू कोही आउँछन् कि भनी वारदातस्थलमा बाटो ढुकी बसेको हुँ भनी साबित भई यी प्रतिवादी राजु चौधरीले अदालतमा बयान तथा मौकामा बयान कागज गरेको देखिन्छ । निजको उक्त साबिती बयानलाई समर्थित गरी सहप्रतिवादी दिपेन चौधरीले राजु चौधरीले भने मुताबिक हामीले छुरा प्रहार गरी सीता श्रेष्ठको हत्या गरेको हो भनी अदालतमा बयान तथा मौकामा बयान कागज गरेको, मौकामा प्रतिवेदन गर्ने प्र.ना.नि. रेवत अधिकारीसमेतले राजु चौधरीको निर्देशनअनुसार अन्य प्रतिवादीहरूले सीता श्रेष्ठको हत्या गरेको हो भनी अदालतमा आई बकपत्र गरेको, मौकामा कागज गर्ने तिलकबहादुर अधिकारीको कागज र वस्तुस्थिति मुचुल्कासमेतको प्रमाण कागजहरूबाट यी प्रतिवादी राजु चौधरीको निर्देशन एवम् वचनअनुसार अन्य प्रतिवादीहरूले सीता श्रेष्ठको हत्या गरेको र यी प्रतिवादी स्वयम् वारदातस्थलमा कोही आउँछन् कि भनी बाटो ढुकी बसेको पुष्टि भइरहेको देखिँदा निजलाई ज्यानसम्बन्धी महलको १३(४) नं. अनुसार जन्मकैद सजाय गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको देखिने ।

प्रतिवादी मदन श्रेष्ठले मौकामा गरेको साबिती बयान, सहप्रतिवादीको पोल, प्रतिवेदकको बकपत्रसमेतबाट यी प्रतिवादी मदन श्रेष्ठले दिदी सीता श्रेष्ठको सम्पत्ति आफूले लिन खानको लागि निजको हत्या योजना बनाई सोही योजना मुताबिक हत्या गरेको पुष्टि हुन आएकोले आरोपित कसुरबाट सफाइ पाउँ भन्ने यी प्रतिवादी मदन श्रेष्ठको पुनरावेदन जिकिर मनासिब देखिन नआउने ।

प्रतिवादी रिता श्रेष्ठले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी रही मौकामा भएको बयान कागज डर त्रासमा पारी गराएको भनी जिकिर लिई बयान गरे तापनि मौकामा बयान कागज गर्दा सीता श्रेष्ठलाई मार्ने भन्ने कुरा पहिल्यै थाहा थियो भनी बयान कागज गरेकी र उक्त बयान कागज डर त्रासमा परी गरेको भन्ने सम्बन्धमा कुनै प्रमाण पेस गर्न सकेको पाइँदैन । त्यस्तैगरी सहप्रतिवादी राजु चौधरीसमेतले आफू कसुरमा साबिती भई यी प्रतिवादीसमेतको मिलेमतोमा सीता श्रेष्ठलाई मार्ने योजना बनाई आफूहरूलाई पैसा दिने प्रलोभन देखाई मार्न लगाएको भनी पोल गरेको देखिन्छ । अतः सहप्रतिवादीहरू राजु चौधरीसमेत यी प्रतिवादीको घरमा डेरा गरी बसेको

र सहप्रतिवादी पति मदन श्रेष्ठले हतियार उपलब्ध गराएको साथै रातको समयमा पनि घरको ढोकाहरू खुला राखी यी प्रतिवादी रिता श्रेष्ठले वारदात घटाउन सहज बनाई दिएको देखिँदा मृतक सीता श्रेष्ठको हत्या योजना र मत सल्लाहसम्म यी प्रतिवादीको संलग्नता रहेभएको पुष्टि हुन आएकोले ज्यानसम्बन्धी महलको १७(३) बमोजिम ३ वर्ष कैद गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको देखिँदा आरोपित कसुरबाट सफाइ पाउँ भन्ने यी प्रतिवादी र अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

विवाह गरी गएकी यी प्रतिवादी रत्ना श्रेष्ठले आफ्नी अविवाहित बहिनी मृतक सीता श्रेष्ठलाई मारेपछि निजको सम्पत्ति लिन खान पाउने कानूनी अवस्थाका साथै अन्य कुनै फाइदा वा लाभ पुग्नेसमेत देखिँदैन। सहअभियुक्तको बयानबाहेक अन्य प्रमाणबाट यी प्रतिवादी सीता श्रेष्ठको हत्यामा कुनै न कुनै रूपमा संलग्न भएको प्रमाणित हुन नसकेको अवस्थामा शङ्काको भरमा मात्र सजाय गर्न मनासिब नहुने हुँदा पुनरावेदन अदालतबाट आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला मिलेको देखिँदा यी प्रतिवादी रत्ना श्रेष्ठलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

प्रतिवादी दिलबहादुर प्रधानले मौकामा बयान कागज गर्दा सहप्रतिवादी मदन श्रेष्ठकी दिदी सीता श्रेष्ठलाई मार्ने मानिस खोजी सहयोग पुऱ्याएबापत निज मदन श्रेष्ठले १२।१५ लाख पर्ने दुई कठ्ठा जग्गा मेरो नाममा पास गरिदिने भनेकोले सो धनको लालचमा परी मैले सीता श्रेष्ठलाई मार्न कार्यको लागि राजु चौधरीसँग मदन श्रेष्ठको सम्पर्क गराई दिनेसमेतको कार्य गरी सहयोग गरेको हुँ भनी बयान गरेको देखिन्छ। मौकामा गरेको उक्त बयान कागजमा इन्कार रही अदालतमा बयान दिएको भएपनि यी प्रतिवादीले सो बयान कागज स्वेच्छा विरूद्धको बयान कागज हो भनी प्रमाणित गर्न सकेको अवस्था देखिँदैन। सहप्रतिवादीहरू दिपेन चौधरी र राजु चौधरीले आफू कसुरमा साबिती भई यी प्रतिवादीसमेतको मिलेमतोमा सीता श्रेष्ठलाई मार्ने योजना बनाएको भनी मौकाको बयान कागजमा पोल गरेको देखिन्छ। सहप्रतिवादी मदन श्रेष्ठले पनि सीता श्रेष्ठको हत्यामा यी प्रतिवादी दिलबहादुर प्रधानको संलग्नता रहेको भनी अदालतमा समेत बयान गरेका पाइन्छ। त्यस्तैगरी प्रतिवेदक रेवत अधिकारीसमेतले सीता श्रेष्ठलाई मार्ने षड्यन्त्रमा यी प्रतिवादी दिलबहादुर प्रधानको संलग्न रहेको भनी बकपत्र गरिदिएको, यी प्रतिवादीले पुनरावेदन अदालतबाट भएको फैसलामा चित्त बुझाई यस अदालतमा पुनरावेदन नगरेबाट समेत मृतक सीता श्रेष्ठलाई मार्ने मत सल्लाहमा यी प्रतिवादीको संलग्नता रहेको भएको पुष्टि हुन्छ। वादी नेपाल सरकारले यी प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम सजाय हुन माग दाबी लिई अभियोग पत्र दायर गरे पनि निजले सो हदसम्मको कसुर गरेको भन्ने कुरालाई प्रमाणित गर्न सकेको अवस्थासमेत नदेखिँदा यी प्रतिवादीका हकमा ज्यानसम्बन्धी महलको १६ नं. अनुसार १० वर्ष कैद गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रतिवादी दशरथ चौधरीले सुरू अदालतबाट भएको फैसलामा चित्त बुझाई पुनरावेदन नै नगरी बसेको देखिन्छ। पन्ध्र लाख रूपैयाँको प्रलोभनमा परी यी प्रतिवादीले सीता श्रेष्ठलाई मार्ने मानिस खोजी गर्ने, मार्न लगाउने र योजना मिलाउने कार्यमा सहभागी भएको भन्ने कुरा सहअभियुक्तहरू मदन श्रेष्ठ, राजु चौधरीको बयान, प्रतिवेदक रेवत अधिकारीको बकपत्र, प्रहरीमा कागज गर्ने कमला श्रेष्ठको कागजसमेतबाट पुष्टि भएको र यी प्रतिवादीले वारदातस्थलमा गई ज्यान मार्नलाई संयोग पारिदिएको भन्ने पुष्टि हुन नसकेको अवस्थामा पुनरावेदन अदालतले गरेको फैसला मिलेको देखिँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने।

अतः विवेचित आधार, कारण र प्रमाणबाट प्रस्तुत मुद्दाका प्रतिवादीमध्येका प्रतिवादी रत्ना श्रेष्ठलाई अभियोग मागदाबीबाट सफाइ दिने र अन्य प्रतिवादीमध्येका प्रतिवादी दिपेन चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, प्रतिवादीहरू मदन श्रेष्ठ र राजु चौधरीलाई ऐ. महलको १३(४) नं. बमोजिम जन्मकैद, प्रतिवादी दिलबहादुर प्रधानलाई ऐ. महलको १६ नं. बमोजिम १० वर्ष र प्रतिवादी रिता श्रेष्ठ र दशरथ चौधरीलाई ऐ. महलको १७(३) नं. बमोजिम जनही ३ वर्ष कैदको सजाय हुने ठहर गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।११।२५ मा भएको फैसला मनासिब देखिएकोले सदर हुने।

इजलास अधिकृतः शिवप्रसाद पराजुली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल साउन २२ गते रोज १ शुभम्।

२

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६६-CI-०६१९, नदीबाट उकास जग्गा दर्ता, *मालपोत कार्यालय, उदयपुर वि. मानबहादुर कार्की*

निवेदकले मिन्हा गराएको विवादित जग्गा निवेदकको हक स्वामित्वको हो, होइन ? निजले पेस गरेका प्रमाणहरू हेरी र निजले दाबी लिएको जग्गा विवादित जग्गा हो, होइन भनी हेरी निजको प्रमाणबाट हक स्वामित्वभित्र पर्ने भए दर्ता गर्न र निजको दाबी नपुग्ने भए सोहीबमोजिमको निर्णय गरिदिनु पर्ने कर्तव्य मालपोत कार्यालयको हो। आफूसमक्ष परेको निवेदनमा नेपाल सरकारको नाममा जग्गा दर्ता भएकै आधारमा निवेदकको स्वामित्वको प्रमाणको अस्तित्व मेटिने होइन। आफ्नो हक स्वामित्वको जग्गा नदी कटान भई मिन्हा पाएको जग्गापछि नदी उकास भई पुन: भोगचलन गरेमा उसको हक स्वामित्वको प्रमाण हेरी निर्णय गरिदिनु पर्ने।

नेपाल सरकारको नाउँमा दर्ता भएको जग्गासमेत व्यक्ति विशेषको हकभोगमा रहेको प्रमाणबाट देखिए दर्ता गर्ने अधिकारक्षेत्र मालपोत कार्यालयलाई रहेको देखिने।

तसर्थ, मालपोत कार्यालय उदयपुरबाट भएको मिति २०६५।४।२० को निर्णय बदर गरी निवेदकले दिएको प्रमाणसमेतलाई हेरी बुझी निजको नाममा दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा यकिन निर्णय गर्नु भनी मालपोत कार्यालय उदयपुरमा पुनः निर्णय गर्न पठाउने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।५।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः जीवनकुमार भण्डारी

इति संवत् २०७४ साल जेठ ३० गते रोज ३ शुभम्।

३

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६९-CR-०२९८ र ०६९-CR-०७०४, कर्तव्य ज्यान, *देवकुमार धमला वि. नेपाल सरकार र नेपाल सरकार वि. सुमन दाहालसमेत*

प्रतिवादीको मोबाइल र पैसा मृतकले लगेको र फिर्ता नदिएको विषयलाई रिसइवी लिई प्रतिवादी देवकुमार धमला मृतक उद्धव कोइरालाको खोजी गर्दै पहिला निजको घरमा पुगेका, घरमा भेट नभएपछि फर्किएर आउँदा बाटोमा भेट भई मृतकलाई कुटपिट गरेकोमा सोही कुटपिटको परिणाम स्वरूप मृतकको मृत्यु भएको भन्ने तथ्य मिसिल संलग्न लास जाँच मुचुल्का, प्रतिवादीको अदालतसमक्षको साबिती बयान, शव परीक्षण प्रतिवेदन, घटनाका प्रत्यक्षदर्शी श्रवणकुमार यादवले गरेको बकपत्रसमेतका सबुद प्रमाणबाट पुष्टि हुन आउने।

प्रतिवादी देवकुमार धमलाले आफूले सामान्य कुटपिट गरेको भनी जिकिर लिए तापनि लास जाँच मुचुल्काबाट मृतकको आँखामा निलडाम रहेको, आँखा सुन्निएको, घाँटीको अगाडिको भागबाट गर्धनको भागसम्म १७ से.मी. लम्बाईको चोट रहेको देखिन्छ। मृतकलाई प्रतिवादीले कुटपिट गर्दै गरेको देखी छुट्याई दिएकोमा पुनः मृतकलाई पिछा गर्दै कुटपिट गरेको भन्ने प्रत्यक्षदर्शी श्रवणकुमार यादवको बकपत्रबाट खुल्न आएको छ। तत्कालको विवादमा

सामान्य रूपको कुटपिट भएको भए घटनास्थलबाट छुट्याई पठाइसकेपछि पनि पुनः पिछा गर्दै गई कुटपिट गर्नुपर्ने अवस्था रहँदैन । प्रतिवादीकै कुटपिटको परिणामस्वरूप मृतक उद्धव कोइरालाको मृत्यु भएको देखिँदा सामान्य कुटपिट मात्र भएको भन्ने प्रतिवादीको जिकिर स्वीकारयोग्य नदेखिने ।

मृतकलाई मार्ने मत सल्लाहमा पसी वारदात स्थलमा गएको भए तापनि मृतकलाई मार्ने उद्देश्यले कुनै प्रकारको चोट प्रहार गरेको भन्ने नदेखिएको अवस्थामा यी प्रतिवादीहरू रविन कार्की तथा सुमन दाहाललाई समेत अभियोग माग दाबीबमोजिम सजाय गर्नु न्यायोचित हुने देखिएन । यसरी मृतकलाई कुटपिट गरेको कुरामा प्रतिवादीहरू इन्कार रहेका, मिसिल संलग्न लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र सहअभियुक्त देवकुमार धमलाको बयानसमेतका कागज प्रमाणले यी प्रतिवादीहरूले समेतले चोट प्रहार गरेको अवस्था पुष्टि नभएको र मर्नेसँग पूर्वरिसइवी रहेको भन्ने पनि नदेखिँदा प्रतिवादीहरू सुमन दाहाल र रविन कार्कीलाई समेत ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ विवेचित आधार कारणबाट प्रतिवादी देवकुमार धमलालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र प्रतिवादीहरू रविन कार्की र सुमन दाहाललाई ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम जनही ५ वर्ष कैद सजाय हुने ठहऱ्याई मोरङ जिल्ला अदालतबाट मिति २०६८।२।३१ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।२।१७ मा भएको इन्साफ मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुरेशराज खनाल

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम् ।

४

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी., ०७१-CR-०७२७, नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. गुरूराज थापा*

विशेष अदालत, काठमाडौंको मिति २०७०।४।२७ को आदेशानुसार उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरमार्फत पुनः प्रमाणीकरण गर्न पठाउँदा उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको मिति २०७१।३।२२ च.नं. १७८ को पत्रबाट प्रतिवादी गुरूराज थापाको प्रमाणपत्रको विषयमा बिहार इन्टरमिडियट एजुकेशन काउन्सिल पटना, भारतबाट सन् १९९३ मा रोलकोड ६५१ अनुक्रमांक ३०६६५ सूचीकरण नं. ९९८७१५।९१ योग ४६० द्वितीय श्रेणीमा उत्तीर्ण गरेको विवरण प्रमाणपत्र प्रमाणीकरण टोलीबाट योग ४१० द्वितीय श्रेणीमा उत्तिर्ण भएको बेहोरा परिषद्को प्रमाणपत्र प्रमाणीकरण तथा समकक्षता निर्धारण समितिको मिति २०७३।३।१३ को निर्णयानुसार भनी उल्लेख भई आएको देखिन्छ । कूल प्राप्ताङ्कमा अङ्क फरक परेको देखिए पनि निज प्रतिवादीले द्वितीय श्रेणीमा परीक्षा उत्तीर्ण गरेको भन्ने स्पष्ट रूपमा देखिन आएकोले प्रतिवादीले बढुवा प्रयोजनका लागि नक्कली प्रमाणपत्र पेस गरेको भनी आरोपित कसुरमा सजाय ठहर गर्नु न्यायको दृष्टिले मनासिब देखिन नआउने ।

तसर्थ माथि विवेचना गरिएका आधार कारण र प्रमाणसमेतबाट प्रतिवादीले बढुवा प्रयोजनको लागि पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली नभई सक्कली रहेको पुष्टि हुन आएकोले प्रतिवादीलाई विशेष अदालत, काठमाडौंले आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको मिति २०७१।४।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल फागुन १० गते रोज ३ शुभम् ।

५

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी., ०७२-CR-०६९९, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *ढकबहादुर क्षेत्री वि. नेपाल सरकार*

अनुसन्धानको क्रममा निजको योग्यताको

प्रमाणपत्र ठीक हो होइन भनी अनुसन्धानको क्रममा उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरमार्फत सम्बन्धित बोर्डमा प्रमाणीकरण गर्न पठाइएकोमा उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको मिति २०६९।१०।१९ च.नं. १५७ को पत्रबाट पत्राङ्क मा.शि.प./क्षे.का.वा./इन्टर/अभिलेख सत्यापन / दिनांक १७।२।२०१२ को पत्रसाथ प्राप्त प्रमाणीकरण विवरणको सि.नं. ३६ मा परीक्षार्थीका नाम ढकबहादुर क्षेत्री, पिता धनबहादुर क्षेत्री, परीक्षा इन्टर, वर्ष १९९६ अनुक्रमांक नं. ०९८३७५२ योग Fail भनी उल्लेख भएको प्रमाणीकरण विवरणबाट देखिन आएकोले निज प्रतिवादीले पेस गरेको उक्त इन्टर तहको शैक्षिक योग्यताको प्रमाणपत्र सद्धे नभई नक्कली भएको तथ्य प्रमाणित हुन आएको देखिने।

पेस भएको प्रमाणपत्रको माध्यमबाट फाइदा प्राप्त नगरेकै आधारमा आरोपित कसुरबाट सफाइ पाउन सक्ने अवस्था देखिएन।

प्रतिवादी ढकबहादुर क्षेत्रीले पेस गरेको प्रमाण पत्रअनुसार निजले इन्टर मिडियट तहको परीक्षा सन् १९९६ मा उत्तीर्ण गरेको भनी उल्लेख भएको र सो प्रमाण पत्र बढुवा प्रयोजनको लागि निजले २०५३ सालमा पेस गरेको हो भनी निजले विशेष अदालत, काठमाडौंमा बयान गर्दा खुलाएको देखिएबाट निजले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुनुभन्दा अगाडि नै उक्त प्रमाणपत्रहरू पेस गरेको देखिन आएकोले प्रस्तुत मुद्दामा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ ले व्यवस्था गरेको कानूनी व्यवस्थाअनुसारको सजाय आकर्षित हुने देखिन आयो।

तसर्थ विवेचना गरिएका आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी ढकबहादुर क्षेत्रीले नक्कली शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहरेकोले निज प्रतिवादीलाई सोही भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) बमोजिम रू.५००।- (पाँच सय) जरिवाना हुने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको मिति २०७१।१०।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत २०७३ साल फागुन १० गते रोज ३ शुभम्।

६

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७०-CI-१०७३, उत्प्रेषण / परमादेश, *देवेन्द्रराज शर्मा वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौंसमेत*

संस्था दर्ता ऐन, २०३४ को दफा ११ मा नेपाल सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुने व्यवस्था भएको पाइन्छ। सोही ऐनको दफा १२ को उपदफा (६) मा अन्य कुराका अतिरिक्त नेपाल सरकारले दिएको निर्देशन पालना नगर्ने संस्थाको दर्ता निलम्बन वा खारेजसम्म गर्न सक्ने अधिकार स्थानीय अधिकारीलाई प्रदान गरेको पाइन्छ। विपक्षी संस्थाले विधानविपरीत कार्य गरेको भए सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा उजुर गरी त्यस्तो कार्य सच्याउन सकिने वैकल्पिक उपचारको बाटोसमेत रिट निवेदकसँग भएको देखिँदा निवेदन दाबीबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

कानूनत: कुनै निकायलाई प्रदान गरिएको अधिकारको प्रयोग सामान्यत: सोही निकायबाट हुनुपर्छ। उपचारको खोजी पनि उक्त निकायमार्फत नै अवलम्बन गर्नुपर्ने हुन्छ। वस्तुत: संस्था दर्ता ऐन, २०३४ अन्तर्गत स्थापित समुन्द्रमन विद्या प्रतिष्ठानको साधारण सभाको निर्णयको सन्दर्भमा यसरी वैकल्पिक उपचारको बाटो हुँदाहुँदै अन्य निकायको क्षेत्राधिकारलाई औचित्यहीन बनाउने गरी यस अदालतबाट बोलिरहनुपर्ने अवस्थासमेत देखिन नआउने।

तसर्थ, रिट निवेदकको कानूनी अधिकार हनन् भएको पुष्टि हुन नसकेको तथा वैकल्पिक उपचारको बाटो छँदाछँदै रिट क्षेत्राधिकारअन्तर्गत निवेदन दायर

भएको आधारमा रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।०९।१७ को आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः नन्दकिशोरप्रसाद यादव

इति संवत् २०७४ साल कात्तिक २८ गते रोज ३ शुभम्।

इजलास नं. ११

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६८-CI-०२०४, बन्डापत्र बदर दर्ता बदर, *अजयकुमार गिरी वि. राम औतार राउत कुर्मीसमेत*

यस अदालतबाट वादीको नाउँमा दर्ता हुने ठहरेको विवादित जग्गाहरू प्रतिवादीहरूको बीचमा २०२९ सालमा बन्डापत्र पारित गरी तहतह हक हस्तान्तरण भएको देखिन आयो । प्रतिवादीहरूको हक कायम भई दर्ता हुन आएको मूल निर्णय नै यस अदालतको फैसलाबाट बदर भएको छ। प्रतिवादीहरूले प्राप्त गरेको, हकको स्रोत नै सर्वोच्च अदालतबाट बदर भई अन्तिम भए रहेको अवस्थामा हकै नभएको व्यक्तिहरूबीचको व्यवहार पनि दूषित मान्नु पर्ने हुन्छ। दूषित प्रक्रियाबाट हुन गएका काम कारबाही बदर गराउन हदम्याद बाधक बन्न सक्दैन। सोही कारणबाट वादीको फिराददाबी हदम्यादविहीन हुन जाने देखिन नआउने।

अतः हदम्यादको आधारमा दाबी खारेज गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।१०।१० को फैसला त्रुटिपूर्ण हुँदा बदर गरिदिएको छ । अब जो जे बुझ्नु पर्ने हो बुझी ठहर फैसला गर्नु भनी उपस्थित पक्षहरूलाई तारेख तोकी मिसिल उच्च अदालत, जनकपुर, अस्थायी इजलास वीरगञ्जमा पठाई दिने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल असार ११ गते रोज १ शुभम्।

- यसै लगाउको ०६८-CI-०२०४, बन्डापत्र बदर दर्ता बदर, *अजयकुमार गिरी वि. राम औतार राउत कुर्मीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७२-CI-१३८९, जग्गा खिचोला घर उठाई चलन, *सुलेमान मियाँ वि. मदिना खातुन*

पुनरावेदन अदालत, राजविराजबाट मिति २०७२।२।२७ मा भएको फैसलाउपर तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को मिति २०६७।१२।१५ को संशोधनसहितको दफा ९(१) तथा हालको न्याय प्रशासन ऐन, २०७३ को दफा ९ को उपदफा (१) अनुसार यस अदालतमा पुनरावेदन नै लाग्न नसक्ने अवस्था रहेको र पुनरावेदनका लागि न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) बमोजिम अनुमति लिनुपर्ने र अनुमति प्रदान भएमा मात्र यस अदालतमा पुनरावेदन लाग्ने देखिन्छ। न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) को उक्त कानूनी व्यवस्था अवलम्बन नगरी प्रतिवादीको तर्फबाट यस अदालतमा सिधै पुनरावेदन दर्ता हुन आएको देखिएकाले प्रस्तुत मुद्दाको तथ्यभित्र प्रवेश गरी विवेचना गर्नुपर्ने नदेखिने।

तसर्थ मिति २०७३।५।२७ देखि लागू भएको न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन नै नलाग्ने अवस्थामा प्रस्तुत पुनरावेदन दर्ता हुन आएको देखिँदा दर्ते हुन नसक्ने प्रस्तुत पुनरावेदनबमोजिम तथ्यमा प्रवेश गरी निर्णय गर्न नमिल्ने हुँदा मुलुकी ऐन, अ.बं. १८० नं. बमोजिम प्रस्तुत पुनरावेदनपत्र खारेज हुने।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

इति संवत् २०७४ साल माघ २३ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७१-CR-०४३६, कर्तव्य ज्यान, *नेपाल*

सरकार वि. ओमबहादुर कार्की

ज्यान मार्ने उद्योगको कसुर स्थापित हुनको लागि सर्वप्रथम पीडितमाथि भएको प्रहार ज्यान मार्ने मनसायले भएको हुनुपर्ने हुन्छ । यसमा ज्यान मार्ने मनसाय रहेको, सो मनसायअनुसार कार्य गर्न सम्पूर्ण तयारी रहेको सो तयारीअनुसार ज्यान मार्ने क्रिया पनि भएको देखिनु पर्दछ तर यसरी ज्यान मार्ने अपराध हुने सम्पूर्ण चरण पूरा गरिसकेको अवस्थामा कुनै बाह्य तत्त्वको उपस्थिति अर्थात् अन्य कुनै कारणले संयोग परी ज्यान भने मर्न नपाएको अवस्थाको विद्यमानता देखिनुपर्दछ । यसमा ज्यान मार्नलाई नै भनी सम्पूर्ण कार्य गरेको अर्थात् प्रहारसमेत मर्ने गरी नै गरेकोमा संयोगवश तथा अप्रत्यासित रूपमा मात्र ज्यान मर्न नपाएको कुरा पुष्टि हुनुपर्दछ । ज्यान मार्ने मनसायले नै ज्यान मार्ने आपराधिक कार्यका सम्पूर्ण चरण पूरा गरी ज्यान मर्न सक्ने गरी नै प्रहार गरेको थियो थिएन भन्ने तथ्य निजले त्यस्तो कार्य गर्दाको परिस्थिति परिवेश निजले प्रहार गर्दाको, प्रहार गर्नुअघि वा पछि अपनाएको तौरतरिका आदिबाट प्रमाणित हुनुपर्ने ।

प्रतिवादीले पीडितलाई खुकुरीले हिर्काए पनि यदि मार्ने नै इच्छा भएको भए लखेटेर पनि मार्न खोज्नु पर्नेमा पीडित भागेर गएपछि निजको पछिपछि गई लखेटी प्रहार गरेको वा प्रहार गर्न खोजेको पाइँदैन । यी प्रतिवादीले मार्ने इच्छा राखी साधन खोजेको, अरूसँग सल्लाह गरेको, आफैँ निहुँ खोजी प्रहार गरेको, लुकी चोरी प्रहार गरेको वा गर्न खोजेको जस्ता कुनै पूर्वतयारी गरेकोसमेत देखिन आउँदैन । अकस्मात् कोठामा पस्दा रातको १०:३० बजेको समयमा आफ्नो श्रीमतीसँग चुरोट माग्न थालेको वा पीडितकै शङ्कास्पद क्रियाकलाप देखी तर्साउन दाउराको खलियानमा रहेको खुकुरीले प्रहार गरेको देखिन आउँछ । पीडितको ज्यान मर्न नदिन वारदातमा तेस्रो पक्षको उपस्थिति र हस्तक्षेप रहेको पनि देखिँदैन र प्रतिवादीकी श्रीमती मन कार्कीले पनि वारदातमा कुनै बचावटको प्रयास गरेको पाइँदैन । साथै यो यस्तो संयोग परेर मात्र वा अप्रत्याशित तरिकाले बच्न सफल भएको भन्ने प्रमाणित हुने गरी वादी नेपाल सरकारले कुनै प्रमाण पुऱ्याउन सकेको देखिन नआउने ।

प्रतिवादीको ज्यानै मार्ने मनसाय भएको भए खुकुरीजस्तो हतियार प्रयोग भएको र त्यसमा पनि कसैको बाधा, हस्तक्षेप र अवरोध नदेखिएको अवस्थामा संयोग परी ज्यान नै मर्न नसके पनि घातक चोट परेको देखिनुपर्ने र केही गरी पीडित भागेको अवस्थामा पनि लखेट्दै गई प्रहार गरेको वा गर्न खोजेको देखिनु पर्नेमा घाउजाँच केस फारामको whether fatal or not महलमा not fatal उल्लेख भएबाट उक्त घाउ मार्नेसम्मको घातक रहे भएको देखिन आएन । साथै निज पीडितलाई लखेट्दै गएको भन्ने पनि प्रमाणबाट देखिएको छैन । यसरी पर्न गएको घाउ चोट र अपराध हुँदाको अवस्थामा समेतलाई विचार गर्दा ज्यान मार्ने मनसाय तत्त्वको आधारबाट अपराध भएको अवस्था देखिँदैन । यसबाट प्रतिवादीमा यी विशेष विष्टलाई मार्नु पर्नेसम्मको कुनै कारण र मनसाय रहेभएको र मार्ने गरी नै प्रहार गरेको भन्ने प्रमाणित हुन आउने नदेखिने ।

प्रतिवादीले पीडितलाई आफ्नो श्रीमतीसँग बसी चुरोट मागी कुराकानीसमेत गरेको देखी रिस उठी निजलाई तर्साउन दाउराको खलियानमा फेला परेको वस्तु खुकुरी प्रहार गरेकोसम्म देखिन आएको छ । यसरी ज्यान मार्ने मनसाय तत्त्वको अभाव रहेको देखिएको अवस्थामा भएको वारदातलाई उल्लिखित कानूनी व्यवस्थासमेतका आधारमा ज्यान मार्ने उद्योगको कोटीमा राख्न नमिल्ने हुँदा प्रस्तुत वारदातलाई अभियोग दाबीअनुसारको ज्यान मार्ने उद्योगको कसुर नठहऱ्याई प्रस्तुत वारदातलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ अनुसार कुटपिटको वारदातसम्म देखिन आउने भनी ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

अतः विवेचित आधार कारणहरूबाट प्रत्यर्थी / प्रतिवादी ओमबहादुर कार्कीलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगको कसुरमा सोही नं.

बमोजिम ५ वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७०।०५।१० मा भएको फैसला उल्टी गरी ज्यान मार्ने उद्योगतर्फको दाबी नपुगी प्रस्तुत वारदात सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ अनुसार कुटपिटतर्फ परिणत हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।०१।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल मङ्सिर १२ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७२-CR-०८८४, जबरजस्ती करणी, *नेपाल सरकार वि. परिवर्तित नाम बि बहादुर*

पीडितको योनिमा लिङ्ग पुगेको नभई दुई साप्राको बीचमा सम्म दलेको र त्यसै अवस्थामा वीर्य स्खलन भएको भन्नेसम्म देखिएबाट प्रतिवादीले जबरजस्ती करणीको कसुर गरेको पुष्टि हुन नआई निज प्रतिवादीले जबरजस्ती करणीको उद्योगसम्म गरेको देखिन आउने ।

प्रतिवादीको उमेर निजको जन्मदर्ता र विद्यालयको रेकर्डबाट १६ वर्षभन्दा कम र पीडितको उमेर १० वर्षभन्दा कम रहेको देखिन्छ । प्रतिवादीले जबरजस्ती करणीको उद्योग गरेको पुष्टि भएको अवस्थामा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. को कसुरमा ऐ. को ३(१) नं. अनुसार हुने सजायको आधा सजाय हुनेमा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार ५ वर्षको पनि आधा २ (दुई) वर्ष ६ (छ) महिना कैद सजाय हुने ठहरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला अन्यथा नभई मिलेकै देखिन आउने ।

प्रतिवादी विद्यालयमा अध्ययनरत विद्यार्थी रहेको र निजको भविष्य अध्ययनसँग पनि जोडिएको अवस्था छ । जाहेरवालीले अदालतमा बकपत्र गर्दा प्रतिवादीले जबरजस्ती करणी नगरेकोले सजाय हुनु नपर्ने भनी बकपत्र गरेको देखिएको छ । प्रतिवादीले बयानमार्फत गलत कार्य गरेको भनी पश्चातापको भावना लिएको देखिएको छ । यी समग्र अवस्थाको विश्लेषण र प्रतिवादीको उमेर, पारिवारिक र आर्थिक अवस्था र प्रतिवादीको भविष्यसमेतलाई हेर्दा निजलाई अदालतबाट भएको सजाय स्थगित गर्ने गरेको निर्णयलाई अन्यथा हो भन्न मिल्ने नदेखिने ।

बालबालिकाहरूको शारीरिक तथा मानसिक अपरिपक्वताको कारण अपराधमा संलग्न रहन सक्ने भएकोले बालबालिकाले गर्ने अपराधलाई विशेष प्रक्रियाद्वारा निगरानी गरी सुधार एवम् संरक्षण गर्नुपर्ने र बालबालिकाको हकहितको संरक्षण गरी तिनीहरूको शारीरिक मानसिक र बौद्धिक विकासमा सहयोग गर्नुपर्ने हुन्छ । बालबालिकाहरू कोसँग रमाउँछन्, कोसँग खुसी हुन्छन्, कोसँग बस्दा उनीहरूलाई सुविधा हुन्छ, उनीहरूको भविष्य कसरी उज्ज्वल हुन्छ, उनीहरूको पालनपोषण, शिक्षा, स्वास्थ्योपचार र मनोरञ्जनको पक्ष कसबाट प्रभावकारी बन्दछ भन्ने जस्ता विषयको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । एकाङ्गी ढंगले निर्णयमा पुग्दा बालबालिकाको भविष्यका सम्बन्धमा त्यो झनै प्रत्युत्पादक पनि हुन सक्दछ । त्यसैले यस्ता विषयमा सम्बन्धित बालबालिकाको सर्वोत्तम हितको पक्षलाई साङ्गोपाङ्गो रूपमा हेरी समन्यायिक दृष्टिकोणबाट निष्कर्षमा पुग्नु अपरिहार्य हुने ।

तसर्थ प्रस्तुत मुद्दामा प्रतिवादीलाई उपर्युक्तबमोजिमका कुराहरू हेरी विश्लेषण गरी बुबा आमाको संरक्षणमा रहने गरी सजाय स्थगन गर्दा नै निज प्रतिवादीको हितको अत्युतम संरक्षण हुने देखिन्छ । तसर्थ प्रतिवादीलाई परिवारको संरक्षणमा राख्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसला अन्यथा हो भन्न नमिल्ने ।

तसर्थ प्रतिवादी परिवर्तित नाम वि. बहादुरलाई २ (दुई) वर्ष ६ (छ) महिना कैद हुने ठहऱ्याई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) अनुसार ठहरेको सजाय स्थगन गर्ने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७१।३।२५

मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: विष्णुप्रसाद आचार्य
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७४ साल माघ १४ गते रोज १ शुभम्।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७३-WO-०२२४, उत्प्रेषण, *धर्मेन्द्रकुमार श्रीवास्तव वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

एन.आइ.सी. एसिया बैंकको रोक्कापछि दोस्रो वरियतामा आउने गरी निज नागेश्वर साह कलवारको मागअनुसार रोक्का राख्नुपर्नेमा पहिला नै निवेदन परेको निजको मागअनुसारको रोक्कालाई तेस्रो वरियतामा राखेकोलाई मिलेको मान्न मिल्ने देखिएन। आफूले माग गरेको रोक्कालाई यसरी तेस्रो वरियतामा राख्ने आदेशउपर निज नागेश्वर साह कलवारले पुनरावेदन अदालत, हेटौंडामा मुलुकी ऐन, अ.बं.१७ नं. अनुसार निवेदन गर्दा पुनरावेदन अदालतबाट उक्त पर्सा जिल्ला अदालतको मिति २०७२।११।०४ को आदेश बदर गरी निवेदक नागेश्वर साह कलवारको निवेदनमा मिति २०७२।०६।२० मा भएको रोक्का आदेशलाई एन.आइ.सी. एसिया बैंकबाट भएको रोक्का फुकुवा भएको बखत बेचबिखन हक हस्तान्तरण गर्न नपाउने गरी रोक्काको दोस्रो वरियतामा राखी पुनः रोक्का आदेश गर्नुहोला भनी मिति २०७३।०३।०२ मा भएको आदेशमाथि विवेचना गरिएअनुसार उपयुक्त नै देखिन आयो। पहिला प्रवेश गर्ने तथा पहिले आदेश प्राप्त गर्नेलाई पहिलो प्राथमिकताको क्रममा राख्नु न्यायोचित हुन जाने हुँदा सोही आधारमा भएको गरेको उक्त आदेश कानून र न्यायसङ्गत रहेको पाइन्छ। यसबाट यी निवेदकको कुनै संवैधानिक तथा कानूनी हकाधिकारमा समेत आघात पुगेको देखिन आएन। त्यसैले उक्त आदेश बदर गर्नसमेत उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदनको मागअनुसारको आदेश जारी गर्नुपर्ने नदेखिने।

घरायसी लिखत, लिखतको प्रकृतिले कुनै पनि समयमा तयार हुन सक्ने लिखत हुँदा घरायसी लिखत भएको मितिलाई पुरानो मिति कायम गर्नुभन्दा लिखत औपचारिक रूपमा घोषणा भएको मितिलाई नै पहिलो मिति कायम गर्नुपर्ने हुन्छ। यस मुद्दामा निवेदक नागेश्वर साह कलवार वि. सुनैनादेवीको चेक अनादर मुद्दा मिति २०७२।०६।१८ मा दायर भएको र सोही मिति २०७२।०६।२० मा पर्सा जिल्ला अदालतबाट रोक्काको आदेशसमेत भएको अवस्थामा वादी धर्मेन्द्रकुमार श्रीवास्तव र प्रतिवादी सुनैनादेवी श्रीवास्तवको बीच भएको लेनदेन मुद्दा मिति २०७२।०६।२४ मा मात्र दायर भई मिति २०७२।०७।११ मा मात्र रोक्काको आदेश भएकोमा पहिले औपचारिक रूपमा घोषणा भएको मितिको मुद्दामा मिति २०७२।०६।२० को रोक्काको आदेशलाई लेनदेनको लिखतको मितिको आधारमा मिति २०७२।०७।११ को रोक्का पछाडिको क्रममा राख्ने मिति २०७२।११।४ को आदेश बदर गर्ने मिति २०७३।३।२ को पुनरावेदन अदालतको आदेश मिलेको देखिने।

जहाँसम्म लेनदेनको २५ नं. आकर्षित हुने वा नहुने प्रश्न छ, लेनदेनको २५ नं.ले एकालाई लिखत गरिदिएको अचल सम्पत्ति दोहोरो लिखत गरेमा जसको लिखतको मिति अघिको छ, उसैको सदर हुने व्यवस्था रहेकोमा यस मुद्दामा दोहोरो लिखत नभई फरक लिखत भएकोमा लेनदेनको २५ नं. आकर्षित हुन नसक्ने।

अतः विवेचित आधार र कारणहरूबाट पर्सा जिल्ला अदालतबाट विपक्षीमध्येका नागेश्वर साह कलवारको रोक्कालाई रोक्काको तेस्रो वरियता क्रममा राख्ने गरी मिति २०७२।११।४ मा भएको पर्सा जिल्ला अदालतको आदेशलाई बदर गरी निज नागेश्वर साह कलवारको निवेदनमा मिति २०७२।६।२० मा भएको रोक्का आदेशलाई एन.आइ.सी. एसिया बैंकबाट भएको रोक्का फुकुवा भएको बखत बेचबिखन हकहस्तान्तरण गर्न नपाउने गरी रोक्काको दोस्रो वरियतामा राखी पुनः रोक्का आदेश गर्नुहोला भनी श्री पर्सा जिल्ला अदालतका नाममा मिति २०७३।३।२ मा

पुनरावेदन अदालत, हेटौंडाबाट भएको आदेश कानून र न्यायसम्मत नै देखिएकोले उक्त आदेश र सोसँग सम्बन्धित काम कारबाही बदर गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम् ।

६

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७३-WO-०५१७, उत्प्रेषण / प्रतिषेध, *मणिकुमारी तामाङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

निवेदन दाबीको ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ५झ कि.नं. ५६६ र ५६८ को घर जग्गा मिति २०७०।६।२२ मा र.नं. १५६६(क) बाट निवेदिकाले पप्पु ठाकुरलाई राजीनामाको बेहोराले हक हस्तान्तरण गरिदिनुभएको सोही जग्गा र सोमा बनेको घर पुनः पप्पु ठाकुरले अर्जुनकुमार ठाकुरलाई मिति २०७२।१०।२१ मा र.नं. ३८२४(क) बाट राजीनामाको बेहोराबाट हकहस्तान्तरण भएपश्चात् आफूले भोग गरी आएको भन्ने विपक्षीमध्येका अर्जुनकुमार ठाकुरले पेस गरेको लिखित जवाफबाट देखिन्छ । विवादित कि.नं. का घरजग्गा आफूले मिति २०७०।६।२२ मा पप्पु ठाकुरलाई र.नं. १५६६(क) बाट राजीनामा गरिदिएको र सो घरजग्गा पप्पु ठाकुरले मिति २०७२।१०।२१ मा अर्जुन ठाकुरलाई राजीनामा गरिदिएको हुँदा करारको परिपालना, दूषित लिखत नामसारी दर्ता बदर र जालसाजी मुद्दा ललितपुर जिल्ला अदालतमा दायर गरेकी छु, भनी निवेदिकाले आफ्नो रिट निवेदनमा उल्लेख गरेकी हुँदा सो विषयमा सोही मुद्दाहरूबाट निरूपण हुने नै हुँदा सो विचाराधीन मुद्दाहरूमा प्रभाव पर्ने गरी प्रस्तुत रिट निवेदनबाट बोल्न सकिने अवस्था नहुने ।

तसर्थ, विवादित घर जग्गामा निवेदिकाको निर्विवाद हकभोग कायम रहिरहेको भन्ने निवेदन लेखबाट नदेखिएको, यसै प्रसङ्गमा निषेधाज्ञा मुद्दा दिई सो मुद्दाको फैसलासमेत भइसकेको तथ्यलाई निवेदिकाले रिट निवेदनमा उल्लेखसम्म नगरी आएकोलाई सफा हात लिई आएको भन्न नसकिने, प्रस्तुत रिट निवेदनमा उठाइएका अन्य विषयवस्तुहरूको सम्बन्धमा साधिकार अदालतमा विचाराधीन रहेको भनी निवेदनमा नै उल्लेख गरेको सन्दर्भमा सोही मुद्दाहरूबाट निरूपण हुने नै हुँदा निवेदकको निवेदन मागबमोजिम उत्प्रेषणमिश्रित प्रतिषेधको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन पत्र खारेज हुने ।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम् ।

७

मा. न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७१-CR-११५६, लागु औषध खैरो हिरोइन, *नेपाल सरकार वि. सुकनारायण यादवसमेत*

सहप्रतिवादीहरू पवन यादव र राजाराम कुर्मीले अनुसन्धान र अदालतमा बयान गर्दा आफूहरू बराबर लगानीमा खरिद बिक्री गर्ने गरेको भनी लेखाइदिएको पाइन्छ । यी प्रतिवादीहरूमध्येबाट रामज्ञा प्रसाद यादवको साथबाट रू.१२,०००।- बरामद भएको र सुकनारायणको तर्फबाट ८५००।– बरामद भएको भएपनि यी प्रतिवादीहरूबाट लागु औषध बरामद भएको देखिँदैन । उल्लिखित यी प्रतिवादीहरूको बयान, सहप्रतिवादीहरूको बयान र बरामदीको स्थितिसमेतलाई मनन गर्दा लागु औषधको कारोबारमा यी प्रतिवादीहरूको प्रमुख संलग्नता नभई सहप्रतिवादीहरू पवन यादव र राजाराम राउत कुर्मीको साथसँगसम्म रहेको अवस्था प्रस्ट खुल्न आएको हुँदा मतियारको रूपमा रहेको ठहर गरेको पुनरावेदन अदालतको फैसलाउपर यी प्रतिवादीहरूको पुनरावेदन परेको नदेखिँदा सो सम्बन्धमा थप विवेचना गरिरहनु नपर्ने ।

तिनै जना प्रतिवादीहरू राजकुमार भन्ने सुकनारायण यादव, अनोजकुमार यादव, रामज्ञाप्रसाद

भन्ने रामझ्ना यादवबाट लागु औषध बरामद भएको छैन। मिसिल संलग्न प्रमाणबाट ओसार पसार, खरिद बिक्री वा अन्य कुनै कारोबार गरेको भन्ने पुष्टि हुन सकेको छैन। प्रतिवेदकहरूले अदालतमा आई बकपत्र गर्दा यी प्रतिवादीहरूसँग रहेको मात्र भन्ने उल्लेख भएको देखिन्छ। यस्तो अवस्थामा यी प्रतिवादीहरूको मौकाको बयान र सहअभियुक्तहरूको अनुसन्धानको बयानको आधारमा मात्र अन्य प्रतिवादीसरह कसुर कायम गरी सजाय गर्न मिल्ने अवस्था रहे भएको नदेखिने।

अतः विवेचित तथ्य, आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीहरू मध्येका गजेन्द्र भन्ने पवन यादवलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को खण्ड छ(३) बमोजिम १५ वर्ष कैद र रू.५,००,०००।– (पाँच लाख) जरिवाना र प्रतिवादी तिलक पटेल भन्ने राजाराम राउत कुर्मीलाई सोही ऐनको १४(१)(झ) बमोजिम २ वर्ष र रू.१,००,०००।- जरिवाना हुने र अन्य प्रतिवादीहरू राजकुमार यादव, अनोजकुमार यादव र रामझ्ना यादवको हकमा दाबीबमोजिमको आधा सजाय जनही १ वर्ष कैद र रू.५०,०००।– (पचास हजार) जरिवाना हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।१०।१२ मा भएको फैसला मिलैके देखिँदा सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।५।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७४ मङ्सिर १४ गते रोज ५ शुभम्।

इजलास नं. १२

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०७४-CR-००२८, कर्तव्य ज्यान, *कान्छी तामाङ वि. नेपाल सरकार*

प्रतिवादीले बयान गर्दा आफ्नो लोग्ने विदेश गएको समय आफ्नो अर्को परपुरूषसँग यौन सम्बन्ध भई गर्भ रहन गएको भन्ने तथ्यमा साबित भएको पाइन्छ। प्रतिवादीले मौका अनुसन्धान र यस अदालतमा बयान गर्दा गाउँकै विशाल तामाङ नाम गरेको मानिसले विवाह गर्दछु भनी ललाई फकाई शारीरिक सम्पर्क गरेको कारण गर्भ रही बच्चा ट्वाइलेटमा जन्मेकोमा जिउँदो बच्चा वनमा लगी फाली घर आएकी हुँ भनी कसुरमा साबिती भई बयान गरेको देखिन्छ। मृतकको लासजाँच मुचुल्कामा घाँटीमा च्यापिएको, थिचिएको जस्तो निलडाम देखिन्छ भन्ने उल्लेख छ। नवजात शिशुको शव परीक्षण हुँदा मृत्युको कारणमा asphyxia due to throttling भन्ने डाक्टरको रायसमेत रहे भएको देखिन आएकोबाट पनि प्रतिवादीले नवजात शिशुको घाँटी थिची कर्तव्य गरेको भन्ने तथ्य प्रमाणबाट स्थापित भएको देखिँदा प्रतिवादी कान्छी तामाङलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुर गरेको देखिन आउने।

अतः प्रतिवादीले आरोपित कसुर गरेमा साबिती भई बयान गरेको र निजको साबिती र मृतकको पोष्टमार्टम रिपोर्टसमेतबाट समर्थन भइरहेको हुँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। लोक लज्जाको कारण जातकलाई मारेको तथ्यमा प्रतिवादी अदालतमा समेत साबिती भई न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको साथै प्रतिवादीको उमेर २२ वर्ष भएकोसमेतका तथ्य परिस्थितिलाई विचार गर्दा ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा, निज प्रतिवादीलाई पुनरावेदन अदालत, पाटन (उच्च अदालत, पाटन) बाट जाहेर भएको रायसमेत मनासिबै देखिँदा निज प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम ५(पाँच) वर्ष कैदको सजाय हुने।

इजलास अधिकृतः चेतराज पन्त

इति संवत् २०७५ साल वैशाख २० गते रोज ५ शुभम्।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७०-CI-११२१ र ०७०-

CI-११३९, उत्प्रेषण, *प्रकाश अर्याल वि. राजकिशोर प्रसाद गुप्ता र उमेश रञ्जितकार वि. राजकिशोर प्रसाद गुप्ता*

निवेदक राष्ट्रसेवक कर्मचारी रहेको भन्ने तथ्यमा विवाद छैन निजले प्रहरी नियमावलीको कुन कसुरको आरोपमा विभागीय कारबाही गरिएको हो भन्ने कुरा स्पष्ट नभई डाँका मुद्दाको आरोप लागेकै आधारमा सेवाबाट बर्खास्ती गर्नेजस्तो कठोर र अन्तिम सजाय गर्दा निजको सेवा सर्तसम्बन्धी नियममा उल्लिखित कार्यविधिको अक्षरश: पालना भएको पनि देखिन नआउने।

जुन कारणबाट प्रतिवादीलाई जागिरबाट बर्खास्त गरिएको हो। सो कारण नै उपयुक्त र मनासिब नभई अदालतबाट यी प्रतिवादीलाई डाँका मुद्दाबाट सफाइ पाउने गरी मिति २०६३।३।१४ मा फैसला भएको छ। प्रस्तुत मुद्दामा डाँका मुद्दामा जे निर्णय हुन्छ सोहीअनुसार प्रहरी जवान राजकिशोरप्रसाद गुप्ताको नोकरी रहने वा नरहने निष्कर्षमा पुग्न पर्ने हुन्छ। डाँका मुद्दा विचाराधीन रहेको अवस्थामा सम्बन्धित प्रहरी कर्मचारीको पद निलम्बनसम्म हुने हुन्छ। मुद्दा अन्तिम नहुँदै यी प्रतिवादी राजकिशोर प्रसाद गुप्ताको जागिरबाट बर्खास्त गर्ने कार्य कानूनसम्मत नदेखिने।

अतः विवेचित आधार प्रमाणबाट तथा पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।११।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विद्याराज पौडेल

इति संवत् २०७४ साल चैत १२ गते रोज २ शुभम्।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०६७-CI-०५७४, लिखत बदर दर्ता बदर दर्ता, *राजेश्वरप्रसाद यादवसमेत वि. अनिलकुमार वर्णवाल*

प्रतिवादीहरू सुरूजप्रसाद र वृजमोहनलालले बिक्री गरेको जग्गाहरू कि.नं.७६५ को ०-३-५१।४, कि.नं.२११ को ०-१-० र कि.नं.४२५ को ०-१-५ समेत गरी जम्मा ०-५-१०१।४ देखिन्छ। प्रतिवादीहरू सुरूजप्रसाद र वृजमोहनलालको हाल संयुक्त नाउँमा दर्ता रहेका जग्गाहरू निजहरूले प्रतिवादी अनिलकुमार वर्णवाललाई बिक्री गरेकोभन्दा बढी नै देखिन्छ। वादीहरूको पुनरावेदन जिकिर हेर्दा, अघि नै प्रतिवादीहरूले आधी जग्गा बिक्री गरिसकेको भन्ने जिकिर लिए पनि सो जिकिर पुष्टि गर्न निज प्रतिवादीहरूबाट कुनै प्रमाण पेस हुन सकेको देखिँदैन। प्रतिवादीहरू सुरूजप्रसाद र वृजमोहनलाल यादवले घरखर्च गर्नबापत भनी राजीनामा गरिदिएको पाइन्छ। वादी सन्तोषकुमार, प्रमोदकुमार र प्रदिपकुमार लिखत हुँदाका अवस्थामा २१ वर्ष पुगेको पनि देखिँदैन। तसर्थ, सुरू फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब नै देखिने।

अतः प्रतिवादीहरू सुरूजप्रसाद र वृजमोहनलाल घरमूली रहेको, बिक्री गरेको पैतृक सम्पत्ति जग्गा आधीभन्दा कम नै रहेकोसमेत देखिन आएकोले पुनरावेदन अदालत, हेटौंडाबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर सम्यू लिम्बू

इति संवत् २०७४ साल फागुन १६ गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०६७-CI-०५७२, लिखत बदर दर्ता बदर दर्ता, *रामेश्वरप्रसाद यादवसमेत वि. अनिलकुमार वर्णलाल*
- ०६७-CI-०५७३, लिखत बदर दर्ता बदर दर्ता, *रामेश्वरप्रसाद यादवसमेत वि. अनिलकुमार वर्णलाल*

इजलास नं. १३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई, ०७४-WH-००१४,

बन्दीप्रत्यक्षीकरण, *सुनिल रंजन सिंह वि. भक्तपुर जिल्ला अदालतसमेत*

विपक्षी वादी तुलसीमायाले बिगो भराई पाउँ भनी दायर गरेको निवेदनमा देखाएको निवेदक प्रतिवादीको जग्गा मिति २०७३।१०।२८ मा लिलाम भई लिलामबाट आएको रकम निज विपक्षी वादीले सोही दिन बुझेको तथ्यमा विवाद छैन । असुल हुन बाँकी बिगो सम्बन्धमा २०७३ साल फागुन २७ गते प्रतिवादीका नाममा भएको अन्य स्वतन्त्र जेथा देखाई हाजिर हौला भनी सोही मिति २०७३।१०।२८ का दिन वादीलाई तारेख दिएको पाइयो । तत्पश्चात् पनि भक्तपुर जिल्ला अदालतबाट तोकिएको तारिखका दिन विपक्षी (वादी) नियमित रूपमा अदालतमा हाजिर भएको र बिगो भरिभराउ प्रक्रियामा रहेको मिसिल संलग्न तारिख भरपाइसमेतका कागजातबाट देखिन आउँछ । निवेदन मागदाबीअनुसारको जायजात भएको मिति २०७३।१०।२८ पश्चात् पनि बिगो भराउने प्रक्रिया कायम रहेको मिसिल प्रमाणबाट देखिएको छ । फैसला कार्यान्वयनको कार्य बाँकी नरहेको भनी मिति २०७४।०३।२७ मा मात्र मिसिल तामेली राख्ने आदेश भएको पाइयो । सो तामेली आदेशपूर्व नै फैसला कार्यान्वयनको कार्य बाँकी रहँदाकै अवस्थामा विपक्षी वादी तुलसीमायाले थुनामा राखिपाउँ भनी निवेदन दायर गरेको र यी निवेदक प्रतिवादीलाई थुनामा राख्ने आदेश मिति २०७४।०२।२५ मा नै भई आदेशानुसार थुनामा राख्न पठाएको देखियो । तसर्थ ७ दिनको म्याद नघाई निवेदन परेको भनी मान्न नमिल्ने ।

सरस्वती श्रेष्ठ वि. रीता खतिवडासमेत भएको उत्प्रेषण रिट निवेदनमा (सर्वोच्च अदालत, बुलेटिन, वर्ष २५, अङ्क २२, २०७३ फागुन १६-३०, पूर्णाङ्क ५९२, पृ.३८ मा) यस अदालतबाट प्रतिपादित सिद्धान्तविपरीत विपक्षीहरूले गैरकानूनी थुनामा राखेको छ भन्ने निवेदकको निवेदन मागदाबी सम्बन्धमा हेर्दा उल्लिखित विवादमा फैसला कार्यान्वयनको सन्दर्भ किनारा लागिसकेपछि सात दिनको म्याद नाघेपछि ढिलो गरी निवेदन परेको अवस्था देखिन्छ भने प्रस्तुत विवादको सन्दर्भ हेर्दा फैसला कार्यान्वयन (बिगो भराउने) कार्यको सिलसिला नटुङ्गिँदै वा प्रक्रिया निरन्तर सञ्चालनमा रही रहेको अवस्थामा दण्ड सजायको महलको ४२(२) नं. बमोजिम आदेश भएको देखियो । तसर्थ आधारभूतरूपमा नै विवादको तथ्यगत कुराहरू फरकफरक रहेको देखिँदा सरस्वती श्रेष्ठको माथि उद्धृत विवादका सन्दर्भमा प्रतिपादित सिद्धान्त प्रस्तुत विवादमा आकर्षित हुने नदेखिने ।

अतः विवेचित आधार र कारणबाट भक्तपुर जिल्ला अदालतबाट मिति २०७३।११।२७ गते बाँकी बिगोको हकमा प्रतिवादीका नाउँमा भएको स्वतन्त्र जेथा देखाई हाजिर हुन भनी अदालतबाट तारेख तोकिएको मितिमा वादीले जेथा नभएको कारण खुलाई प्रतिवादीलाई थुनामा राख्न भनी निवेदन गरेको हुँदा बिगो भराउने कारबाहीको निरन्तरता कायम रहिरहेको अवस्थामा थुनामा राखी पाउँ भनी कानूनी आधार खुलाई निवेदन गरेको कुरालाई म्याद नघाई निवेदन परेको मान्न मिलेन । बिगो भराउने सन्दर्भमा भएका काम कारबाही तथा थुनामा राख्ने सम्बन्धमा भएको आदेशसमेत मुलुकी ऐन, लेनदेन व्यवहारको महलको १९ नं. र दण्ड सजायको महलको ४२(२) नं. अनुकूल नै भएको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक १ गते रोज ४ शुभम् ।

इजलास नं. १४

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७२-CI-०७२९, लिखत बदर, *राजेन्द्रकुमार श्रेष्ठ वि. सुनकेशरी महर्जनसमेत*

पिता पति बाबुकाजी महर्जन र विपक्षी वादीहरू श्रीमती सुनकेशरी महर्जन र छोराहरू शिलरत्न महर्जन

र वादीहरू देवनारायण महर्जन र धन नारायण महर्जन गरी ३ भाइ रहेको देखिँदा जम्मा ५ जना अंशियार रहेको देखिन्छ । नातामा विवाद रहेको देखिँदैन । प्रमाणमा आएको वादी धन नारायण महर्जन प्रतिवादी बाबुकाजी महर्जनसमेत भएको संवत् ०६८ को दे.नं.०५१६४ को अंश चलन मुद्दामा सुरू काठमाडौं जिल्ला अदालतबाट ०७०।१।८ मा फैसला हुँदा वादीहरूले ५ भागको ३ भाग अंश पाउने ठहरे पनि विवादित कि.नं.६३२ बाहेक अन्य सम्पत्ति रहे भएको देखिएन। बाबुकाजी महर्जनले अंशियारको मन्जुरी लिनु पर्नेमा नलिई मन्जुरीबिना राजीनामा लिखत पारित गरी दिएकोमा सोही जग्गा प्रतिवादीहरूबाट तहतह बिक्री गरेको प्रस्ट देखिने।

मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. र सोही ऐनको अंशबन्डाको महल १९ (१) नं. बमोजिमको कानूनी प्रक्रिया पुऱ्याई वादीहरूसमेतको हक लाग्ने एकासगोलका व्यक्ति वादीहरूलाई साक्षी राख्नु पर्नेमा वा मन्जुरीको लिखत गराई लिनु पर्नेमा प्रतिवादीले सो गराई राजीनामा लिखत गरेको नदेखिँदा वादीहरूको मन्जुरीबिना नै वादीहरूका पिता तथा पति बाबुकाजी महर्जनले उक्त जग्गाको हक हस्तान्तरण गरेको हुँदा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. र सोही ऐनको अंशबन्डाको महल १९ (१) नं. बमोजिमको कानूनविपरीतको भएको देखिँदा उक्त जग्गामा अंशियारा वादीहरूको हक लाग्ने नै देखिने।

अतः त्यसरी कानूनले हक हस्तान्तरण गर्न नपाउने सम्पत्ति तहतह हस्तान्तरण गरेको देखिएको र यस स्थितिमा बाबुकाजी महर्जनले नरेन्द्रकुमार प्रधानलाई बिक्री गरेको मिति २०६८।११।२९ को लिखतमा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी उल्लिखित जग्गामा वादीहरूको समेत हक लाग्ने देखिँदा प्रतिवादी बाबुकाजी महर्जनले यी वादीहरूको मन्जुरी नलिई प्रतिवादी नरेन्द्रकुमार प्रधानलाई मिति २०६८।५।२९ मा र.न. १०८८क बाट पारित गरिदिएउपर यिनै वादीहरू र प्रतिवादी बाबुकाजी महर्जनसमेत बीच चलेको लिखत बदर मुद्दामा लिखत बदर हुने ठहरी फैसला भएको र सोही जग्गा नरेन्द्रकुमार प्रधानले मिति ०६८।५।३० मा राजेन्द्रकुमार श्रेष्ठलाई बिक्री गरेको विषयमा प्रस्तुत मुद्दामा हुँदा यसमा पनि सुरू फैसला उल्टी गरी ५ भागको ३ भाग लिखत बदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।११।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

इति संवत् २०७४ साल चैत १८ गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-CI-०७२८, दृष्टिबन्धक लिखत बदर, *राजेन्द्रकुमार श्रेष्ठ वि. सुनकेशरी महर्जनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-CI-१४२०, उत्प्रेषण / परमादेश, *द्वारिका अधिकारी वि. हेटौंडा सिमेन्ट उद्योग लि., के.का. लामसुरे हेटौंडासमेत*

निवेदक द्वारिका अधिकारीले दरखास्त फाराम भर्दा उत्तीर्ण गरेको परीक्षामा Bachelor of Engineering मुख्य विषयहरूमा Environmental Engineering उल्लेख गरी फाराम भरेको देखियो। साथै रिट निवेदन बेहोरामा म निवेदक Environmental Engineer भएको नाताले माइनिङ इन्जिनियरिङको छुट्टै विषयको अध्ययन र प्रमाणपत्र म निवेदकले प्राप्त नगरेको भनी बेहोरा उल्लेख गरेको पाइन्छ। प्रत्यर्थी हेटौंडा सिमेन्ट उद्योगले पदपूर्तिका लागि Mining Engineer भनी विज्ञापन गरेको तथ्यमा विवाद छैन। आफूले प्राप्त गरेको शैक्षिक योग्यताको उपाधि र विज्ञापनमा माग गरेको योग्यताको उपाधि एकै हो भन्ने देखाउने कर्तव्य रिट निवेदककै हुनेमा सो गर्न सकेको पनि पाइँदैन। यसबाट तोकिएको योग्यता निवेदकसँग नभएको भनी मान्नुपर्ने अवस्था देखिन्छ। आवश्यक शैक्षिक योग्यता नभएको व्यक्तिले दिएको दरखास्त फाराम स्वीकृत हुँदैमा अयोग्य व्यक्तिले नियुक्ति पाउनुपर्छ भन्ने कुरा न्यायसङ्गत पनि नदेखिने।

तसर्थ पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१२।४ को आदेश मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः सुदिपकुमार भट्टराई
इति संवत् २०७४ साल कात्तिक २१ गते रोज ३ शुभम्।

३

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७०-CR-१५०५, ०७२-CR-२०५३ र ०७२-CR-२०५४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जङ्गबहादुर साह कानू, असलम अन्सारी वि. नेपाल सरकार र रामनाथ साह वि. नेपाल सरकार*

अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान स्वेच्छा विरूद्धको हो भनी बयान गरेकोमा सो पुष्टि हुने प्रमाण निज प्रतिवादीहरू असलम अन्सारी र रामनाथ साहले गुजार्न सकेको अवस्था पनि देखिएको छैन । निजहरूको साबिती बयानमाथि उल्लेख गरिए जस्तै चोरी भएको कपडा बरामद हुनु, बरामदी कपडा चोरी भएमध्येकै हो भनी सनाखत हुनु, बरामदी कपडा निजहरूले पोल गरेमध्येकै प्रतिवादी जंगबहादुरबाट दिई लिइएको हो भनी सनाखतसमेत हुनुबाट थप पुष्टि र समर्थित भएको अवस्था मिसिलबाट देखिन्छ । जाहेरवाला र घटनास्थल तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूको भनाइबाट समेत निज प्रतिवादीहरूको साबिती बयान बेहोरालाई थप पुष्टि गरेको पाइने।

मृतकको मृत्यु कर्तव्यबाट भएकोमा विवाद नभएको, यी प्रतिवादीहरू अदालतमा बयान गर्दा कसुरमा इन्कार रहेको भए पनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा निज मृतकलाई कर्तव्य गरी मारेकोमा साबित भई बयान गरेको देखिएको, अदालतमा बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान स्वेच्छा विरूद्धको हो भनी जिकिर लिएको भए पनि सो कुराको पुष्टि हुने कुनै प्रमाण पेस दाखिल गर्न नसकेको आधार कारणसमेतबाट प्रतिवादीहरू असलम अन्सारी र रामनाथ साहलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।०९।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी जंगबहादुर साह कानूउपर किटानी जाहेरी नपरेको, सहअभियुक्तले ज्यान मार्ने कार्यमा समेत निजको संलग्नता थियो भनी पोल गर्न नसकेको, वारदात घटनाकै सन्दर्भ र क्रममा निज घटनास्थलभन्दा बाहिर रहे भएको भनी पोल गरेपनि सो कुरालाई मिसिल संलग्न कागजातहरूबाट स्वतन्त्र रूपमा पुष्टि हुन नसकेबाट निज प्रतिवादीले अभियोग दाबीअनुसार ज्यान मार्नेसम्मको कार्यमा संलग्न रही दाबीको कसुर अपराध गरेको भन्ने देखिन आएन । तसर्थ यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) नं बमोजिम सजाय गरिपाउँ भनी लिएको मागदाबी पुग्न नसक्ने भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।९।२४।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: डोलनाथ न्यौपाने
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७४ साल चैत २६ गते रोज २ शुभम्।

इजलास नं. १५

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६९-CI-१०७८, पालन पोषण खर्च दिलाई पाऊँ, *ओमकार लोनीयासमेत वि. राधेश्याम लोनीयासमेत*

आफ्ना सन्तानको उचित स्याहार सम्भारलगायतका अभिभावकीय दायित्व पूरा गर्नुपर्ने कर्तव्य बाबुआमाको नै हुन्छ । प्रतिवादी रोहितप्रसाद लोनियाले आर्थिक अवस्था कमजोर भएको कारण छोराहरू आमासँग नै बसेको, आमाको पनि आम्दानीको स्रोत भएको, पालनपोषण गर्ने जिम्मेवारी आमामा समेत भएको हुँदा आफ्नो सन्तानको पालनपोषण गर्नको निम्ति खर्च भराउन नसक्ने भनी प्रतिउत्तर फिराएको देखियो । यस्तो तर्क युक्तिसङ्गत, विवेकपूर्ण र शोभनीय देखिँदैन। आर्थिक अवस्था कमजोर भएकै कारण कुनै पनि बाबु-आमाले आफ्नो सन्तानप्रति निर्वाह गर्नुपर्ने संरक्षकीय दायित्वबाट पन्छिन मिल्ने देखिँदैन । अतः सन्तानको पालनपोषणमा बाबुले समेत आफ्नो क्षमताअनुसार

योगदान गर्नुपर्ने नै हुने ।

प्रतिवादी रोहितप्रसाद लोनियासँग अंशबापत प्राप्त हुन आएको अचल सम्पत्ति रहेको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट देखिन आयो । निज मजदुरी गरी आय आर्जनसमेतमा संलग्न रहेको भन्ने सर्जमिन मुचुल्काको बेहोराबाट देखिन्छ । यसका अतिरिक्त पछि बहुविवाहका कारणले प्रहरी सेवाबाट अवकाश भएपछि उपदान र सञ्चय कोषबापत २ लाख जति रकम प्राप्त गरेको भन्ने वादीको दाबीलाई निज प्रतिवादीले सप्रमाण अन्यथा खण्डन गर्न सकेको देखिँदैन । यस स्थितिमा निज आफ्ना सन्तानको पालनपोषण गर्नै नसक्ने नाजुक अवस्थामा रहेको भन्ने देखिन आएन । अझ २ छोराहरू मध्ये जेठो छोरा ओमकार लोनिया सुस्त मनस्थितिको भएकाले श्रीमती र छोराहरूप्रति श्रीमान् / बाबु रोहितको भूमिका थप संवेदनशील र अपरिहार्य रहेको देखिन्छ । यस्तो अवस्थामा उनीहरूलाई भावनात्मक र आर्थिक रूपमा थप सहयोग गर्नुपर्नेमा त्यसको विपरीत दोस्रो विवाह गर्ने र बाबुको हैसियतबाट छोराहरूप्रति निर्वाह गर्नुपर्ने अभिभावकीय भूमिकाबाट समेत उम्किन खोज्ने प्रवृत्ति शोभनीय हुन नसक्ने ।

वादीले आफ्नो सन्तानको संरक्षक भई दाबी गरेको दुई सन्तानको भरणपोषण, शिक्षा, औषधोपचार र मनोरञ्जनलगायतको लागि प्रति सन्तानको निम्ति दाबी गरेको मासिक रू.२०००।– रकम बेमनासिब रहेको पनि देखिँदैन । सो रकम युक्तिसङ्गत र तर्कसङ्गत नै रहेको हुँदा उक्त रकम प्रतिवादीमध्ये रोहितप्रसाद लोनियाबाट वादीले दिलाई भराई पाउने नै हुने ।

तसर्थ, विवेचित आधार र कारणबाट संरक्षक आमा माण्डवीदेवी वादी भएको अंश मुद्दाबाट आफ्नो भाग अंश छुट्याई नलिउन्जेलसम्मको अवधिको लागि नाबालक ओमकार लोनिया र अभिशेष लोनियाले प्रतिमहिना जनही रू.१०००।– का दरले जम्मा रू.२०००।– पालन पोषणबापतको खर्च दिलाई भराई दिने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।६।२४ को फैसला केही उल्टी भइ नाबालक वादीहरूको पालनपोषण, शिक्षा, दिक्षा, औषधोपचारसमेत संरक्षक आमा स्वयम्ले नै गरेको देखिन आएकोले वादीहरूले साबालक भई अंश प्राप्त नगरेसम्म प्रतिसन्तान मासिक रू.२०००।– का दरले जम्मा रू.४०००।- चार हजारको दरले पालन पोषण खर्च प्रतिवादीमध्ये बाबु रोहितप्रसादबाट दिलाई भराई दिने ठहर्छ भन्ने सुरू नवलपरासी जिल्ला अदालतको मिति ०६८।८।२८ को फैसला सदर हुने ।

इजलास अधिकृतः शिवप्रसाद आचार्य

इति संवत् २०७५साल वैशाख ३१ गते रोज २ शुभम् ।

यसै लगाउको ०७३-CR-१६७४, जालसाजी, *माण्डवी देवी लोनिया वि. राधेश्याम लोनियासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७१-CR-१४०१, जबरजस्ती करणी, *राजेन्द्र न्यौपाने वि. नेपाल सरकार*

फौजदारी अभियोगमा वस्तुनिष्ठ प्रमाणहरूको महत्त्वपूर्ण स्थान हुन्छ । प्रत्यक्ष प्रमाणको अभावमा अभियोग पुष्टि गर्न मालाकार रूपमा तथ्यलाई पुष्टि गर्ने परिस्थितिजन्य प्रमाणहरूको आवश्यकता पर्दछ । कल्पना र अनुमानमा आधारित बकपत्रलाई मात्र प्रमाणमा लिनु प्रमाण कानूनको मान्य सिद्धान्तसमेतको विपरीत हुन जान्छ । जबरजस्ती करणीको वारदात स्थापित हुनको लागि पीडितको विश्वसनीय भनाईको साथसाथै शारीरिक परीक्षण प्रतिवेदन र विशेषज्ञको बकपत्रको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । निज पीडित भनिएकी महिलाको उमेर र निजको जीवनशैली वा कामको प्रकृतिलाई हेर्दा निजको कन्याजाली च्यातिनुलाई करणीकै अन्जाम हो भनी किटान गर्नु स्वाभाविक हुँदैन । निज पीडित भनिएकी म्याग्दी ओ ले कोदो रोप्न जाँदा राजेन्द्रले मलाई सुताएको होइन, उपल्लो गरामा होला खै थाहा भएन भनी संरक्षक जाहेरवाला म्याग्दी क्युको रोहबरमा पुनरावेदन अदालत, बागलुङमा बकपत्र गरेको देखिने ।

प्रतिवादी र पीडितको बीचमा दुस्मनी रहेकोले प्रतिवादीलाई फसाउन खोजिएको हो भनी वादीका साक्षी वस्तुस्थिति मुचुल्का कागज गर्ने धर्मराज सुवेदीले बकपत्र

गरिदिएको देखिन्छ । म्याग्दी पी ले भनेको आधारमा जाहेरी दिएको हुँ भनी जाहेरवाली म्याग्दी क्यूले अदालतमा बकपत्र गरेको देखिन्छ । राजेन्द्र न्यौपानेसँग पूर्वरिसइवी भएको कारण फसाउन वा प्रसस्त पैसा झार्न भनी यो जाहेरी दिएका हुन्, जाहेरी झुट्टा हो, वास्तवमा यो करणी वारदात निजले गरेको पनि होइन, घटना घटेको पनि होइन भनी प्रतिवादीका साक्षीहरू दिनेश खत्री, मनिषा खत्री, पुष्कर भण्डारी, प्रेमबहादुर खत्री, मनबहादुर भण्डारीले अदालतमा बकपत्र गरेको देखिने ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफू घटनास्थलमा नभई घरमै रहेको भन्ने बयान दिए तापनि घटनास्थल नजिक रहेका रविन हर्मेलले कागज गर्दा यी प्रतिवादीलाई घटनास्थलबाट भाग्दै गरेको देखेको हुँ भनी उल्लेख गरेको र अदालतमा समेत उपस्थित भई बकपत्र गरेको, म्याग्दी पी ले समेत निज प्रतिवादीलाई घटनास्थलमा माथिल्लो गराको कान्लामा पीडितलाई सुताएको देखेको भनी अदालतमा समेत बकपत्र गरेकोबाट निज प्रतिवादी वारदात स्थलमा नभएको र निजले पीडितलाई केही पनि नगरेको भन्ने जिकिर खण्डित हुन आउँछ । यी प्रतिवादीको शारीरिक परीक्षणमा No evidence suggestive of forceful sexual intercourse भन्ने देखिएबाट करणी गर्न नभ्याएको भन्ने निष्कर्षमा पुगे पनि यी प्रतिवादी घटनास्थलमा रहेको र करणी गर्ने मनसायले यी पीडितलाई हात समाई अर्को बारीमा लगी करणी गर्ने प्रयत्न गरेकोसम्म उपर्युक्त घटनाक्रम तथा साक्षीहरूको बयान तथा बकपत्रबाट पुष्टि हुन आउने ।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादी राजेन्द्र न्यौपानेले पीडित भनिएकी म्याग्दी ओ लाई जबरजस्ती करणी गरेको हो भन्ने पीडित र प्रतिवादीको समेत शारीरिक परीक्षणबाट शङ्कारहित रूपमा पुष्टि नभएको, चस्मदिद गवाह नभएको, करणी गरेको भन्ने अन्य परिस्थितिजन्य प्रमाणबाट शङ्कारहित तवरबाट प्रमाणित नभएको भए तापनि पीडितको साथै खेतमा काम गर्न गएकी म्याग्दी पी ले किटानीसाथ यी प्रतिवादीले पीडितलाई माथिल्लो गराको कान्लामा सुताएको देखेको र आफूले एक थप्पड हानेपछि यी प्रतिवादी डहरतिर भागेको भनी अदालतसमक्ष आई बकपत्र गरेबाट यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्ने प्रयाससम्म गरेको अवस्था देखिन आएको हुँदा प्रतिवादी राजेन्द्र न्यौपानेलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम निजलाई ५ (पाँच) वर्ष कैद सजाय र ऐ. को ३क. नं. बमोजिम थप ५ वर्ष कैद सजाय हुने भई जम्मा १० वर्ष कैद सजाय हुने र ऐ. को १० र १०ग नं. बमोजिम पीडिता म्याग्दी ओ ले प्रतिवादी राजेन्द्र न्यौपानेबाट रू.५०,०००।– (पचास हजार) क्षतिपूर्ति भराई लिन पाउने ठहऱ्याई सुरू म्याग्दी जिल्ला अदालतबाट मिति २०७१।७।२७ मा फैसला भएको सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, बागलुङबाट भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी राजेन्द्र न्यौपानेलाई मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. बमोजिम जबरजस्ती करणीमा हुने सजायको आधी २ वर्ष ६ महिना कैदको सजाय हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम् ।

इजलास नं. १६

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री तेजबहादुर के.सी., ०७४-WH-०१०५, बन्दीप्रत्यक्षीकरण, *वीरबहादुर तामाङ वि. सर्वोच्च अदालत, रामशाहपथसमेत*

निवेदकको नाउँको म्याद तामेल गर्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको ११०(१) को प्रक्रिया पूरा गरी म्यादवाला घरमा नभएको र एकाघरको जहानले बुझ्न नमानेकोले निजको घरको दैलोमा सबैले देख्ने गरी साक्षीहरूको रोहबरमा टाँस गरी सो म्यादको एकप्रति गा.वि.स.को कार्यालयमा बुझाई सो गा.वि.स.का सचिवलाई समेत रोहबरमा राखी सहिछाप गराई म्याद तामेलीको प्रक्रिया पूरा गरेको देखियो । निवेदक मिति २०५३।१।१० देखि नै उक्त स्थानबाट बसाई सराई गरी काभ्रेपलाञ्चोक

जिल्ला बनेपा नगरपालिका वडा नं.११ मा निजको वतन आई स्थायी बसोबास गरी आएको भने तापनि निजको नागरिकतामा निजको वतन काभ्रेपलाञ्चोक जिल्ला शंखुपाटी चौर गा.वि.स. वडा नं.५ भन्ने भई सोही वतन अभियोग पत्रमा लेखिएको तथा सुरू अदालतबाट जारी भएको म्यादमा समेत सोही वतन नै उल्लेख गरिएकोमा साक्षी एवम् गा.वि.स. सचिवको रोहबरमा म्याद तामेल भई आएको देखिँदा रीतपूर्वक म्याद तामेल भएन भन्ने निवेदकको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

निवेदकका नाउँमा सुरू काठमाडौं जिल्ला अदालतबाट रीतपूर्वक म्याद तामेल भई आएको र उक्त तामेल भई आएको म्यादभित्र यी निवेदक हाजिर नभई सुरू म्याद नै गुजारी बसेको अवस्थामा सुरू अदालतबाट सुनुवाइ प्रक्रिया प्रारम्भ भई उक्त ठगी र सरकारी छाप दस्तखत किर्ते मुद्दामा निजलाई मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम १।०।० (एक वर्ष) कैद र रू.१०,७०,१८५।७३ (दश लाख सत्तरी हजार एकसय पचासी रूपैयाँ त्रिहत्तर पैसा) जरिवाना हुने र ऐ. ऐनको किर्ते कागजको १२ नं. बमोजिम १।०।० (एक वर्ष) कैद र रू. ५०।- (पचास रूपैयाँ) जरिवाना हुने ठहरी जम्मा २।०।० (दुई वर्ष) कैद र रू.१०,७०,२३५।७३ जरिवाना हुने ठहरी फैसला भएको देखिन्छ। सो फैसला पुनरावेदन अदालतमा पुनरावेदन परेकोमा केही उल्टी भई निज प्रतिवादीलाई १।०।० (एक वर्ष कैद र रू.१०,००,०००।- (दश लाख रूपैयाँ) जरिवाना हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६०।११।२६ गते फैसला भएकोमा उक्त फैसला सदर हुने ठहरी मिति २०६६।५।१५ गते यस अदालतबाट फैसला भई अन्तिम भएको देखिने।

तसर्थ, निवेदकको नाउँमा जारी भएको म्याद रीतपूर्वक तामेल भएको देखिएको, सबुद प्रमाणको मूल्याङ्कन गरी अदालतको विभिन्न तहबाट अन्तिम फैसला भएपछि फैसला कार्यान्वयनको क्रममा पक्राउ गरी सुरू काठमाडौं जिल्ला अदालतबाट कैद म्याद ठेकी कानूनबमोजिम कारागार कार्यालयमा थुनामा राख्न दिएको कैदी पुर्जीमा कानूनी त्रुटि नदेखिएको अवस्थामा यस अदालतको असाधारण अधिकार क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कोशलेश्वर झवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल असार ८ गते रोज ६ शुभम्।

इजलास नं. १७

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७०-WO-०१८६, उत्प्रेषण / परमादेश, *लेखनाथ तामाङसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत*

निवेदकहरू नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अन्तर्गत स्वास्थ्य सेवाको छैठौं तहमा कार्यरत कर्मचारी रहेको र ऐनले सातौं तहमा स्तरवृद्धिको लागि तोकेको आवश्यक सेवा अवधि, कार्यसम्पादनको स्तर र दुर्गम क्षेत्रको अनुभवलगायतको सबै आधारहरू पूरा गरेकोले सातौं तहमा स्तरवृद्धि हुनुपर्ने भन्ने जिकिर लिएको देखिन्छ। ३ वर्ष सेवा अवधि पूरा गरेका र ३ वर्षको कार्य सम्पादनमा उत्तम अङ्क प्राप्त गरी २ वर्ष दुर्गम वा १ वर्ष अति दुर्गम क्षेत्रमा काम गरिसकेको छैठौं तहका कर्मचारीहरूलाई सातौं तहमा स्तरवृद्धि गरिने भन्ने नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(२) को तत्कालीन कानूनी व्यवस्था तथा संवत् २०५४ साल जेठ १४ गतेपछि तह मिलान भई हाल छैठौं अधिकृत तहमा कार्यरत कर्मचारीलाई सातौं तहमा स्तरवृद्धि गरिनेछ भन्ने सोही ऐनमा मिति २०६३।८।२२ मा भएको तेस्रो संशोधनबाट लागू भएको दफा ९(७ख) को कानूनी व्यवस्थाको आधारमा स्तरवृद्धि हुनुपर्ने जिकिरसहित निवेदकहरूको निवेदन दायर भएको देखिन्छ। उल्लिखित दुवै कानूनी व्यवस्थाहरू मिति २०६९।१२।२९ बाट लागू भएको नेपाल स्वास्थ्य अध्यादेश, २०६९ तथा मिति २०७०।१२।१२ बाट लागू भएको नेपाल स्वास्थ्य सेवा ऐनको चौथो संशोधनबाट संशोधित भइसकेको देखिँदा संशोधनपूर्वको कानूनी व्यवस्था निवेदकहरूको हकमा आकर्षित हुन सक्ने नदेखिने।

अत: निवेदकहरूले दाबी गरेअनुसार नेपाल स्वास्थ्य सेवाको सातौं तहमा स्तरवृद्धिको लागि आवश्यक पर्ने भनी नेपाल स्वास्थ्य (चौथो संशोधन २०७०) ऐन, २०५३ ले निर्धारण गरेको योग्यता र आधारहरू निवेदकहरूको हकमा पूरा भएको नदेखिई निवेदकहरूको निवेदन दाबी पुग्न नसक्ने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : मनकुमारी जि.एम.वि.क.

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल जेठ ३ गते रोज ५ शुभम्।

- यसै प्रकृतिको ०७०-WO-०१६०, उत्प्रेषण / परमादेश, *देवरत्न महर्जनसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

इजलास नं. १८

१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७०-WO-०६४३, उत्प्रेषण, *मिथलेश सिंह वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

नेपाल सरकारलाई नेपाली नागरिकताको प्रमाण रद्द गर्ने अधिकार रहेकोमा त्यस्तो अधिकार नेपाल सरकारले पनि प्रत्यायोजन गर्न मिल्ने नदेखिँदा गृहमन्त्रीलाई नेपाली नागरिकबाट हटाउने अधिकार निरपेक्ष रूपमा रहे भएको भन्न मिल्ने अवस्था देखिन नआउने।

कानून व्याख्याको सिद्धान्तले कानूनको व्यवस्था स्पष्ट भएसम्म जे छ सोही शाब्दिक रूपमा नै व्याख्या गर्नुपर्ने हुँदा नेपाल सरकारले गर्ने भनी कानूनले तोकेको कार्यमा उसैले निर्णय गर्नुपर्दछ। कानूनले नै प्रत्यायोजन गर्न रोक लगाएको अधिकार प्रत्यायोजन भएपनि त्यसरी प्रत्यायोजित अधिकारबाट भएको निर्णयले पनि कानूनी मान्यता पाउन नसक्ने।

राष्ट्रियतासँग जोडिएर आएको विषयवस्तु र गाम्भीर्यलाई विचार गरी सो विषयमा आवश्यक छानबिन गरी न्यायोचित निष्कर्षमा पुग्न सक्ने बाटो सरकारलाई रहे भएको अवस्थामा अझ पनि सरकारले नागरिकता ऐन, २०६३ को दफा १४(१) र २० को अधिकार प्रयोग गरी निवेदकको नागरिकतासम्बन्धी विषयमा निर्णय गर्न सक्ने नै देखिन्छ। तसर्थ, सरकारले कानूनले तोकेको अधिकार प्रयोग गरी कानूनसम्मत निर्णय नगरिसकेको अवस्थामा निवेदकले प्राप्त गरेको नागरिकतालाई अदालतले सदर वा बदर गर्नु सान्दर्भिक नरहने हुनाले त्यस्तो विषयलाई विवादको विषयवस्तु बनाई निष्कर्षमा पुग्नु अधिकार क्षेत्रात्मक त्रुटिको दृष्टिकोणले मनासिब नदेखिने।

तसर्थ, विवेचित तथ्य, कानून, प्रतिपादित सिद्धान्तको आधारमा निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र बदर गर्न सिफारिस गर्ने गरेको जिल्ला प्रशासन कार्यालय, सिरहाको सिफारिसको आधारमा नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) र २० बमोजिम नेपाली नागरिकताबाट हटाउने गृहमन्त्रीको मिति २०६९।१२।२५ को निर्णय र सो निर्णयलाई सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।८।१७ गतेको फैसलाले अधिकार क्षेत्रको त्रुटि गरी अधिकार क्षेत्र ग्रहण गरी गैरकानूनी निर्णयलाई सदर गरेको निर्णय कायम हुन नसक्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब जो जे बुझ्नुपर्छ बुझी नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) र २० को प्रक्रिया अवलम्बन गरी मिथलेश सिंहको नागरिकता सम्बन्धमा पुन: निर्णय गर्नु भनी सोको जानकारी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय सिरहालाई दिने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७४ साल पुस २० गते रोज ५ शुभम्।

- यसै लगाउको ०७२-CR-०५०५, नेपाली नागरिकताको प्रमाण पत्र रद्द गर्नेसम्बन्धी, *मिथलेश सिंह वि. प्रमोदकुमार यादव*

२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७४-CR-००३७, गैंडा मारी खाग बिक्री व्यवसाय गरेको, *नेपाल सरकार वि. रविकुमार श्रेष्ठ*

मौकामा पक्राउ परेका गणेश तामाङसमेतका प्रतिवादीहरूले राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र अनुमतिबिना

प्रवेश गरी गैंडा मारी सोको खागसमेत बिक्री वितरण र व्यवसाय गर्नको लागि प्रतिवादी राजेन्द्र मानन्धरसँग सम्पर्क भई निजै राजेन्द्र मानन्धरले यी प्रतिवादी रवि भन्ने रविकुमार श्रेष्ठलाई कामदार लैजान भनी गाडी माग गरेको देखिएको र उक्त गाडी उपलब्ध गराउने काम यी प्रतिवादीले गरेको देखिन्छ । तर गैंडाको चोरी शिकारी तथा खाग ओसार पसार गर्नको लागि गाडी खोजिदिएको भन्ने कुरा कहिँकतैबाट पुष्टि प्रमाणित हुन आएको देखिँदैन । चिनजानको परिचित व्यक्तिले एउटा उद्देश्यको लागि सहयोग मागेकोमा कामदार लैजानको लागि गाडी खोजिदिनु पर्‍यो भनेबाट सोही प्रयोजनको लागि गाडी खोजी दिएकोमा प्रयोगकर्ताले गलत तरिकाले प्रयोग गरेको अवस्थामा गाडी खोजी दिनेले सम्पूर्ण दायित्व वहन गर्नुपर्छ भनी पूर्ण दायित्व वहन गराउनु न्यायसङ्गत हुन आउँदैन । तर अन्य प्रतिवादीले सोही गाडी प्रयोग गरी गैंडाको खाग सोही गाडीमा राखी काठमाडौं लगी बिक्री गरिएको भन्ने देखिन आएबाट यी प्रतिवादी रवि भन्ने रविकुमार श्रेष्ठले उक्त गैंडाको खाग बिक्री तथा ओसार पसार गर्नैको निमित्त उक्त गाडी उपलब्ध गराएको भन्ने नदेखिए तापनि निजले उपलब्ध गराएको गाडीमा सो गैंडाको खाग ओसारपसार भएको देखिएबाट निजले गरेको उक्त कसुरको मात्राअनुसार गैंडाको खाग बिक्री वितरण र ओसारपसारमा निजको प्रत्यक्ष तथा पूर्णतः संलग्नता रहेको भन्ने देखिन नआउने ।

समान स्थितिका अभियुक्तहरूलाई समान अपराधको लागि बेग्लाबेग्लै किसिमले फरकफरक सजाय तोक्नु वा अपराधको मात्राअनुसार सजाय नतोकी फरकफरक आपराधिक दायित्वलाई समान सजाय तोकिनु पनि न्यायोचित हुँदैन । अपराधको गाम्भीर्य र सो कार्यमा निर्वाह गरेको भूमिकाका आधारमा सजायको निर्धारण गरिनु न्यायोचित हुने ।

प्रतिवादी रविकुमार श्रेष्ठले जानीजानी थाहा पाई गैंडाकै खाग गाडीमा राखी लैजानको लागि गाडी खोजिदिएको भन्ने कुरा मिसिल संलग्न तथ्यगत प्रमाणहरूबाट पुष्टि हुन आएको देखिँदैन भने गैंडाको खागको व्यापार गर्ने कुरामा निजको यो, यस्तो संलग्नता रहे भएको र निजले सोका लागि निर्वाह गरेको भूमिकासमेत केही देखिँदैन । मिसिल संलग्न प्रमाणहरूबाट निजको भूमिकाको सम्बन्धमा कहीँकतैबाट खुल्न नआएको र निजले कुनै आर्थिक लाभ हासिल गरेको वा संगठित रूपले उक्त वारदातमा संलग्न रहेको कुरा प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार विवादरहित तवरले प्रमाणित हुन आएको नदेखिँदा केवल गाडी भाडा लगाउने व्यवसाय गरिरहेकोमा कामदार लैजानको लागि गाडी उपलब्ध गराएकै आधारमा मात्र गैंडाको खाग ओसारपसारमा संलग्न रहेको भनी मान्न मिल्ने देखिँदैन । शङ्का र अनुमानकै भरमा गैंडाको खाग ओसारपसार गर्नकै लागि गाडी उपलब्ध गराएको भनी भन्न मिल्ने नदेखिएकोले उच्च अदालत, पाटन, हेटौंडा इजलासबाट उक्त मिति २०७३।१२।२२ मा भएको फैसला मिलेकै देखिन आएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ विवेचित आधार प्रमाणबाट प्रतिवादी रवि भन्ने रविकुमार श्रेष्ठलाई १०वर्ष कैद र ७५ हजार जरिवाना गरेको हदसम्मको सुरू फैसलालाई केही उल्टी गरी निज प्रतिवादी रविकुमार श्रेष्ठलाई निजको कसुरसँग जोडिएको भारका आधारमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१)बमोजिम रू.१,००,०००।- (एक लाख) जरिवाना हुने भनी उच्च अदालत, पाटन, हेटौंडा इजलासबाट मिति २०७३।१२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

शाखा अधिकृतः सुरथप्रसाद तिमल्सेना

इति संवत् २०७४ साल चैत ६ गते रोज ३ शुभम् ।

३

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-CR-१०७७, डाँका, *नेपाल सरकार वि. सुब्बा मगरसमेत*

जाहेरी दरखास्तको बेहोरा स्वयम् जाहेरवाला र वारदात भएको भनिएकै होटेलमा बस्ने प्रत्यक्षदर्शी भनिएका व्यक्तिबाहेक अन्य कुनै प्रमाणहरूबाट समर्थित हुन आएको देखिन आउँदैन । जाहेरी दरखास्तमा चाउचाउ, बिस्कुट, फोन, घडी, मोबाइल, मुगाको मालाजस्ता चिजवस्तु र सुन, नगदसमेतका धनमाल यी प्रतिवादीहरूले समेत

भई हातहतियारसमेत देखाई डाँका गरी लिई गएको भनी बेहोरा उल्लेख गरेकोमा हातहतियार र डाँका गऱ्यो भनिएका कुनै पनि सामान, दशी वा धनमाल यी पुनरावेदक प्रतिवादीहरूका सँगसाथबाट बरामद हुन सकेको देखिँदैन। यसरी डाँका गरिएको र डाँका गर्न प्रयोग गरिएको भनिएका हातहतियारलगायतका कुनै पनि सामानहरू यी प्रत्यर्थी / प्रतिवादीहरूबाट बरामद नभएको अवस्थामा डाँका भएको वा यी प्रतिवादीहरूबाट नै डाँका भएको भन्ने तथ्य नि:सन्देह पुष्टि हुन सकेको नपाइने।

प्रतिवादीहरू मोटरसाइकलमा आएको र सो मोटरसाइकल बरामद भएको भनिए पनि उक्त मोटरसाइकल यी प्रतिवादीहरूको साथबाट बरामद भएको देखिँदैन । उक्त मोटरसाइकल दोलखा जिल्ला, लाकुरी डाँडा गा.वि.स. वडा नं.८ स्थित जलजले गाउँतर्फ जाने कच्ची सडकमा बेवारिसे अवस्थामा फेला परेको र सो मोटरसाइकल बा.४४ प २२८२ नं. को भएको भन्ने बरामदी मुचुल्काबाट देखिन आउँछ। उक्त मोटरसाइकल यी प्रतिवादीहरूले नै प्रयोग गरेको मोटरसाइकल हो अर्थात् सोही मोटरसाइकलमा गएका मानिसहरूले नै डाँका गरेको हो भन्ने कहींकँतैबाट खुल्न आएको नपाइने।

जाहेरी बेहोरा आफैँमा कुनै स्वतन्त्र प्रमाण होइन । यसका माध्यमबाट वारदातको सम्बन्धमा सूचना प्राप्त गरी अनुसन्धान कार्य अगाडि बढाइने भएकोले यो अनुसन्धानको एक आधारसम्म हो। जाहेरी दरखास्तको बेहोरा अन्य स्वतन्त्र तथा वस्तुगत प्रमाणहरूबाट पुष्टि हुनुपर्ने हुन्छ । अन्यथा जाहेरीमा उल्लेख गरेको कुरा र जाहेरीकर्ताले आफ्नो जाहेरी बेहोराको समर्थनमा अनुसन्धानमा र अदालतमा लेखाएको कुराहरूको प्रामाणिक महत्त्व रहन सक्ने देखिँदैन । यसैगरी कुनै पनि फौजदारी कसुरमा अभियुक्तउपर लागेको अभियोगलाई पुष्टि हुने पक्षले प्रमाणहरू संकलन गरी अदालतमा पेस गर्न सक्नु पर्दछ। वस्तुनिष्ठ, ठोस र प्रत्यक्ष प्रमाणको अभावमा शङ्काकै भरले कसैलाई पनि कसुरदार ठहऱ्याउँदै जाने हो भने फौज्दारी न्याय सिद्धान्तको मर्मविपरीत हुन जाने।

जाहेरवालाहरू र प्रत्यक्षदर्शी भनिएका व्यक्तिहरू स्वयंले प्रतिवादीहरूलाई चिने जानेको भन्ने निजहरूको जाहेरी दरखास्त र बकपत्र बेहोराबाट देखिन आएको छैन। निजहरूले नाम थाहा भएको भनी लेखाएका सुब्बा मगरको नाम पनि निजहरूले अरूले बोलाएको सुनी थाहा पाएको भनी लेखाएको पाइन्छ । अन्य मौकामा कागज गर्ने व्यक्तिहरूले केबल वारदात भएको सुनेको मात्र भनी अदालत र अनुसन्धानको क्रममा भएको कागजमा लेखाइदिएको देखिँदा केबल सुनेर लेखाएको भनाइका आधारमा मात्र यी प्रतिवादीहरूलाई दोषी ठहर गर्न मिल्ने देखिँदैन। त्यसैले प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

अतः विवेचित आधार, कारण तथा प्रमाणहरूबाट वादी नेपाल सरकारले यी पुनरावेदक प्रतिवादीहरूले नै डाँका गरी धनमाल लिए खाएको हो भन्ने वस्तुनिष्ठ एवम् विश्वसनीय प्रमाण प्रस्तुत गरी अभियोग दाबी प्रमाणित गराउन सकेको अवस्था नहुँदा केबल जाहेरी बेहोराको आधारमा मात्र यी पुनरावेदक प्रतिवादीहरूलाई दोषी ठहर गर्न नसकिने भएकोले प्रतिवादीहरू रिजन भन्ने मानबहादुर पाख्रिन र सुब्बा मगरलाई मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम डाँकाको कसुरमा सजाय गर्ने ठहऱ्याई भएको सुरू दोलखा जिल्ला अदालतको मिति २०७१।०३।१७ को फैसला उल्टी गरी निज पुनरावेदक / प्रतिवादीहरू रिजन भन्ने मानबहादुर पाख्रिन र सुब्बा मगरले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।११।२६ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल मङ्सिर १० गते रोज १ शुभम्।

४

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७३-CI-१६५६, हर हिसाब गराई रकम बुझ्न लगाई रोक्का जग्गा फुकुवा गरिपाउँ, *दीपक श्रेष्ठ वि. सन्जुकुमार थापा*

वादीले सहकारीलाई गरिदिएको दृष्टिबन्धक तमसुकको पेट बोलीको बेहोरामा विनोद गुरूङसँगको हिसाब मिलान गर्ने भन्ने उल्लेख छ। यो बेहोराले पूर्णबहादुर

गुरूङले नै उक्त रकम लिएको र निजले नै तिर्नुपर्ने गरी रकम लिएको पनि देखिन्न । पूर्णबहादुर गुरूङले सहकारी वा अन्य कुनै संस्था वा व्यक्तिसँग लिएको रकम तिरीदिन भनी यी निवेदकले सहकारीबाट उक्त रकम लिएपछि प्रस्तुत रकमको सम्बन्धमा पूर्णबहादुर गुरूङसँग यी वादीको बेग्लै व्यवहार लिखत आदि भएको भए सोहीबमोजिम हुने नै हुँदा प्रस्तुत दृष्टिबन्धक तमसुक निवेदकले जेसुकै बेहोरा उल्लेख गरेर लिए पनि सोको दायित्वबारे बेहोरा सम्बन्धित व्यक्तिको मन्जुरी सोही लिखतमा उल्लेख नभएको अवस्थामा कानूनतः सोको दायित्व लिखत गरिदिने व्यक्ति अर्थात् यी निवेदककै हुने तथ्यमा कुनै द्विविधा रहन जाँदैन । उक्त दृष्टिबन्धक तमसुकको अधिकांश रकम यी वादीले नै सहकारीलाई तिरिसकेको तथ्यले पनि सो लिखतको दायित्वलाई आफूले प्रारम्भबाट नै स्वीकार गरिसकेको देखिँदा अब उक्त रकम उनाउ व्यक्तिको व्यवहार मिलाउन लिएकोले सो तिर्ने दायित्व निजैको हो, सोबाट मेरो जग्गा रोक्का हुनुपर्ने होइन भन्ने दाबीको कुनै औचित्य नै नदेखिने ।

विनोद गुरूङले लिएको ऋणका हकमा यी वादी आफूले हिसाब मिलान गर्न नगद लिएको भन्नेसम्म दृष्टिबन्धक लिखतमा बेहोरा उल्लेख भएको तर दायित्व लिई कुनै कागज गरेको नदेखिएको, आफूले लिएको कर्जा रकम तिर्नु बुझाउनु यी वादीको दायित्व भएकोमा उक्त रकम तिर्न बुझाउन यी वादी तयार नै रहेको देखिन्छ । सुरू मिसिल संलग्न कर्जा प्रमाणित लेजरको फोटोकपीबाट यी वादी सन्जुकुमार थापाले रू.३२,८७७।- मात्र संस्थालाई तिर्न बुझाउन बाँकी रहेको देखिएको र यी वादीसँग संस्थाले अरू रकम लिन बाँकी रहेको भन्ने मिसिल संलग्न प्रमाण कागजबाट नदेखिने ।

अतः विवेचित आधार प्रमाणबाट वादीले प्रतिवादी ऋण सहकारी संस्थाबाट कर्जा लिएकोमध्ये वादीले मिति २०६५।६।२२ सम्म प्रतिवादी सहकारी संस्थालाई रू.३२,८७७।- तिर्न बुझाउन बाँकी रहेको भन्ने देखिएबाट सो रकम र सो रकमको हालसम्मको संस्थाको नियमानुसार तिर्न बुझाउन पर्ने रकमसमेत वादीले प्रतिवादी सहकारी संस्थामा बुझाई हिसाब मिलान गरे उक्त कर्जामा प्रतिवादी संस्थाले रोक्का राखेको वादीको जग्गा निज वादीले फुकुवा गरी लिन पाउने ठहऱ्याएको सुरूको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७२।१।७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल फागुन १० गते रोज ५ शुभम् ।

एकल इजलास

१

मा.न्या.श्री दीपककुमार कार्की, ०७४-WH-००८२, बन्दीप्रत्यक्षीकरण, *अनुपचन्द सेठियासमेत वि. उच्च अदालत, विराटनगरसमेत*

निवेदक / प्रतिवादीहरूलाई मोरङ जिल्ला अदालतबाट मुद्दा पुर्पक्षका लागि प्रमाण मूल्याङ्कनको आधारमा मुलुकी ऐन, अ.बं.११८ को देहाय २ बमोजिम थुनामा राखेकोमा उच्च अदालत, विराटनगरबाट सो आदेश सदर भएको देखिन्छ । निवेदक प्रतिवादीहरू कसुरदार हुन् वा होइनन् ठगी मुद्दामा निर्णय हुँदा मूल्याङ्कन र विश्लेषण गर्ने विषय हो जुन प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनबाट निरूपण हुन सक्ने अवस्था हुँदैन । कानूनबमोजिम साधिकार अदालतको आदेशबमोजिम थुनामा राखिएकोलाई गैरकानूनी थुनामा राखेको भनी मान्न मिल्दैन । सो प्रक्रियाअनुसार सुनुवाइ हुन नसकेको कुनै तथ्ययुक्त आधार र कारण निवेदकले खुलाउन सकेको पनि नदेखिने ।

निवेदकहरूले उल्लेख गरेका तथ्यहरू यथार्थपरक र वस्तुगत हुन् भनी विश्वास गर्न सकिने आधार पनि निवेदनमा उल्लेख गर्न सकेको पाइएन । यस दृष्टिले हेर्दासमेत निवेदकहरू उचित तवरले सही कानूनी मार्गबाट अदालतमा प्रवेश गर्न आएको भन्ने देखिएन । निवेदन बेहोरासहित प्रस्तुत हुन आएका तथ्यगत सन्दर्भमा विचार गर्दा निवेदक सफा हात लिई अदालतमा प्रवेश गरेको भनी विश्वास गर्न सकिने अवस्था देखिएन । तसर्थ विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्नुपर्ने

प्रयोजन र औचित्य देखिन नआउने।

अतः माथि उल्लिखित आधार र कारणबाट विपक्षीहरूले गरे बिराएजस्तो अवस्था (Prima facie case) नदेखिएको र बन्दी गैरकानूनी थुनामा राखेको भन्ने नै नदेखिँदा सर्वोच्च अदालत, नियमावली, २०७४ को नियम ३४ को उपनियम (४) बमोजिम विपक्षीहरूबाट लिखित जवाफ झिकाइरहनु पर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कोशलेश्वर झवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत १५ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७३-WO-११४१, उत्प्रेषण, *मौनेसा खातुनसमेत वि. दुलहनिया देवी अहिरसमेत*

हक बेहकबारे निर्णय भइसकेपछि सोही मुद्दाको जरियामा रहेका चल वा अचल सम्पत्तिको हक कुनै किसिमबाट हस्तान्तरण गरिएको भएमा मुद्दाका पक्षले बेहोरा खुलाई निवेदन गर्न आएमा सोही मिसिलबाट कारबाही किनारा गर्न बाधा हुने नदेखिने।

बिक्री भएको जग्गामा यी वादी निवेदनको अंशहक पाएको जग्गा होइन भनी भन्न नसकेको बन्डा हुनुपर्ने नै जग्गा निजका पति शम्भु राहुत अहिरले निजको अंशहक मेट्ने गरी अन्तिम फैसला भएपश्चात् केही जग्गा र केही जग्गा बन्डा छुट्याउने कार्य बाँकी रहेको अवस्थामा बिक्री गरेको देखिएको भनी "बन्डा मुचुल्कामा पाएको तर्फबाट दर्ता बदर गरी वादी यी निवेदकको नाउँमा दर्ता गरी दिनु भनी मालपोत कार्यालयमा लेखी पठाई नियमानुसार गर्नु" भन्ने मिति २०७३।१।३१ को आदेश र सोउपर अ.बं. १७ नं. बमोजिम परेको निवेदनमा "मिति २०७३।३।३ को निवेदनमा भएको आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहनु नपर्ने" भनी मिति २०७३।८।१६ मा उच्च अदालत, जनकपुर, अस्थायी इजलास वीरगञ्जबाट समेत भएको आदेशलाई अन्यथा मान्न मिलेन। बन्डा नहुनुपर्ने जग्गा बन्डा गर्ने गरी आदेश निर्णय भएको भनी प्रश्न पनि नउठाइएको, कारोबार गरी सम्पत्ति लिनेदिने व्यक्तिलाई म्याद जारी गरी बुझ्दै नबुझिएको भन्ने जिकिर लिएको पनि नदेखिने।

फैसला कार्यान्वयनमा जाँदा विवादको सम्पत्ति मुद्दाको सम्बन्धित पक्षको नाममा कायम नरही अन्य व्यक्तिको नाममा हक हस्तान्तरण भई तेस्रो पक्षको अधिकार सिर्जना भइसकेको कारणले फैसला कार्यान्वयन हुन नसक्ने अवस्था सिर्जना भएमा सो हक हस्तान्तरणलाई बदर गराउन पुनः फिराद गर्नुपर्दा मुद्दाका पक्षलाई एउटै विवादको सम्पत्तिको विषयमा पटकपटक मुद्दा गरिरहन पर्ने अवस्था भई हैरानी हुने भएकोले यस्तो समस्या समाधानका लागि फैसला कार्यान्वयनको तहमा नै सो सम्बन्धमा मुद्दाका पक्षले निवेदन दिन सक्ने तथा सोका लागि छुट्टै फिराद गरिरहनु नपरी निवेदनका माध्यमबाट सम्बन्धित पक्षले उपचार पाउन सक्ने अवस्था रहेको हुने।

हक बेहक गरी कानून प्रदत्त अधिकार हनन् भएको भए त्यस्ता निर्णय वा आदेशउपर पुनरावेदन तहमा पुनरावेदन गर्न जाने हक सुरक्षित रही नै रहनेमा सो अवस्थाविपरीत जिल्ला अदालत, नियमावली, २०५२ को नियम ७८क बमोजिम भएको निर्णय आदेशउपर पुनरावेदन तहबाट समेत सदर भएपश्चात् आफूले गरेको क्रियाकलापबाट नोक्सानी नै भएको भए पनि सम्बन्धित कानूनी व्यवस्था र प्रक्रियाविपरीत हकबेहक स्थापित गर्न नसकिने देखी रिट क्षेत्र प्रयोग गरी आएको प्रस्तुत रिट निवेदन प्रारम्भिक रूपमा नै औचित्यपूर्ण नदेखिएको हुँदा विपक्षीहरूसँग लिखित जवाफ मगाइरहनु पर्ने अवस्थासमेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।